# कार्यक्रम कार्यान्वयन कार्यविधि,२०८२

## राष्ट्रिय वन संरक्षण तथा व्यवस्थापन कार्यक्रम, वातावरण संरक्षण तथा शहरी वन कार्यक्रम र भू तथा जलाधार संरक्षण कार्यक्रम

मिति २०८२/०६/०९ को माननीय मन्त्रीस्तरीय निर्णयबाट स्वीकृत

बागमती प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
हेटौंडा, नेपाल

मा. भरत बहादुर के.सी.
मन्त्री

बागमती प्रदेश सरकार

वन तथा वातावरण मन्त्रालय

हेटौंडा, मकवानपुर, नेपाल

# विषयसुची


प्रस्तावना ........ vi

कार्यविधि तयारीको उद्देश्य ........ vi

कार्यक्रम कार्यान्वयनको समष्टिगत मार्गदर्शन ........ vi

आर्थिक तथा वित्तीय मार्गदर्शन ........ vi

स्थान निर्धारण प्रकृया ........ vii

खर्च प्रकृया ........ vii

कार्यान्वयन मार्गदर्शन ........ vii

संक्षिप्त नाम र प्रारम्भ ........ ix

परिभाषा ........ ix


## राष्ट्रिय वन संरक्षण तथा व्यवस्थापन तर्फको कार्यक्रमहरु


१. सामुदायिक/कबुलियती वन समूह गठन, वन हस्तान्तरण तथा सामुदायिक वन कार्ययोजना नविकरण ....... १

२. कबुलियती वन समूहको विधान तथा कार्ययोजना पुनरावलोकन ........ २

३. बैठक/गोष्ठी संचालन ........ ३

४. वन व्यवस्थापन/लेखा र माईन्यूट लेखन कोचिङ/तालिम/अध्ययन भ्रमण/थिनिङ(वन संवर्धन कृयाकलापहरु)
४

५. सामुदायिक वनमा थिनिङ कार्यको लागि सहयोग ........ ५

६. दिगो वन व्यवस्थापन सम्बन्धी उपभोक्ता स्तरमा सरोकारवाला निकायहरुमा फिल्डलेवलमा गोष्ठि सञ्चालन. ६

७. मानव वन्यजन्तु द्वन्द न्युनिकरणका लागि बैकल्पिक खेती अन्तर्गत उपयुक्त प्रजाति रोपण (बाँस खरिद तथा रोपण ) ६

८. वनमा रहेका ढलापडा, सुखड खडा र जोखिममा परेका वनपैदावार संकलन तथा व्यवस्थापन ........ ७

९. वन पैदावारमा आधारित उद्यम विकास ........ ७

१०. विगतमा वृक्षारोपण भएको क्षेत्रमा पुनर्रोपण, गोडमेल, घेरावार तथा मर्मत सम्भार ........ ८

११. अनुसन्धान अधिकृतका लागि मुद्दा अनुसन्धान/तहकिकात तथा दायरी खर्च (प्रतिमुद्दा बढीमा रु १० हजार)
८

१२. वन/वन्यजन्तु, जैविक विविधता तथा वातावरण संरक्षण संबन्धि प्रचार प्रसार ........ ८

१३. वन गस्ती परिचालन संबन्धि ........ ९

१४. बरामदी वन पैदावार तथा मालवस्तुको ढुवानी ........ १०

१५. सेवा करार मार्फत जनशक्ति परिचालन ........ १०

१६. बादर लगायतका वन्यजन्तुबाट हुने कृषिबाली क्षतिको न्यूनिकरण विशेष कार्यक्रम ........................ ११
१७. वन गस्ती गर्ने कर्मचारीको लागि फिल्ड गियर (जुत्ता, बर्षादी, लाईट रिफ्लाक्टर ज्याकेट) तथा व्यक्तिगत सुरक्षा सामाग्री (मास्क, पंजा, हेलमेट)खरिद तथा वितरण ........................ ११
१८. कार्यक्रम सचालन खर्च ........................ ११
१९. सामुदायिक वनको अनुगमन गरी प्रतिवेदन तयारी र प्रकाशन ........................ ११
२०. वकपत्रका लागि अदालतमा हाजिर हुने व्यक्तिका लागी अदालतसम्म आते जाते तथा खाना खर्च ........................ १२
२१. जिल्ला वन पैदावार आपूर्ती समिति गठन तथा सचालन ........................ १२
२२. जडिबुटी एवम गैहकाष्ठ वन पैदावार विकास बोर्ड गठन तथा संचालन ........................ १२
२३. पुरस्कार संवन्धि ........................ १२
२४. हैसियत बिग्रेको वन क्षेत्रमा पुनरोत्पादन प्रवर्द्धन तथा संरक्षण ........................ १३
२५. गरिबीको रेखा मुनी रहेका कबुलियती वन समूहलाई सामाजिक तथा प्राविधिक सहयोग ........................ १४
२६. कबुलियती वन विकास तथा प्रवर्द्धन कार्यक्रम ........................ १४
२७. चेपाङ,चिउरी र चमेरो संरक्षण कार्यक्रम ........................ १४
२८. धादिङ जिल्लाको उत्तरी क्षेत्रमा रहेको गणेश हिमाल प्रवर्दन कार्यक्रम ........................ १५
२९. आ.ब. २०७९/०८० मा कार्यान्वयन भई भुक्तानी हुन बाँकी क्रियाकलापहरूको भुक्तानी गर्ने ........................ १५
३०. वन श्रमिकहरूको सामुहिक बिमा खर्च ........................ १५
३१. घाइते तथा टुहुरा वन्यजन्तु उद्धार तथा व्यवस्थापन संवन्धि ........................ १५
३२. वन अतिक्रमण नियन्त्रण ........................ १६
३३. वन विज्ञान अध्ययन संस्थान अन्तर्गत हेटौंडामा रहेको म्युजियमको स्तरोन्नति ........................ १६
३४. फिल्डस्तरमा हुनसक्ने जोखिमका लागि तत्काल उद्धार खर्च ........................ १६
३५. पुरानो लौठसल्लाको जिन (आनुवंशिक गुण) संरक्षण कार्यक्रम बेथानचोक ४ ........................ १६
३६. खोटेसल्ला/पाटेसल्ला/गोब्रेसल्ला/हिल साल आदिको Demonstration plot स्थापना र संचालन ........................ १७
३७. वृद्धिमापन प्लट स्थापना तथा सचालन ........................ १७
३८. क.ब.उ.स. मा जीविकोपार्जन सुधार कार्यक्रम ........................ १७
३९. कबुलियती वनको अनुगमन गरी प्रतिवेदन तयारी र प्रकाशन ........................ १७
४०. सल्लाको वनलाई चौडापाते वनमा रुपान्तरण ........................ १७
४१. बुढानिलकण्ठ नगरपालिका भित्रका ठूला रुखहरूको तथ्याङ्क संकलन तथा अभिलेख व्यवस्थापन ........................ १८
४२. दिगो वन व्यवस्थापन तथा कार्ययोजना तयारी र कार्यान्वयन ........................ १८
४३. सामुदायिक वन स्रोत तथा सुचना केन्द्र निर्माण भुटनदेवी सामुदायिक वन उपभोक्ता समुह, हेटौंडा १०, मकवानपुर ........................ १८

४४. सामुदायिक वन सम्बन्धी पाठ्यक्रम तयारी तथा प्रकाशन ....................................................१८

४५. भिमफेदीस्थित हात्तिसार संग्रहालय संचालन खर्च ....................................................१९

४६. वन डढेलो नियन्त्रण तथा व्यवस्थापनका ड्रोन खरिद ....................................................१९

४७. कवुलियती वन सदस्यहरुको करेसाबारीमा तरकारिको बिउबिजन बितरण कार्यक्रम (२०० घरधुरीलाई)..१९

४८. सामुदायिक वन व्यवस्थापन गरी काठ/दाउरा उत्पादन ....................................................१९

४९. स्नात्तकोत्तर तहमा अध्ययनरत विद्यार्थीहरुबाट वन/वातावरण विषयसँग सम्बन्धित मन्त्रालयले तोकेका विषयमा अध्ययन अनुसन्धानका लागि Research Grant ....................................................१९

५०. वन विज्ञान विषयमा स्नात्तक तह अन्तिम वर्षमा अध्ययनरत विद्यार्थीहरुका लागि इन्टर्नशिप ....................२०

५१. वन सम्वर्द्धन कार्य समूह गठन तथा सञ्चालन ....................................................२०

५२. सामुदायिक वनमा साल, सिसौ, सल्ला, बाझ लगायतको वृद्दि मापन प्लट निर्माण**Error! Bookmark not defined.**

५३. पुरानो बहुवर्षिय बिरुवा स्याहार तथा संरक्षण ....................................................२०

५४. गल्लाङ क्षेत्रमा डढेलोले क्षतिग्रस्त वन क्षेत्र व्यवस्थापन ....................................................२०

५५. डिभिजन वन कार्यालयको अघिल्लो आवको वार्षिक प्रगती पुस्तिका प्रकाशन (समग्र वन क्षेत्रको वस्तुस्थिती झल्कने गरी) ....................................................२१

५६. वन बिउ स्टयान्ड स्थापना, संचालन तथा व्यवस्थापन ....................................................२१

५७. काठ सिजनिङ्ग प्लान्ट स्थापना/मर्मत तथा सञ्चालन ....................................................२२


## वातावरण संरक्षण तथा शहरी वन व्यवस्थापन तर्फका कार्यक्रम


५८. मेशिनरी औजार खरिद/वितरण/कार्यसञ्चालन ....................................................२६

५९. नर्सरी निर्माण/मर्मत/सुधार/स्तरोन्नती ....................................................२६

६०. निजी नर्सरी प्रवर्द्धनको लागि सेड हाउस निर्माण ....................................................२६

६१. विरुवा उत्पादन/मौज्दात बिरुवा संरक्षण ....................................................२७

६२. बिरुवा खरिद/खेति बिस्तार/वृक्षारोपण ....................................................२८

६३. जडिबुटी खेति बिस्तार ....................................................२९

६४. सामुदायिक विद्यालयमा हरियाली प्रवर्द्धन कार्यक्रम ....................................................३०

६५. पार्क/पर्यापर्यटन/वन वाटिका/पदमार्ग स्तरोन्नती ....................................................३०

६६. पोखरी निर्माण/ताल/सिमसार संरक्षण तथा व्यवस्थापन ....................................................३४

६७. वन्यजन्तु संरक्षण/वासस्थान संरक्षण तथा व्यवस्थापन ....................................................३५

६८. जोखिमयुक्त रुखहरु व्यवस्थापन ....................................................३६

६९. तालिम/गोष्ठी/बैठक/सेमिनार ....................................................३६

७०. बनस्पति प्रजाती संरक्षण कार्यक्रम ........................................ ३७

७१. ईको क्लव गठन तथा सञ्चालन ........................................ ३८

७२. सरसफाई ........................................ ३८

७३. अनुगमन तथा निरीक्षण ........................................ ३९

७४. बन डडेलो नियन्त्रण तथा व्यवस्थापन योजना कार्यान्वयन ........................................ ४०

७५. एक जिल्ला एक वडा प्लाष्टिक मुक्त अभियान ........................................ ४१

७६. कृषि वन विकास कार्यक्रम ........................................ ४१

७७. दिवस तथा समारोह ........................................ ४१

७८. माईकिनिया/मिचाहा प्रजाति व्यवस्थापन ........................................ ४२

७९. तारबार/मेसजाली/घेराबारा ........................................ ४२

८०. बनदेवी बरण्डाभार मध्यवर्ती सामुदायिक बनलाई बीस हजारी ताल संग्राहलय संरक्षण तथा स्तरोन्नती भरतपुर ९ चितवन ........................................ ४२

८१. शहरी बन व्यवस्थापन कार्यक्रम ........................................ ४२

८२. जैविक मल बनाउने मेसिन राख्ने टहरा/संरचना निर्माण, श्री बागेश्वरी अध्यात्मिक परिसर (योगी नरहरीनाथ गौसंरक्षण केन्द्र, भरतपुर महानगरपालिका १ ........................................ ४३

८३. वन क्षेत्रको पात सङ्कलन गरी मल बनाउने ........................................ ४३

८४. पतकर सङ्कलन गर्ने स्थानीय समुदायलाई आर्थिक सहायता ........................................ ४३

८५. मानव वन्यजन्तुबाट भएको मानविय क्षतिको Quick Response हुने गरी Community Based Anti Poaching Unit (CBAPU) गठन र परिचालन ........................................ ४३

८६. देववृक्ष (वर, पिपल र समि ) संरक्षण तथा व्यवस्थापन ........................................ ४३

८७. सोलार ईन्भर्टर मर्मत खर्च ........................................ ४४

८८. बैकल्पिक उर्जा प्रवर्द्धन कार्यक्रम ........................................ ४४

८९. निजि, कबुलियती बन, खोरिया फडानी र भू-संरक्षणका दृष्टिले संवेदनशील क्षेत्रलाई कृषिबनमा रुपान्तरणको लागि अमृसो रोपण ........................................ ४४

९०. प्लाष्टिकको पुन: प्रयोगबाट Bio gas, Bricks, fertilizer र CNG gas निर्माण अनुदान ........................................ ४४

९१. बन, वातावरण तथा जैविक विविधता सम्बन्धी ऐन, नियमावली, मापदण्ड तथा कार्यविधि छपाई र वितरण ४४

९२. अनुगमन तथा निरीक्षणका क्रममा संकलित नमुनाको परीक्षण खर्च ........................................ ४४

९३. प्रचारप्रसार कार्यक्रम ........................................ ४५

९४. डिभिजन बन कार्यालयको परिसरमा रहेका पुरानो काठहरुको लगयार्ड निर्माण सहित व्यवस्थापन ........................................ ४५

९५. जडिबुटी भण्डारण श्रोत केन्द्र ........................................ ४५

९६. सिमपानी देवकोटमा रहेको आमाघरमा काठको घर निर्माण ........................ ४५

९७. प्राकृतिकरुपमा पाइने जडिबुटीको संरक्षण तथा प्राकृतिक पुनरुत्पादन व्यवस्थापन........................ ४५

९८. बुद्धचित्त प्रवर्द्धन कार्यक्रम लिसङ्खुपाखर २ सिन्धुपाल्चोक ........................ ४५

९९. इच्छाकामना, कालिका र भरतपुर वडा नं. १, ३ २९ मा भएका बनसम्बन्धी नमूना कामहरुको भिडियो चित्र बनाउने कार्य........................ ४५

## भू तथा जलाधार संरक्षण कार्यक्रम

१००. कम खर्चिलो भू–संरक्षण प्रविधि प्रयोग गरी पहिरो उपचार कार्यक्रम ........................ ४६

१०१. बायोइन्जिनियरिङ खोला किनार संरक्षण कार्यक्रम........................ ४६

१०२. उपजलाधार केन्द्रित सहभागितात्मक एकीकृत जलाधार व्यवस्थापन कार्यक्रम कार्यविधि........................ ४६

१०३. आकस्मिक विपद व्यवस्थापन तथा प्राकृतिक प्रकोप न्यूनीकरण कार्यक्रम (तारजाली खरिद तथा वितरण समेत) ४७

१०४. पहिरो तथा गल्छी उपचार कार्यक्रम कार्यान्वयन........................ ४९

१०५. खहरे नियन्त्रण कार्यक्रम कार्यान्वयन कार्यविधि........................ ४९

१०६. भू उत्पादकत्व संरक्षण, खेतबारी संरक्षण तथा भूमी पुनरुत्थान कार्यक्रम ........................ ४९

१०७. स्थान विशेष भू–संरक्षण कार्यक्रम कार्यान्वयन कार्यविधि........................ ५१

१०८. त्रिशुली नदी कटान नियन्त्रण, कुरिनटार खैरेनीटार बस्ति संरक्षण, ईच्छाकामना ४ चितवन........................ ५१

१०९. रणनीति/ऐन/नियमावली/कार्यविधि/अध्ययन तथा अनुसन्धान कार्य ........................ ५२

## प्रस्तावना

बागमती प्रदेश सरकार वन तथा वातावरण मन्त्रालय तथा मातहतका निकायहरुको आर्थिक वर्ष २०८२/८३ को लागि स्वीकृत वार्षिक कार्यक्रम अनुसार राष्ट्रिय वन संरक्षण तथा व्यवस्थापन, वातावरण संरक्षण तथा शहरी वन र भू तथा जलाधार संरक्षण कार्यक्रमहरु कार्यान्वयन गर्न बागमती प्रदेशको विनियोजन ऐन, २०८२ को दफा ११ को उपदफा(२) बमोजिम वन तथा वातावरण मन्त्रालयले यो कार्यविधि बनाई जारी गरेको छ ।

## कार्यविधि तयारीको उद्देश्य

यस कार्यविधि तयारीको उद्देश्यहरु निम्न बमोजिम रहेको छ ।

- सञ्चालन हुने कार्यक्रमहरु तथा क्रियाकलापहरुको पृष्ठभूमि र उद्देश्यहरु स्पष्ट पार्ने
- कार्यक्रम तथा क्रियाकलापहरु सञ्चालन गर्दा बजेट खर्च गर्न सकिने मुख्य मुख्य क्रियाकलाप तथा गतिविधिहरु प्रष्ट गर्ने।
- कार्यक्रम सञ्चालनमा कार्यविधिगत प्रकृया निर्दिष्ट गर्ने।
- कार्यक्रम संचालनको लागि विनियोजित बजेट खर्च गर्ने आधार निर्दिष्ट गर्ने।
- कार्यक्रम संचालन र सम्पन्न भएको सूचक तथा उपलब्धिहरु सुनिश्चित गर्ने ।
- अनुगमन तथा मुल्यांकन गर्न र लेखा परिक्षणमा सहजता ल्याउने।
- सरल तथा सहज तरिकाबाट सेवाप्रवाह गर्ने।

## कार्यक्रम कार्यान्वयनको समष्ठिगत मार्गदर्शन

### आर्थिक तथा वित्तीय मार्गदर्शन

- स्वीकृत वार्षिक कार्यक्रममा कामको प्रकृति, स्थान, परिमाण र विनियोजित बजेटको परिधि भित्र रही कार्यान्वयन गर्नुपर्नेछ ।
- कार्यक्रम सञ्चालन गर्दा बागमती प्रदेश आर्थिक मामिला तथा योजना मन्त्रालयबाट आर्थिक वर्ष २०८२/०८३ को विनियोजित बजेट तथा कार्यक्रम कार्यान्वयन मार्गदर्शन; आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन-२०७६ एवं नियमावली, २०७७; सार्वजनिक खरिद ऐन-२०६३ एवं सार्वजनिक खरिद नियमावली-२०६४; प्रदेश सार्वजनिक खरिद नियमावली-२०८०; प्रदेश खर्चको मापदण्ड २०७८; बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शन लगायत अन्य प्रचलित कानुन बमोजिम कार्य गर्न गराउन पर्नेछ ।
- कार्यक्रमहरुको लागि स्वीकृत बजेट खर्च गर्दा स्वीकृत नर्म्स, सम्बन्धित जिल्ला वा स्थानीय तहको स्वीकृत दररेट, कार्यक्रम संचालन निर्देशिका, मार्गदर्शन र कार्यविधि अनुरुप लागत अनुमान तयार गर्नुपर्नेछ ।



बागमती प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
हेटौंडा, नेपाल
सचिव

- एउटै प्रकृतिका सामानहरु खरिद गर्दा/गराउँदा सार्वजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ मा भएको व्यवस्था अनुसार उपयुक्त प्याकेज बनाई बोलपत्रका माध्यमबाट प्रतिस्पर्धाको लाभ उठाउने गरी खरिद कार्य गर्नु/गराउनु पर्नेछ ।
- कार्यक्रम सञ्चालन गर्दा जैविक विविधता संरक्षण, मानव वन्यजन्तु द्वन्द्व न्यूनिकरण, स्थानीय समुदायको आयआर्जनमा टेवा पुग्ने र वातावरणीय दृष्टिकोणले सकारात्मक प्रभाव पर्ने कार्यलाई एकीकृत रुपमा सञ्चालन गर्नुपर्नेछ ।
- कार्यक्रम सञ्चालन गर्दा कार्यक्रमको प्रभावकारिता वृद्दिका लागि आवश्यक देखिएमा क्रियाकलाप नदोहोरिने गरी स्पष्ट लागत इष्टमेट बनाएर प्रचलित कानुन बमोजिम बाह्य सहयोगि संस्थाहरुसँग सहकार्य गर्न सकिनेछ ।

स्थान निर्धारण प्रकृया

- कार्यक्रममा नै स्थान तोकिएको भएमा सोही बमोजिम र अन्यथा आवश्यकता र सम्वेदनशिलताको आधारमा स्थान पहिचान र निर्धारण गर्नुपर्नेछ ।
- मानव बस्ती, खेतीयोग्य जमीन वा अन्य पूर्वाधारलाई उच्च जोखिम भएका क्षेत्रको संरक्षणका लागि प्राथमिकता दिनुपर्नेछ ।
- स्थान निर्धारण नभएका कार्यक्रमहरुको स्थान निर्धारण गर्दा प्राविधिक स्थलगत निरीक्षण, सवडिभिजन वन कार्यालय, स्थानीय तह, प्रदेश सभा सदस्य तथा सरोकारवालहरुको राय सिफारिस, समन्वय/सहकार्यलाई आधारमानी स्थान छनौट गर्नुपर्नेछ ।

खर्च प्रकृया

- कार्यालयले खर्च भुक्तानीका आधारहरु र चरणहरु निर्धारण गरी सोही बमोजिम व्यवस्था गर्नुपर्नेछ ।
- निर्धारित आधार तथा चरणहरुको आधारमा भुक्तानी गर्दा खर्च शिर्षक अनुसार स्वीकृत नक्सा, डिजाईन, कार्यसूची, कार्ययोजना, प्रस्ताव, सम्झौता तथा लागत अनुमान अनुसार सम्पुर्ण कार्य सम्पन्न हुने सुनिश्चितता भएमा मात्र कार्यसम्पन्न प्रतिवेदनको स्वीकृति तथा जिन्सी दाखिला प्रतिवेदनको आधारमा गर्नुपर्नेछ ।
- कार्यक्रम सञ्चालन गर्ने व्यक्ति/समूह/संस्था/समिति/कम्पनिले कार्यक्रम सञ्चालन पूर्वका-कार्यान्वय चरणका-सम्पन्न पश्चातका फोटोहरु, विल, भरपाई, माईन्युट लगायत अन्य कागज प्रमाण संलग्न रहेको प्रतिवेदन सहितको निवेदन भुक्तानिका लागि पेश गर्नुपर्नेछ ।
- आर्थिक प्रशासन शाखाले आधार, प्रमाण, प्रतिवेदन सहितका सबै कागजातको आधारमा भुक्तानीको लागि पेश गर्नुपर्नेछ ।

कार्यान्वयन मार्गदर्शन

- कार्यक्रम तथा बजेटका सम्बन्धमा जिल्ला वन क्षेत्र समन्वय समितिको बैठक मार्फत जिल्ला स्तरमा सरोकारवालाहरुलाई जानकारी गराउनु पर्नेछ ।

- कार्यालयमा कार्यक्रम तथा बजेट संचालन प्रकृया बारेमा कार्यालयका कर्मचारीहरु तथा सरोकारवालाहरुसंग छलफल गर्नुपर्नेछ ।
- उपयुक्त र सम्बन्धित कर्मचारीलाई जिम्मेवारी दिई कार्यक्रम संचालनको व्यवस्था गर्नुपर्नेछ ।
- प्रत्येक कार्यक्रमको लागत अनुमान तयारी तथा स्वीकृत गरी संचालन गर्नुपर्नेछ ।
- योजनाको प्रभावकारिताका लागि स्थानीय तह र सम्बन्धित प्रदेश सभा निर्वाचन क्षेत्र भित्रका निर्वाचित/समानुपातिक सभासदज्यूहरु समेतको समन्वयमा कार्यान्वयन गर्नुपर्नेछ ।
- कार्यक्रम सम्पन्न भए पश्चात कार्यक्रमको प्रकृति हेरी कार्यक्रम संचालन पूर्व र पश्चात सम्बन्धी तस्विरहरु सहितको कार्य सम्पन्न प्रगति प्रतिवेदन तयार गरि संलग्न गर्नुपर्नेछ ।
- कार्यक्रमको मूल उद्देश्य अनुरुप परिमाण सहितको उपलब्धि हासिल हुने सुनिश्चित गरी संचालन गर्नुपर्दछ । सेवा, वस्तु तथा परामर्श खरिद कार्य प्रचलित सार्वजनिक खरिद प्रकृया अनुसार गर्नुपर्नेछ ।
- कार्यविधिमा उल्लेख नभएको तर उस्तै प्रकृतिका कार्यक्रम भएमा सोही प्रकृतिको कार्यक्रम बमोजिम गर्न सकिनेछ ।
- यो कार्यविधिले नसमेटेको तर बन तथा भू संरक्षण बिभागको स्वीकृत कार्यविधिमा उल्लेख भएका क्रियाकलापहरु सोही बमोजिम सञ्चालन गर्न सकिनेछ ।
- अध्ययन, अनुसन्धान गरिने क्रियाकलापहरुका लागि सम्बन्धित विषय विशेषज्ञहरुको सहयोगमा कार्य क्षेत्रगत शर्त (Terms of Reference) र लागत अनुमान तयार गरी स्वीकृत गरी गराई संघ तथा प्रदेशको प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावलीमा भएको प्रावधान अनुसार गर्नुपर्दछ ।
- यस कार्यविधिमा एउटै प्रकृतिका कृयाकलापहरुलाई एकिकृत गरी कार्यविधि तयार गरिएको छ र सोही बमोजिम प्रयोग गर्नुपर्नेछ ।
- कुनै कार्यक्रम संशोधन गर्नु परेमा सम्बन्धित वडा/पालिकाको सिफारिस र सम्बन्धित प्रदेशसभा सदस्यको सिफारिस संलग्न राखि कार्यालय प्रमुखको राय सहितको टिप्पणी बन निर्देशनालय मार्फत मन्त्रालयमा पेश गर्नुपर्नेछ ।
- कार्यक्रमहरु कार्यान्वयन गर्दा आवश्यक्ता, औचित्यता तथा प्रभावकारिताको आधारमा सार्वजनिक खरिद ऐनमा व्यवस्था भए बमोजिम खरिद प्रकृयामा विविधिकरण गर्नुपर्नेछ ।
- कर्मचारीहरु मार्फत अमानतमा गरिनु पर्ने प्राविधिक कार्यक्रमहरु जस्तैः नर्सरी निर्माण तथा बिरुवा उत्पादन बाहेकका दश लाख रुपैया भन्दा बढी रकम विनियोजन भएका बिकास आयोजनाहरुको हकमा प्रदेश विनियोजन ऐन २०८२ लगायत अन्य प्रचलित कानूनको अधिनमा रही गुणस्तर र पारदर्शिता सुनिश्चित हुने गरी प्रतिस्पर्धात्मक खरिद प्रक्रियाका माध्यमबाट मात्र कार्यान्वयन गर्नुपर्नेछ ।

बागमती प्रदेश सरकार
बन तथा वातावरण मन्त्रालय
हेटौडा, नेपाल



प्रदेश सचिव

- कुनै कारणबाट विवाद उत्पन्न भै प्रतिस्पर्धात्मक आधारमा योजना कार्यान्वयन हुन नसक्ने अवस्था सिर्जना भएमा कार्यालय प्रमुखले संघिय तथा प्रदेश आर्थिक ऐन नियमावलीको अधिनमा रहि आवश्यक समन्वय गरी कार्यान्वयन गर्न सक्नेछ ।

- उपभोक्ता समूह/समिति मार्फत कार्यक्रम कार्यान्वयन गर्दा १०% रकम जनश्रमदान बापत व्यहोर्नु पर्नेछ ।

- वनजन्य तथा फलफुलको बिरुवा खरीद गर्दा उच्च गुणस्तरको बहुवर्षिय बिरुवा मात्र खरीद गर्नुपर्नेछ । बिरुवा लैजाने व्यक्तिको मोबाईल फोन नम्बर सहितको रजिस्टर बनाई विवरण राख्नुपर्नेछ ।

- बृक्षारोपण, बिरुवा खरिद तथा वितरण, आकस्मिक प्रकोप व्यवस्थापन बाहेकका कार्यक्रमहरुको चौथो त्रैमासिकको जेष्ठ मसान्त भित्र सम्झौता गरी सक्नु पर्नेछ ।

- कार्यक्रमहरु कार्यान्वयन गर्ने क्रममा कुनै समस्या उत्पन्न भई कार्यविधिमा थप वा संशोधन गर्नुपर्ने भएमा थप /संशोधनका विषय समेटी तीन महले तालिका सहित मन्त्रालयमा पेश गर्नुपर्नेछ । यसरी पेश हुन आएका थप/संशोधनका विषयमा मन्त्रालयले औचित्यताको आधारमा संशोधनाको प्रकृया अगाडि बढाउन सक्नेछ ।

- सम्पादित कार्यक्रम तथा निर्माण गरिएका संरचनाहरुको दीर्घकालिन संरक्षण तथा मर्मतसम्भारको व्यवस्था गर्नुपर्नेछ । यसका लागि उपभोक्ता समितिलाई जिम्मेवार बनाउनु पर्नेछ ।

**संक्षिप्त नाम र प्रारम्भ**

१. यो कार्यविधिको नाम कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२ रहेको छ ।

२. यो कार्यविधि मन्त्रालयबाट स्वीकृत भएको मिति देखि लागू हुनेछ ।

**परिभाषा**

विषय वा प्रसँगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क. "कार्यविधि" भन्नाले वन तथा वातावरण मन्त्रालयको स्वीकृत वार्षिक कार्यक्रम कार्यान्वयन गर्नको लागि वन तथा वातावरण मन्त्रालयबाट स्वीकृत कार्यविधि, २०८२ लाई सम्झनुपर्छ ।

ख. "मन्त्रालय" भन्नाले बागमती प्रदेश सरकार, वन तथा वातावरण मन्त्रालयलाई सम्झनुपर्छ ।

ग. "निर्देशनालय" भन्नाले वन निर्देशनालय सम्झनुपर्छ ।

घ. "सम्बन्धित निकाय" भन्नाले मन्त्रालयद्वारा कार्यक्रम सञ्चालन तथा कार्यान्वयन गर्न तोकिएको निकायलाई सम्झनुपर्छ ।

ङ. "महाशाखा" भन्नाले वन तथा वातावरण मन्त्रालयको महाशाखा सम्झनुपर्छ ।

च. "कार्यालय" भन्नाले वन तथा वातावरण मन्त्रालय अन्तर्गत स्थापना भएका खर्च गर्ने अख्तियारी प्राप्त विषयगत कार्यालयहरु सम्झनुपर्छ।

छ. "स्थानीय तह" भन्नाले कार्यक्रम कार्यान्वयन हुने स्थानको महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका वा गाउँपालिका सम्झनुपर्छ।

ज. "वन समूह" भन्नाले सामुदायिक वन उपभोक्ता समूह वा कबुलियती वन समूह वा धार्मिक वन समूह सम्झनुपर्छ ।

झ. "उपभोक्ता समिति" भन्नाले मन्त्रालय मातहतका निकायबाट कार्यक्रम कार्यान्वयन गर्न गठन भएको समिती सम्झनुपर्छ ।

बागमती प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
हेटौंडा, नेपाल

## राष्ट्रिय वन तथा व्यवस्थापन कार्यक्रम

### १. सामुदायिक/कबुलियती वन समूह गठन, वन हस्तान्तरण तथा सामुदायिक वन कार्ययोजना नविकरण

बागमती प्रदेश सरकार वन तथा वातावरण मन्त्रालयको मिति २०८२/०४/२० को निर्णय(माननीय मन्त्रीस्तर) बाट बागमती प्रदेशमा रहेका करिब १८०० सामुदायिक वनको वन कार्य योजना नविकरण हुन बाँकि रहेको र यसबाट वन क्षेत्रबाट राष्ट्रिय तथा प्रादेशिक संवृद्धिमा पुग्न सक्ने योगदानमा ह्रास आउन सक्ने संभावनालाई मध्यनजर गर्दै चालू आर्थिक वर्ष २०८२/८३ भित्र नविकरण हुन बाँकि सबै सामुदायिक बनको कार्ययोजना नविकरण गरी सक्ने उद्देश्य निर्धारण गरिएकोले सबै डिभिजन वन कार्यालयहरुले आर्थिक वर्ष २०८१/८२ को आषाढ मसान्तसम्म म्याद समाप्त भएका सामुदायिक वनलाई उच्च प्राथमिकता दिने र आर्थिक वर्ष २०८२/८३ को आषाढ मसान्तसम्म म्याद समाप्त हुने सामुदायिक वनहरुको अवस्था विश्लेषण गरी स्तरीकरण गर्ने र सोहि आधारमा सामुदायिक बनको समेत कार्ययोजना नविकरण गर्ने गराउने सम्बन्धमा देहाय बमोजिम गर्नु गराउनु पर्नेछ ।

१. संवन्धित सामुदायिक वन उपभोक्ता समुहको कोषमा कार्ययोजना नविकरण/पुनरावलोकनको लागि आवश्यक रकम मौज्दात रहेको अवस्थामा सो रकमबाट कार्ययोजना नविकरण/पुनरावलोकनको कार्य गर्ने गराउने ।
२. आर्थिक वर्ष २०८२/८३ मा सामुदायिक बनको नविकरण/पुनरावलोकन कृयाकलापमा विनियोजन भएको बजेटबाट प्रिन्टिङ, बाइन्डिङ, इन्धन, खाजा/खाना तथा वन/वन स्रोत सर्भेक्षण जस्ता कृयाकलापमा मात्र खर्च गर्ने र बाँकि कार्यको लागि कार्यालयको जनशक्ति प्रयोग गर्ने ।
३. १० हेक्टरसम्मको संरक्षणमुखी सामुदायिक बनको कार्ययोजना नविकरण/पुनरावलोकन गर्न अधिकतम रु. ५ हजार खर्च गर्ने । यस्ता सामुदायिक बनको कार्ययोजना नविकरण/पुनरावलोकन गर्दा सामुदायिक बनको मार्गदर्शन, २०८१ को बुँदा नं. ६.४ बमोजिम संक्षिप्त कार्ययोजना बनाइ स्वीकृत गरी कार्यान्वयन गर्ने गराउने ।
४. ५० हेक्टरसम्मको संरक्षणमुखी सामुदायिक बनको कार्ययोजना नविकरण/पुनरावलोकन गर्न अधिकतम रु. १० हजार खर्च गर्ने । यस्ता सामुदायिक बनको कार्ययोजना नविकरण/पुनरावलोकन गर्दा सामुदायिक बनको मार्गदर्शन, २०८१ को बुँदा नं. ६.४ बमोजिम संक्षिप्त कार्ययोजना बनाइ स्वीकृत गरी कार्यान्वयन गर्ने गराउने ।
५. ५० हेक्टर भन्दा बढी क्षेत्रफल भएका संरक्षणमुखी सामुदायिक बनको कार्ययोजना नविकरण/पुनरावलोकन गर्न समूहको लागत साझेदारीमा अधिकतम रु. ३० हजार खर्च गर्ने । जसमध्ये प्रदेश सरकारले अधिकतम रु १५ हजार खर्च गर्न सकनेछ ।
६. २०० हेक्टर भन्दा बढी क्षेत्रफल भएका संरक्षणमुखी सामुदायिक बनको कार्ययोजना नविकरण/पुनरावलोकन गर्न अधिकतम रु. ३० हजार खर्च गर्ने ।

बागमती प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
हेटौंडा, नेपाल

प्रदेश सचिव

७. सामुदायिक बनको कार्ययोजना नविकरण गर्दा नजिकका सामुदायिक बन उपभोक्ता समुहसँग Sisterhood सम्बन्ध कायम गरी श्रोत सम्पन्न धनि सामुदायिक बनले नजिकका गरिब सामुदायिक बनलाई आर्थिक सहयोग उपलब्ध गराउन सक्नेछन् ।

८. बन संवर्द्धन प्रणालीमा आधारित उत्पादनसिल बन व्यवस्थापन गर्ने सामुदायिक बन उपभोक्ता समुहले आफ्नै कोषको रकम प्रयोग गरी कार्ययोजना तयार गर्ने र बन संवर्द्धन प्रणालीमा आधारित उत्पादनसिल बन व्यवस्थापन गर्ने चाहना भएका तर आफ्नो कोषमा रकम नभएका सामुदायिक बन उपभोक्ता समुहले यहि शिर्षकमा विनियोजन भएको रकम खर्च गरी बन संवर्द्धन प्रणालीमा आधारित दिगो बन व्यवस्थापन कार्ययोजना तयारी/नविकरण/पुनरावलोकन गर्ने गराउने ।

९. कुनै आयोजना/परियोजना/दातृ निकायबाट सामुदायिक बन कार्ययोजना नविकरण/पुनरावलोकनको लागि बजेट विनियोजन भै आएमा स्वीकृत नर्मस अनुसार लागत अनुमान स्वीकृत गरी सोही बमोजिम वा आयोजना/परियोजना/दातृ निकायको स्वीकृत कार्यविधि बमोजिम हुनेछ ।

**यस अन्तर्गत देहायका कृयाकलाप रहेका छन् ।**

- सामुदायिक बन कार्ययोजना पुनरावलोकन (समुह तथा सरकारको संयुक्त योगदान) (सामुदायिक बनको कार्ययोजना पुनरावलोकन )
- सामुदायिक बनको विधान तथा कार्ययोजना नविकरण
- सामुदायिक बन कार्ययोजना पुनरावलोकन (समुह तथा सरकारको संयुक्त योगदान)
- कबुलियती बन समूहको विधान, कार्ययोजना तयारी(जीविकोपार्जन सुधार योजना समेत )
- सामुदायिक बन कार्ययोजना पुनरावलोकन
- सा ब को दिगो बन सम्वर्द्धन प्रणालीमा आधारित दिगो बन व्यवस्थापन कार्ययोजना तयारी तथा कार्यान्वयन
- बन सम्वर्द्धन प्रणालीमा आधारित दिगो बन व्यवस्थापन कार्ययोजना निर्माण र कार्यान्वयन
- सामुदायिक बनको कार्ययोजना पुनरावलोकन
- सामुदायिक बन समुह दर्ता तथा हस्तान्तरण
- सामुदायिक बन समुह दर्ता, विधान तयारी (नयाँ समुह)
- नयाँ सामुदायिक बन कार्ययोजना तयारी (नयाँ समुह)

**२.कबुलियती बन समूहको विधान तथा कार्ययोजना पुनरावलोकन**

अवधि पुगि सकेका र कबुलियती बन समूहले पुनरावलोकनको लागि माग गरेका विधान, कार्ययोजना तथा जीविकोपार्जन सुधार योजना पुनरावलोकन गर्न यस शीर्षकको रकम खर्च गर्न सकिनेछ । यस शीर्षकको रकम सर्भे तथा नक्साङ्कन, विधान, कार्ययोजना तथा जीविकोपार्जन सुधार योजना तयारी, प्रिन्टीङ तथा बाईन्डिङ्गमा खर्च गर्न सकिनेछ ।

- कबुलियती बन समूहको विधान तथा कार्ययोजना पुनरावलोकन



सचिव

बागमती प्रदेश सरकार
बन तथा वातावरण मन्त्रालय
हेटौडा, नेपाल

- कबुलियती वन समूहको विधान तथा कार्ययोजना पुनरावलोकन (जीविकोपार्जन सुधार योजना समेत-मध्यवर्ती क्षेत्रमा समेत-एउटै क्लष्टरमा)

३. बैठक/गोष्ठी संचालन

जिल्लाको वन-वन्यजन्तु जैविक विविधताको संरक्षण एवं व्यवस्थापनमा समन्वय, सहकार्य र सहयोग आदान प्रदानको लागि विभिन्न बैठक/गोष्ठी संचालन संचालन गर्ने प्रयोजनको लागि यी कृयाकलापहरु स्वीकृत बार्षिक कार्यक्रममा समावेश गरिएको छ । यी शीर्षकमा विनियोजन भएको रकम प्रदेश खर्चको मापदण्ड, २०७८ बमोजिम लागत अनुमान स्वीकृत गराई रकम बैठक भत्ता, खाजा, खाना, सञ्चार, मसलन्द लगायतमा खर्च गर्न सकिनेछ। आवश्यकताका आधारमा कार्यक्रम सञ्चालन गर्दा सेवा प्रदायक संस्थाको सहयोग लिन सकिनेछ । यस अन्तर्गत देहायका बैठक/गोष्ठी/अन्तर्क्रिया जस्ता कृयाकलापहरु रहेकाछन् ।

- जिल्ला वन सुरक्षा समन्वय समितिको बैठक
- वन क्षेत्र सुरक्षा समन्वय समितिको बैठक
- वन अतिक्रमण नियन्त्रण समितिको बैठक
- जिल्ला वन क्षेत्र समन्वय समिति र सरोकारवालाको सहभागितामा डिभिजन स्तरीय कार्यक्रम समन्वय बैठक
- जिल्ला वन क्षेत्र समन्वय समिति र सरोकारवालाको सहभागितामा डिभिजन स्तरीय कार्यक्रम समन्वय बैठक(पहिलो त्रैमासिक भित्र)
- डिभिजन स्तरीय योजना तर्जुमा गोष्ठि
- सब डिभिजन स्तरीय योजना तर्जुमा गोष्ठि
- स्थानीय तह र सामुदायिक वन समुह संग समन्वय बैठक
- स्थानिय तह, सा.व.उ.स र क.व.उ.स सँग अर्धवार्षिक समन्वय बैठक
- स्थानिय तह, सामुदायिक वन र सरोकारवालाहरुसंग समन्वय बैठक
- स्थानीय सरकार, सुरक्षा निकाय तथा सा.व.उ.स. हरुसंग वन अपराध नियन्त्रण सचेतना गोष्ठी
- WCCB ब्युरो बैठक संचालन
- वन्यजन्तु अपराध नियन्त्रण ब्युरो (WCCB) बैठक संचालन
- दिगो वन व्यवस्थापन कार्यक्रम सहजिकरण
- सब डिभिजनको सहजिकरणमा स्थानिय तह र समुदायद्वारा व्यवस्थित वन समूहहरुको सहभागितामा सब–डिभिजन स्तरीय योजना तर्जुमा गोष्ठी (पुष मसान्त भित्र)
- डिभिजन स्तरिय योजना तर्जुमा गोष्ठी (माघ मसान्त भित्र)
- कर्मचारी टिम बिल्डिङ गोष्ठि
- सब डिभिजन स्तरमा सा.व.उ. समूह तथा कबुलियती वन समूहसंग त्रैमासिक समन्वय बैठक
- जिल्ला स्तरीय वन तथा वातावरण सम्वन्धी अभिमुखिकरण गोष्ठी (पत्रकार र मिडियाकर्मीलाई)
- सा.व./क.व.को जिल्लास्तरीय नेटवर्किङ गोष्ठी

- सब डिभिजन स्तरमा सा.व.उ. समूह तथा कबुलियती वन समूहसंग समन्वय बैठक
- वन क्षेत्रमा लैङ्गिक समता तथा सामाजिक समावेशीकरण सम्बन्धी सचेतना गोष्ठि ( वन प्राविधिक श्रीमिति संघ मार्फत)
- मन्त्रालय स्तरिय चौमासिक तथा वार्षिक प्रगति समिक्षा
- वन पैदावारमा आधारित उद्यम विकासको लागि सरोकारवालाहरुसँग अन्तर्क्रिया
- संघीयतामा तीन तहका सरकारहरुको वन क्षेत्रको अधिकार र दायित्वका विषयमा अन्तरक्रिया
- पाइन्साङ्ग सम्वाद
- प्रदेश स्तरीय Eco Literature Festival
- ट्राफिक प्रहरी तथा सुरक्षा निकायहरुलाई वन, वन्यजन्तु संग संबन्धि गोष्ठी
- सब डिभिजनस्तरमा अपराध नियन्त्रणका लागि सचेतना गोष्ठी
- टयाक्टर/ट्रक/वस ड्राइभरहरुलाइ वन अपराध सम्बन्धि सचेतना कार्यक्रम(व्यावसायी संघको सहकार्यमा)
- सब डिभिजनको स्तरमा स्थानिय तहसँग परामर्श तथा समन्वय गोष्ठी
- गैरकाष्ठ वन पैदावार तथा जडिबुटी व्यापार प्रवर्धन तथा मुल्य अभिवृद्धिका लागि संकलक/उत्पादक र व्यवसायीबीच अन्तरकिया कार्यक्रम
- सब डिभिजनस्तरमा सा व उ समूहसँग समन्वय बैठक
- सब डिभिजनस्तरमा अपराध नियन्त्रण कार्यक्रम सञ्चालनको लागि सचेतना गोष्ठी (सम्बन्धित सब-डिभिजन मार्फत, पुष-माघ र वैशाख-जेठमा)

**४. वन व्यवस्थापन/लेखा र माईन्यूट लेखन कोचिङ्ग/तालिम/अध्ययन भ्रमण/चिनिङ्ग (वन संवर्धन कृयाकलापहरु)**

वन कर्मचारी, उपभोक्ता समूह तथा अन्य सरोकारवालाहरुको क्षमता विकासको लागि विभिन्न किसिमका तालिम/कोचिङ्ग/अध्ययन भ्रमण जस्ता कृयाकलापहरु स्वीकृत वार्षिक कार्यक्रममा समावेश गरिएको छ । यस शीर्षकमा विनियोजित रकम दैनिक भ्रमण भत्ता, प्रशिक्षण भत्ता, समन्वय भत्ता, मसलन्द, तालिम सामग्री, सत्र शुल्क, कार्यपत्र, खाजा, यातायात खर्च, इन्धन, हलभाडा, गाडीभाडा, सञ्चार, प्रतिवेदन लेखन लगायतमा प्रचलित ऐन, नियम, नर्मस् र प्रदेश खर्चको मापदण्ड, २०७८ को परिधिभित्र रही लागत अनुमान स्वीकृत गराई खर्च गर्न सकिनेछ । कार्यक्रम सञ्चालनमा प्रशिक्षण केन्द्रका प्रशिक्षक एवम् आवश्यकता अनुसार सम्बन्धित विषयका विज्ञहरुलाई समेत प्रशिक्षकको रुपमा आमन्त्रण गरी प्रशिक्षण कार्य गराउन सकिनेछ र उपलब्ध जनशक्तिबाट संचालन हुन नसक्ने अवस्था रहेमा सार्वजनिक खरिद ऐन, नियामावली बमोजिम सेवा प्रदायक समेतबाट सञ्चालन गर्न सकिने छ ।

**यस अन्तरगत निम्न तालिम/गोष्ठीहरु रहेका छन:**

- रेकर्ड किपीङ, लेखा सुदृढिकरण तथा व्यवस्थापन कोचिङ २ दिने (समूह)



बागमती प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
हेटौंडा, नेपाल
...सचिव

- सामुदायिक वन समूहका पदाधिकारीहरुलाई लेखा तथा अभिलेख व्यवस्थापन तथा माईनुट लेखन तालिम
- सामुदायिक वनमा वन व्यवस्थान स्थलगत अभ्यास/कोचिङ
- सामुदायिक वनमा वन व्यवस्थापन स्थलगत अभ्यास
- सामुदायिक वनमा वन व्यवस्थान स्थलगत अभ्यास/तालिम
- दिगो वन व्यवस्थापन कार्ययोजना कार्यान्वयनको लागि समुहका पदाधिकारी र जनप्रतिनिधिलाई तालिम
- सामुदायिक वनका पदाधिकारीहरुलाई वातावरणीय सेवा सम्बन्धी तालिम
- दिगो वन व्यवस्थापन कार्ययोजना कार्यान्वयनका लागि वनमा काम गर्ने कर्मचारी, श्रमिक, पत्रकार, स्थानिय तह तथा समुह सदस्य एवं सरोकारवालाहरुलाइ अध्ययन भ्रमण (जिल्ला भित्र)
- सामुदायिक वन कबुलियति वन समुहका पदाधिकारीहरुलाई लेखा अभिलेख व्यवस्थापन तथा माईनुट लेखन सम्वन्धि तालिम
- सामुदायिक वन समुहका पदाधिकारीहरुलाई लेखा तथा अभिलेख व्यवस्थापन तथा माइनुट लेखन तालिम
- कबुलियती वन समुहका सदस्यहरलाई लेखा तथा अभिलेख व्यवस्थापन तथा माइनुट लेखन तालिम
- वन कर्मचारीको लागि मुद्दा अनुसन्धान,तहकिकात तथा दायरी सम्वन्धि तालिम
- ड्रोन सम्वन्धि तालिम
- सामुदायिक वनमा महिला शस्क्तिकरण, वन व्यवस्थापनमा महिलाको नेतृत्व तथा लैंगिक उत्तरदायी वार्षिक कार्यक्रम तयारी विकास सम्वन्धि तालिम
- जलवायु परिवर्तन र यसको असरबारे बागमती प्रदेशका सञ्चारकर्मीको क्षमता अभिवृद्धि कार्यक्रम

**५. सामुदायिक वनमा थिनिङ्ग कार्यको लागि सहयोग**

सामुदायिक वन विकास कार्यक्रम लागू भएपछि वनको संरक्षणबाट पुनरोत्पादन भई हाल अधिकांश सामुदायिक वनको वनक्षेत्र पोथ्रापोथ्री वा पोल अवस्थाको वनमा स्थापित भएको पाइन्छ । त्यस्तै कतिपय सामुदायिक वनहरुको क्षेत्र अझै झाडीयुक्त अवस्थामा समेत रहेका छन । हाल सामुदायिक वनमा वन संवर्धन प्रणालीमा आधारित दिगो वन व्यवस्थापन कार्यक्रम समेत लागू भै आएकोले ती वनको व्यवस्थापन कार्ययोजनाले सुधार कटानको सिफारिस समेत गरेको पाइन्छ । प्राविधिक हिसाबले थिनिङ्ग गर्न आवश्यक देखिएको सबै प्रकारका सामुदायिक वनमा थिनिङ्ग, झाडी सफाई, तथा वन व्यवस्थापन योजनामा उल्लेखित स्थानहरुमा सुधार कटान, बार्षिक थिनिङ्ग योजना तयारी तथा स्वीकृत गरी यो कृयाकलाप गर्नुपर्नेछ । कार्यक्रम संचालन गर्दा प्रचलित नर्मसको आधारमा लागत अनुमान स्वीकृत गरी कार्य संचालन गर्नुपर्ने छ । यस कार्यक्रम सञ्चालन गर्दा अनिवार्य रुपमा वन उपभोक्ता समूहको लागत सहभागिताको सुनिश्चिता हुनुपर्नेछ । यो कार्यक्रम कार्यान्वयन गर्दा सामुदायिक वनको वन कार्ययोजनामा थिनिङ/सुधार कटान/झाडी सफाईको कृयाकलाप संचालन गर्ने भनी उल्लेख भएका सामुदायिक वन उपभोक्ता समूहरु मध्येबाट माग संकलन गरिने छ । संचालन गर्न सकिने

परिमाण, औचित्य, समूहको सक्रियता, समूहको आर्थिक अवस्था, वनको अवस्था लगायतलाई विचार गरी डिभिजन वन कार्यालयले छनौट गरी उपयुक्त सामुदायिक वनमा यो कार्यक्रम संचालन गर्न सक्नेछ ।

**६. दिगो वन व्यवस्थापन सम्बन्धी उपभोक्ता स्तरमा सरोकारवाला निकायहरुमा फिल्डलेवलमा गोष्ठि सञ्चालन**

वनको दिगो व्यवस्थापनका लागि नीति निर्माता, सरकारी निकाय र विज्ञहरूको प्रयास मात्र पर्याप्त हुँदैन। यसका लागि वनको प्रत्यक्ष उपयोग गर्ने उपभोक्ताहरू तथा स्थानीय सरोकारवाला निकायहरूको सक्रिय सहभागिता अपरिहार्य हुन्छ । यसै सन्दर्भमा स्थानीय उपभोक्ता र सरोकारवालाहरुलाई वनको दिगो व्यवस्थापनको महत्व र बिधिहरूबारे बुझाउनुका साथै उनीहरूको भूमिकालाई सशक्त बनाउनका लागि फिल्ड लेवलमा अन्तरक्रिया कार्यक्रम सञ्चालन गर्नु एक प्रभावकारी माध्यम हो । यो कार्यक्रमको उद्देश्य वन उपभोक्ता एवं सम्पूर्ण सरोकारवाला निकायहरुलाई ज्ञान, सीप र जिम्मेवारीबोधका साथ सशक्त बनाई वन संरक्षण र व्यवस्थापनमा उनीहरूको सक्रिय भूमिका सुनिश्चित गर्नु हो। यस शीर्षकमा बिनियोजित रकम बैठक भत्ता, सहभागीहरुलाई खाना, खाजा, दैनिक भ्रमण भत्ता, इन्धन, गोष्ठी सामाग्री, होटल बास खर्च, हलभाडा र प्रशिक्षक भत्ता लगायतमा प्रचलित ऐन, नियम, नर्मस बमोजिम खर्च गर्न सकिनेछ । यो कार्यक्रम वन सम्वर्द्धन प्रणालीमा आधारित दिगो वन व्यवस्थापन कार्यक्रम कार्यान्वयन भएका वा हुनेक्रममा रहेका सामुदायिक वनहरुका उपभोक्ता (एउटा कार्यक्रममा पायक पर्ने कम्तिमा १० वटा सामुदायिक वनका प्रतिनिधि), स्थानीय पत्रकार, संघ/संस्थाका प्रतिनिधि तथा अन्य सरोकारवालाहरुलाई सहभागि गराई कार्यक्रम सञ्चालन गरिनेछ । आवश्यकता अनुसार परामर्श सेवा खरिद गरि यो कार्यक्रम संचालन गर्न सकिनेछ । कार्यक्रम संचालनमा स्थानीय स्तरमा उपलब्ध हुने विषयका विज्ञहरु तथा सम्बन्धित क्षेत्रमा कार्यको अनुभव भएका गैहसरकारी संस्था वा अधिकारवादी संस्थालाई समेत प्रशिक्षकको रुपमा उपयोग गर्न सकिनेछ ।

**७. मानव वन्यजन्तु द्वन्द न्यूनिकरणका लागि वैकल्पिक खेती अन्तर्गत उपयुक्त प्रजाति रोपण (बाँस खरिद तथा रोपण)**

यो कार्यक्रम वन क्षेत्रसँग जोडिएको बस्ती तथा खेती गरिएको स्थानमा वन्यजन्तुका कारणले सिर्जना हुने मानव वन्यजन्तु द्वन्द्व न्यूनीकरण गर्ने अभिप्रायले सञ्चालन गरिएको हो । यो कार्यक्रम सञ्चालन गर्दा वन्यजन्तुले नरुचाउने प्रजाति छनौट गरी बृक्षारोपण गर्न पर्नेछ । वन्यजन्तुको प्रभाव पर्ने सार्वजनिक जग्गा वा नजिकको नदी उकास क्षेत्रहरुमा जडिबुटी खेती (वन्यजन्तुले नरुचाउने र खासै असर नगर्ने) गरी आयआर्जन गराउँदै मानव वन्यजन्तु द्वन्द न्यून गर्ने उद्देश्यका साथ यो क्रियाकलाप सञ्चालन गरिनेछ । जडिबुटी खेती गर्ने जग्गा, व्यक्ति, तथा समूह पहिचान भैसकेपछि प्रस्ताव गरिएको जग्गाको निरीक्षण पछि सञ्चालन गर्नुपर्ने आवश्यक कार्यक्रम र क्रियाकलापहरु सञ्चालनको लागि लागत अनुमान तयार पारी सम्झौता गरी सो अनुरुप कार्य सम्पन्न गर्नुपर्दछ । कार्यक्रम सञ्चालन गर्दा मेन्था, क्यामोमाईल, पाल्मारोजा, लेमनग्रास, सिट्रोनेला जस्ता नगदे तथा वन्यजन्तुले नरुचाउने किसिमका जडिबुटी निर्क्यौल गरी, सम्झौता गरी प्रचलित ऐन कानून र नर्मस् बमोजिम बिरुवा खरिद/रोपणको कार्य गर्नु पर्दछ । वृक्षारोपण गरिएको ठाउँमा यी बिवरणहरु सहितको एउटा होर्डिङ्ग बोर्ड समेत राख्नुपर्नेछ । कार्यक्रम सम्पन्न भएपछि बृक्षारोपण सम्बन्धी तथ्याङ्क, जग्गाधनी अनुसारको बिरुवा



प्रदेश सचिव
बागमती प्रदेश सरकार

संख्या र प्रजाति अनुसार वृक्षारोपण भएको ठाउँको अवस्थिती समेत झल्किने गरी नक्शा तयार गरी डिभिजन बन कार्यालयले रेकर्ड अद्यावधिक गरी राख्नुपर्नेछ ।

## ८. बनमा रहेका ढलापडा, सुखड खडा र जोखिममा परेका बनपैदावार संकलन तथा व्यवस्थापन

यो कार्यक्रम राष्ट्रिय बन क्षेत्रभित्र रहेका ढलापडा तथा सुख्खा खडा काठ दाउराहरुको संकलन गरी लिलाम बिक्रि गर्ने उद्देश्यले राखिएको हो । सुखड ढलापडा काठ दाउरा संकलनका लागि ट्रयाक्टर लगायतका सवारी साधन भाडा, कामदारको ज्याला, कार्यालयका सवारी साधन इन्धन, कामदार तथा खटिने कर्मचारीको खाजा लगायतका कार्यहरुमा यो शिर्षकबाट खर्च गर्न सकिनेछ । प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार काठ दाउरा लिलाम भए पश्चात् कटान मुछान बापतको रकम प्रदेश संचित कोषमा दाखिला गर्नुपर्नेछ । यस शिर्षक अन्तर्गतका कार्यक्रमहरु तपसिल बमोजिम छन् ।

- राष्ट्रिय/सामुदायिक बनमा रहेका सुखड ढलापडा काठ दाउरा संकलन
- ढलापडा, सुखड खडा र जोखिममा परेका बनपैदावार संकलन तथा व्यवस्थापन

## ९. बन पैदावारमा आधारित उद्यम विकास

आधुनिक प्रविधि तथा उपकरणको प्रयोग गरी वनजन्य कच्चा पदार्थमा आधारित बन उद्यमको स्थापना प्रवर्धन र विकास गर्ने, बनपैदावारमा आधारित उद्यमहरुको विकास र प्रवर्धनबाट हरित रोजगारी तथा थप आय आर्जनका अवसरहरु वृद्धि गर्ने एवं निजि वा सामुदायिक वनको साझेदारीमा वनजन्य कच्चा पदार्थमा आधारित निर्यातमुलक वा आयत प्रतिस्थापन गर्ने उद्यम स्थापनका लागि समग्र मूल्य शृङ्खलामा प्रोत्साहन र सहजीकरण गर्ने उद्देश्यले उद्यम विकास कार्यक्रमहरु समावेश गरिएको छ। यस्ता कार्यक्रम संचालन गर्दा प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम देहायको प्रकृया अवलम्बन गरी कार्यान्वयन गरिनेछ ।

बन पैदावारमा आधारित उद्यम विकास कार्यक्रम मार्फत बन पैदावारमा आधारित उद्यम स्थापना र संचालन गर्न चाहने बन उपभोक्ता समूहहरु/सहकारी/निजी कृषकहरुको समूह (आधिकारिक रुपमा उद्यमका लागि दर्ता भएका) बाट लागत साझेदारीमा उद्यम स्थापना तथा संचालनको लागि व्यवसायिक योजना सहितको प्रस्ताव पेश गर्न प्राविधिक तथा आर्थिक प्रस्तावका लागि सार्वजनिक सूचना आव्हान गरिनेछ । यसरी सूचना प्रकाशन गर्नु आगाडि प्रस्तावहरुको मुल्याङ्कन आधार तयारी गर्नु पर्नेछ । पेश हुन आएका प्रस्तावहरुको मुल्याङ्कन गरी बन उपभोक्ता समूहहरु/सहकारी/निजी कृषकहरुको समूह (आधिकारिक रुपमा उद्यमका लागि दर्ता भएका) संग नियमानुसार सम्झौता गरी कार्यक्रम संचालन गरिनेछ ।निजीक्षेत्र तथा निजी कृषकहरुको समूह (आधिकारिक रुपमा उद्यमका लागि दर्ता भएका)को हकमा कुल लागतको अधिकतम ५० प्रतिशत अनुदान दिने र सहकारी, सामुदायिक वा अन्य साझेदारीको हकमा बढीमा ७५ प्रतिशतसम्म अनुदान दिन यस शिर्षकमा विनियोजन भएको रकमबाट खर्च गर्न सकिने छ ।

स्वीकृत बार्षिक कार्यक्रममा स्थान तोकीएको हकमा स्वीकृत कार्यक्रममा तोकिएको निकायबाट व्यवसायिक योजना माग गरी सोको मुल्याङ्कन गरी उपयुक्त देखिएमा कार्यान्वयन गर्न सकिनेछ ।यस शिर्षकमा उल्लेखित



प्रदेश सचिव

बागमती प्रदेश सरकार वन तथा वातावरण मन्त्रालय

प्रकृया बमोजिम बन पैदावारमा आधारित उद्यम सम्बन्धी स्वीकृत कृयाकलापहरु कार्यान्वयन गर्न सकिनेछ । यो कार्यक्रम अन्तर्गत देहायका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

- बन उद्यम संञ्चालन/प्रोत्साहन तथा प्रविधि सहयोग गरि रोजगारी अभिवृद्दि
- बाँझो तथा खाली जमीनमा जडीबुटी तथा गैह्रकाष्ठ बन पैदावार खेती बिस्तार
- वैतेश्वर गा.पा. मा बाँसमा आधारित उद्यम बिकास
- बनमा रहेको जैविक ईन्धन प्रयोग गरी उद्यम गर्ने उद्यमीलाई सहयोग
- समुदायको लागत सहभागितामा पत्कर बाट प्राङ्गारिक मल बनाउने कार्यक्रम
- सामुदायिक बनमा जडिबुटी तथा उद्यम प्रवर्द्धन/विकास कार्यक्रमका लागि प्रविधि हस्तान्तरण
- बनमा रहेका पातपतिङ्गर संकलन गरि प्राराङ्गा िरक मल बनाउनको लागि तालिम तथा मेसिन खरिद समेत
- सामुदायिक वनमा दुना टपरी उद्यम प्रवर्द्धन (देवीदह सा व दुधौली ।
- सुनकोशी गा पा ३ अवस्थित सेराडाँडा काफलेटी सा व मा संचालित दुना टपरी उद्योग प्रवर्धन कार्यक्रम
- नेपाली हाते कागज उद्योगको क्षमता अभिवृद्धिको लागि प्रविधि हस्तान्तरण

## १०. विगतमा बृक्षारोपण भएको क्षेत्रमा पुनर्रोपण, गोडमेल, घेराबार तथा मर्मत सम्भार

यो कार्यक्रम विगतमा बृक्षारोपण गरिएको बिरुवाहरुको गोडमेल गर्न, मरेका ठाउँमा बिरुवा रोपण गर्न, घेराबार तथा मर्मत गर्ने उद्देश्यले राखिएको हो । यो कार्यक्रममा विनियोजित बजेटबाट बिरुवा खरिद गर्न, रोपण गर्न, तारबार गर्न तथा पुराना संरचनाको मर्मत सम्भार गर्न सकिन्छ ।

## ११. अनुसन्धान अधिकृतका लागि मुद्धा अनुसन्धान/तहकिकात तथा दायरी खर्च (प्रतिमुद्धा बढीमा रु १० हजार)

बन र बन्यजन्तु अपराधमा संलग्न हुने व्यक्तिहरुलाई पक्राउ गरी कारवाही प्रक्रिया अगाडि बढाउने सिलसिलामा आवश्यक रकम यस शीर्षकबाट खर्च गरिनेछ । सामान्यतया मुद्दा दायर गर्नका लागि आवश्यक पर्ने मसलन्द, यातायात भाडा, ईन्धन, पानी, अनुसन्धान अधिकृतको भ्रमण/खाजा खर्च, सञ्चार खर्च लगायतका शीर्षकमा खर्च गर्न सकिनेछ । खर्च रकम फछ्र्यौट गर्दा खर्च भएको बिल भर्पाई एवं मुद्दा निकासाको/अभियोग पत्र दायर गरेको सम्बन्धी कागजात पेश गर्नुपर्दछ । मुद्दाको सिलसिलामा विदेशी नागरीक पक्राउ परी दोभाषे/अनुवादक राख्नुपर्दा निजलाई दिनुपर्ने पारिश्रमिक/भत्ता नियमानुसार उपलब्ध गराउन सकिनेछ ।

## १२. वन/वन्यजन्तु, जैविक विविधता तथा वातावरण संरक्षण संबन्धि प्रचार प्रसार

वन/वन्यजन्तु, जैविक विविधता तथा वातावरण संरक्षण संबन्धि प्रचार प्रसारको लागि विद्युतीय सञ्चार माध्यमहरु रेडियो/एफएम/टेलिभिजन/अनलाइन मिडिया, भित्ते लेखन, ब्रोसियर तथा पम्पलेट तयारी र प्रकाशन गर्ने प्रयोजनको लागि यी कृयाकलापहरु स्वीकृत वार्षिक कार्यकममा समावेश गरिएको हो । यसमा विद्युतिय माध्यम तथा पत्रपत्रिकामा प्रचार प्रसार गर्नु पर्दा संबन्धित निकायसंग सम्झौता गरी समय सापेक्ष मिल्दो सन्देशमूलक



बागमती प्रदेश सरकार वन तथा वातावरण मन्त्रालय
सचिव

सामाग्री तयार गरी प्रसारण गर्न सकिनेछ । भित्ते लेखन, ब्रोसियर तथा पम्पलेट तयारी र प्रकाशन गर्ने कार्य कर्मचारी मार्फत प्रचलित सार्वजनिक ऐन नियमावली प्रतिकूल नहुने गरी अमानतमा गर्न सकिने छ । कार्यक्रम सम्पन्न पछि फछ्र्यौट गर्दा वा भुक्तानी माग्दा सोको बिल भर्पाई सहित के कुन सामाग्री कुन मितिदेखि कुन मितिसम्म दैनिक कति पटक कुन कुन समयमा प्रसारण भएको हो सो को विवरण, प्रसारण भएको सामाग्रीको छोटकरी बिवरण र प्रसारण सामाग्रीको ईलेक्ट्रोनिक प्रतिसमेत संलग्न गर्नुपर्नेछ । यो कार्यक्रममा विनियोजित रकम वन तथा वन्यजन्तु संरक्षण र व्यवस्थापनमा गर्नुपर्ने कुराहरु, गर्न नहुने कार्यहरु, वन वन्यजन्तु अपराध नगर्न सूचना एवम् अपराध गरेमा हुने दण्ड सजाय लगायत उपयोगी जनचेतनामूलक सूचना/कार्यक्रमहरु प्रसारण गर्न खर्च गर्न सकिनेछ । यस अन्तर्गत देहायका कृयाकलापहरु रहेकाछन् ।

- विधुतिय माध्यमबाट वन तथा वन्यजन्तु संरक्षण/व्यवस्थापन सुचना प्रवाह (डिभिजनस्तर)
- सब डिभिजन मार्फत wall/ stone/street site मा वन वन्यजन्तुको जनचेतनामुलक पेन्टीङ
- रेडियो/टि.भि/पत्रिका लगायतमा वन तथा वन्यजन्तु संरक्षण/व्यवस्थापन सुचना प्रवाह (डिभिजनस्तर)
- रेडियो/टि.भि/पत्रिका लगायतमा वन तथा वन्यजन्तु संरक्षण/व्यवस्थापन सुचना प्रवाह
- फुलचोकि र मार्वल डाडा हाईकिङ्ग क्षेत्रमा वन तथा वातावरण सम्वन्धि जनचेतनामुलक होडिङ्ग वोर्ड र डस्टबिन राख्ने कार्य
- रेडियो, अनलाईन पत्रिका मार्फत वन तथा वन्यजन्तु संरक्षण/व्यवस्थापन सुचना प्रवाह (डिभिजनस्तर)
- लोपोन्मुख वन्यजन्तु तथा दुर्लभ वनस्पतीहरुको संरक्षणका लागि कानुनी व्यवस्था सहितको संरक्षण मुलक leaflet, pumplet, brochure तयारी र प्रकाशन

## १३. वन गस्ती परिचालन संबन्धि

अवैध कटानी एवम् वन वन्यजन्तुको अवैध चोरी निकासी तथा चोरी शिकारी नियन्त्रण गर्ने अभिप्रायले रेगुलर दैनिक गस्ति वा वन क्षेत्र भित्रै अस्थायी क्याम्प खडा गरी गस्ती गर्ने उद्देश्यले यो कार्यक्रम राखिएको हो। यस कार्यक्रममा विनियोजित बजेटबाट लागत अनुमान स्वीकृत गरी गस्ती टोलीका लागि सञ्चार सेट, पानी, खाजा, सञ्चार, इन्धन तथा सवारी साधन मर्मत/टेन्ट/Sleeping Bag/Matress जस्ता समाग्री खरिद गर्न सकिनेछ । गस्ति परिचालन एपको प्रयोग गरी सोबाट स्वतः सृजना हुने गस्ती प्रतिवेदन/जंगल क्याम्पिङ बसेको मिति, स्थानको जि.पि.एस. कोअर्डिनेट, संलग्न कर्मचारीहरु, सम्पादन गरिएको गतिविधि, उपलब्धी सहितको प्रतिवेदन गस्ती/क्याम्पिङमा खटिने इन्चार्जले अनिवार्य रुपमा पेश गर्नुपर्नेछ । सो प्रतिवेदन प्राप्त भए पश्चात् सो सम्बन्धी बिल भर्पाई समेतको प्रतिवेदन संलग्न हुनुपर्नेछ ।यो कार्यमा डिभिजन/सब डिभिजन वन कार्यालयका फिल्ड कर्मचारी एवम् सशस्त्र वन सुरक्षा शाखाका सशस्त्र वन रक्षक, सम्बन्धित सामुदायिक वनका पदाधिकारी, उपभोक्ता तथा आवश्यकतानुसार सुरक्षा निकायका सुरक्षाकर्मीहरुलाई परिचालन गर्न सकिनेछ।यस अन्तर्गत देहायका कृयाकलाप समावेश छन् ।



प्रदेश सचिव

बागमती प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
हेटौडा, नेपाल

- बन तथा बन्यजन्तु संरक्षण र अतिक्रमण नियन्त्रणको लागि डिवकाबाट गस्ती परिचालन (गौंडा गस्ति समेत)
- हरेक सब डिभिजनमा बन बन्यजन्तु संरक्षणका लागि अधिकृत सहितको कर्मचारी टोलीको गस्ती परिचालन खर्च (सब-डिभिजन मार्फत) १२ महिना)
- हरेक सब डिभिजनमा बन बन्यजन्तु संरक्षणका लागि अधिकृत सहितको कर्मचारी टोलीको गस्ति परिचालन
- बन तथा बन्यजन्तु संरक्षण र अतिक्रमण नियन्त्रणको लागि डि.व.का बाट गस्ती परिचालन (गौंडा गस्ति/Jungle Camping समेत)
- बन तथा बन्यजन्तु संरक्षण र अतिक्रमण नियन्त्रणको लागि डि.व.का बाट गस्ती परिचालन (गौंडा गस्ति समेत)

## १४. बरामदी बन पैदावार तथा मालबस्तुको ढुवानी

बन अपराध नियन्त्रण कार्यबाट बरामद भएको बन पैदावार तथा मालवस्तु व्यवस्थापनका लागि स्वीकृत जिल्ला दररेट अनुसार ढुवानी भाडा, लोड अनलोड, सङ्कलन तथा ओसारपसार लगायतका काममा यो रकम खर्च गर्न सकिनेछ ।यस अन्तर्गत देहायका कृयाकलापहरु रहेकाछन् ।

- बरामदी बन पैदावार तथा मालवस्तुको ढुवानी खर्च (डिभिजनस्तर)
- बरामदी तथा बेवारिसे बन पैदावार तथा मालबस्तुको ढुवानी खर्च

## १५. सेबा करार मार्फत जनशक्ति परिचालन

डिभिजन बन कार्यालयमा एउटा नर्सरी सञ्चालन गरी स्थानीय माग अनुसार गुणस्तरीय बिरुवा उत्पादनको लागि तोकिएको मापदण्ड बमोजिम नर्सरी नाइकेको व्यवस्थापन गर्ने, बन्यजन्तु उद्धार एवं उपचारको लागि आवश्यकता अनुसार भेटेरिनरी चिकित्सक र हात्तिसार संग्राहलयको लागि चोकिदार र मालीलाई कामकाजमा लगाउने उद्देश्यले यो कृयाकलाप समावेश गरिएको हो । प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम व्यक्ति करार सम्झौताबाट जनशक्ति नियुक्त गरी सोही सम्झौता बमोजिम कार्य संचालन गरिनेछ । यो शीर्षकको रकम निजहरुको पारिश्रमिक भुक्तानीको लागि खर्च गरिनेछ ।

**यस शिर्षक अन्तर्गत देहायका कृयाकलापहरु रहनेछन् ।**

<u>राष्ट्रिय बन संरक्षण तथा व्यवस्थापन कार्यक्रम तर्फ</u>

- केन्द्रिय तथा हाईटेक नर्सरी संचालनका लागि वार्षिक रुपमा तालिम प्राप्त नर्सरी नाईकेको पारिश्रमिक
- गत आव देखि कार्यरत विशेषज्ञ भेटेनरी डाक्टरको पारिश्रमिक मकवानपुर र काटमाडौं (अधिकृतस्तर)
- विशेषज्ञ भेटेनरी डाक्टरको पारिश्रमिक मकवानपुर र काटमाडौं (अधिकृतस्तर)
- भिमफेदीस्थित हात्तिसार संग्राहालयको लागि चौकिदार र माली

वातावरण संरक्षण तथा शहरी वन कार्यक्रम तर्फ

- जैविक विविधता सूचना केन्द्र टिकौलीको हेरचाह तथा सुरक्षाको लागि चौकिदार (व्यक्ति परामर्श)
- वन्यजन्तु उद्दार एम्बुलेन्सको सवारी चालक

**१६. बाँदर लगायतका वन्यजन्तुबाट हुने कृषिबाली क्षतिको न्यूनिकरण विशेष कार्यक्रम**

यो कार्यक्रमा विनियोजित बजेटबाट बाँदर लगायतका वन्यजन्तुबाट कृषिबालीमा हुने क्षेतिको न्युनिकरणका लागि बाँदर धपाउने उपकरण खरिद गरि वितरण, बाँदरले नरुचाउने प्रजातीको खरिद तथा वितरण, तारबार लगायतका क्रियाक्लापमा खर्च गर्न सकिनेछ ।

**१७. वन गस्ती गर्ने कर्मचारीको लागि फिल्ड गियर (जुत्ता, बर्षादी, लाईट रिफ्लाक्टर ज्याकेट) तथा व्यक्तिगत सुरक्षा सामाग्री (मास्क, पंजा, हेलमेट)खरिद तथा वितरण**

यो शिर्षकमा विनियोजित रकमबाट सार्वजनिक खरिद ऐन तथा नियमावलीको अधिनमा रहि वन कार्यालयमा कार्यरत सबै वन गस्ति गर्ने कर्मचारीहरुलाई एकै प्रकारका फिल्ड गियर खरिद गरी वितरण गर्न सकिन्छ ।

**१८. कार्यक्रम सञ्चालन खर्च**

कार्यक्रम सञ्चालनको क्रममा आईपर्ने भैपरी खर्च गर्ने प्रयोजनको लागि यो कार्यक्रम प्रस्ताव गरिएको हो । यस शीर्षकमा विनियोजन भएको रकम कार्यक्रम कार्यान्वयनको क्रममा आवश्यक पर्ने खाजा/खाना, पानी, ईन्धन, गाडी भाडा, दैनिक भ्रमणभत्ता आदि कृयाकलापहरुमा खर्च गर्न सकिनेछ ।

**१९. सामुदायिक वनको अनुगमन गरी प्रतिवेदन तयारी र प्रकाशन**

यस कार्यक्रम अन्तर्गत जिल्लामा गठन भएका सामुदायिक वन उपभोक्ता समूह/वनको अनुगमन तथा मूल्याङ्कन गर्ने र सोबाट प्राप्त तथ्याङ्कको विश्लेषण गरी प्रतिवेदन तयारी तथा छपाई गर्ने कार्यमा डिभिजन वन कार्यालयले लागत अनुमान तयार गरी सब डिभिजन वन कार्यालयका कर्मचारीहरुमार्फत् कार्यान्वयन गर्नुपर्नेछ। यस शीर्षकमा बिनियोजन भएको रकम अनुगमन कार्यमा फिल्डमा खटिने कर्मचारीहरुलाई खाजा खर्च, मसलन्द, अनुगमन फर्मेट छपाई तथा प्रतिवेदन तयारी गर्ने र छपाई गर्ने कार्यमा खर्च गर्न सकिनेछ । प्रतिवेदनमा फिल्ड अनुगमनबाट प्राप्त तथ्याङ्कका आधारमा कम्तीमा देहाय विषयहरु विश्लेषण गरी प्रतिवेदन तयार गर्नुपर्नेछ ।

- समूहको क्रियाशीलताको स्तर निर्धारण (सदस्यता नविकरण, साधारण सभा/समिति बैठक संख्या र उपस्थिति, कार्यक्रममा जनसहभागिता, निर्णय पारदर्शिता आदि)
- वन संरक्षणको अवस्था (वन अपराध नियन्त्रण:चोरी कटान,चोरी निकासी, अतिक्रमण, वन डढेलो, अत्यधिक चरिचरण, दण्ड जरिवाना, पुरस्कार, उपभोक्ताको परिचालन एवं सहभागितको अभिलेख व्यवस्थापन, आदि)
- वन सम्वर्द्धन तथा व्यवस्थापनको अवस्था (वन सम्वर्द्धन क्रियाकलाप सञ्चालन-झाडी सफाई, गोडमेल एकल्याउने/पत्ल्याउने/हाँगा काँटछाँट, सुधार कटान, वन सम्वर्द्धन प्रणाली लागू भए/नभएको, व्यवस्थापन- वन कार्ययोजना कार्यान्वयन, वन्यजन्तुको बासस्थान संरक्षण तथा

व्यवस्थापन, वन पुनरोत्पादन संरक्षण तथा व्यवस्थापन, हैसियत बिग्रेको वनको पुनरुत्थान, वृक्षारोपण/पुनरोपण/सम्वृद्धि वृक्षारोपण आदि।

- वन पैदावार सदुपयोग (काठ/दाउरा उत्पादन, घाटगद्दी व्यवस्थापन भए/नभएको, आन्तरिक/बाह्य बिक्रि वितरणको परिमाण र आम्दानी, कटान पश्चातको सरसफाई गर्ने/नगर्ने, काठ दाउराको समयमा नै बिक्रि वितरण भए/नभएको, काठ दाउरा बिक्रि वितरणमा सिमान्तकृत विपन्न वर्गको लागि सहुलियतको व्यवस्था भए/नभएको, अभिलेख व्यवस्थापन भए/नभएको, कानून बमोजिम दाखिला गर्नुपर्ने शुल्क/दस्तुर समयमा नै दाखिला गरे/नगरेको आदि।
- गैह्र काष्ठ वन पैदावार व्यवस्थापन तथा सदुपयोग (पाइने मुख्य प्रजातिहरुको बिबरण, संकलन परिमाण, बिक्रि बितरणको परिमाण र आम्दानी, खेती कार्यक्रम सञ्चालन भए/नभएको भएको भए सो को बिबरण, खेती बिस्तार तथा उत्पादनमा सिमान्तकृत विपन्न वर्गको सहभागिताको अवस्था आदि।
- आर्थिक कारोबार खाता सञ्चालन, लेखापरीक्षण, बैंकिङ्ग कारोबार, वार्षिक प्रतिवेदन, बैङ्क/नगद मौज्दात, बेरुजु एवं आर्थिक अनियमितता, सार्वजनिक लेखापरीक्षण तथा खर्चको पारदर्शिता, खर्चको बाँडफाँड (वन विकास खर्च, विपन्न वर्ग तथा गरीबी न्यूनिकरण कार्यक्रम खर्च, सामाजिक विकास खर्च, प्रशासनिक खर्च आदि।

## २०. बकपत्रका लागि अदालतमा हाजिर हुने व्यक्तिका लागी अदालतसम्म आते जाते तथा खाना खर्च

वन कार्यालयहरुबाट अनुसन्धान भै सम्बन्धित निकायहरुमा अभियोजन भएका मुद्दाहरुमा सरकारी साक्षीको रुपमा अदालतले उपस्थित भै समयमा नै न्यायिक निरुपण होस भन्ने मनसायको लागि यो कार्यक्रम राखिएको हो । यसमा विनियोजित रकम बकपत्रका लागि अदालतमा हाजिर हुने व्यक्तिका लागी अदालतसम्म आते जाते तथा खाना खर्च अन्य जिल्लाबाट बकपत्र गर्न आउदा नियमानुसारको दैनिक भ्रमण खर्चको भुक्तानीको लागि खर्च गर्न सकिनेछ । कार्यक्रम सम्पन्न भए पश्चात् अदालतबाट बकपत्रका लागि लेखिएको पत्र र अदालतमा उपस्थित भएको प्रमाण तथा भर्पाई संलग्न गर्नुपर्नेछ ।

## २१. जिल्ला वन पैदावार आपूर्ती समिति गठन तथा सञ्चालन

प्रचलित कानुन बमोजिम जिल्ला वन पैदावार आपूर्ती समिति गठन तथा सञ्चालनका लागि यो कार्यक्रम राखिएको हो । यसमा विनियोजित बजेट खाना, खाजा, भत्ता, इन्धन लगायतमा खर्च गर्न सकिनेछ ।

## २२. जडिबुटी एवम गैह्रकाष्ठ वन पैदावार विकास बोर्ड गठन तथा संचालन

प्रचलित कानुन बमोजिम जडिबुटी एवम गैह्रकाष्ठ वन पैदावार विकास बोर्ड गठन तथा सञ्चालनका लागि यो कार्यक्रम राखिएको हो ।

## २३. पुरस्कार सम्वन्धि

प्रचलित कानुनको अधिनमा रहि मूल्याङ्कनका सर्वमान्य आधार र सूचक तयार पारी उत्कृष्टताको सिद्धान्तमा आधारित रहेर यो कार्यक्रम कार्यान्वयन गरिनेछ । सामुदायिक वनको छनौटका लागि सामुदायिक वन विकास

कार्यक्रमको मार्गदर्शन, २०८१ को अनुसूचीमा उल्लेखित सामुदायिक वन अनुगमनका सूचकलाई आधार लिनुपर्नेछ । प्रत्येक सब डिभिजन वन कार्यालयले आफ्नो क्षेत्रभित्र रहेको उत्कृष्ट सामुदायिक वन र कबुलियति वनको मूल्याङ्कन गरी डिभिजन वन कार्यालयमा पेश गर्नुपर्नेछ । डिभिजनल वन अधिकृतको संयोजकत्वमा ३ सदस्यीय (जिल्ला समन्वय समितिको प्रतिनिधि-१, योजना तथा अनुगमन शाखाको प्राविधिक-१) मूल्याङ्कन समिति गठन गरी मूल्याङ्कन गरिनेछ । मूल्याङ्कनमा उत्कृष्ट ठहरिएका समुहलाई नगद पुरस्कार र प्रमाणपत्र प्रदान गरिनेछ ।

प्रदेश स्तरीय पुरस्कारको हकमा डिभिजन वन कार्यालयले आफ्नो क्षेत्रभित्र रहेको उत्कृष्ट सामुदायिक वनको मूल्याङ्कन गरी अन्य आवश्यक कागजात समेत संलग्न राखि वन निर्देशनालयमा पेश गर्नुपर्नेछ । उत्कृष्ट समुह छनौटका लागि वन निर्देशनालयमा एक मूल्याङ्कन समिति गठन गरिनेछ । मूल्याङ्कन समितिले आवश्यक ठानेमा स्थलगत निरीक्षण समेत गर्न सक्नेछ । यसमा मूल्याङ्कनबाट छनौट भएका समुहलाई नगद पुरस्कार र प्रमाणपत्र प्रदान गरिने छ ।

- जिल्लास्तरीय सामुदायिक वन पुरस्कार वितरण
- जिल्लाको उत्कृष्ट सामुदायिक वन पुरस्कार वितरण
- कबुलियती वन समूह पुरस्कार
- कबुलियती वन उत्कृष्ठ समूह पुरस्कार (उत्कृष्ट १ समूहलाई मात्र)
- उत्कृष्ट सामुदायिक वन पुरस्कार वितरण
- प्रदेशस्तरीय सामुदायिक वन पुरस्कार वितरण
- प्रदेशस्तरीय सामुदायिक वन पत्रकारिता पुरस्कार
- उत्कृष्ट वन कर्मचारी पुरस्कार

## २४. हैसियत बिग्रेको वन क्षेत्रमा पुनरोत्पादन प्रवर्द्धन तथा संरक्षण

यो कृयाकलापको मुख्य उद्देश्य ईच्छाईएको प्रजातिको छत्र घनत्व तीस प्रतिशत भन्दा कम भएको वनको पुनरुउत्पादन प्रवर्धन गरि उत्पादन र उत्पादकत्व बृद्धि गर्नु हो । यसमा विनियोजित रकम स्वीकृत लागत अनुमान बमोजिम झाडी सफाई, जैविकबार, सम्बृद्धि बृक्षारोपण, वाटरहोल निर्माण, आगलागी र चरिचरन नियन्त्रण जस्ता कार्यमा खर्च गर्न सकिनेछ साथै आवश्यकता अनुसार वन हेरालु समेत राख्न सकिनेछ। एकै स्थानमा कम्तीमा २ हेक्टरभन्दा बढी क्षेत्रमा पुनरुत्पादन प्रवर्द्धन कार्य गर्नुपर्नेछ ।

गत वर्षहरुमा वन क्षेत्रको उत्पादन र उत्पादकत्व बृद्धिको लागि हैसियत बिग्रेको वन क्षेत्रमा पुनरुत्पादन प्रवर्द्धन तथा संरक्षण कार्यक्रम सम्पन्न भएको स्थानहरुमा त्यसको निरन्तरताको लागि यो कृयाकलाप प्रस्ताव गरिएको हो। यसमा विनियोजित रकम गोडमेल,झाडी सफाई, जैविकबार/तारबारको मर्मत, सम्बृद्धि बृक्षारोपण, आगलागी र चरिचरन नियन्त्रण जस्ता कार्यमा खर्च गर्न सकिनेछ साथै आवश्यकता अनुसार वन हेरालु समेत राख्न सकिनेछ। कार्यक्रम सम्पन्न भए पश्चात् पुनरुत्पादन प्रवर्द्धन तथा संरक्षण गरिएको वनको नक्शा क्षेत्रफल, रोपण गरिएको जात र संख्या, तस्विरहरु, खर्चको बिल भर्पाई, झाडी सफाई, गोडमेल, आगलागी तथा चरिचरन

नियन्त्रणको कार्यमा गरिएको प्रयास सहितको प्रतिवेदन पेश गर्नुपर्नेछ । समुदायले व्यवस्थापन गरेको वन क्षेत्रमा हैसियत बिग्रेको वन क्षेत्रमा पुर्नउत्पादन प्रवर्द्धन तथा संरक्षण गर्नु परेमा सम्बन्धित वन उपभोक्ता समूह मार्फत गराउनु पर्नेछ । यस अन्तर्गत अहायका कृयाकलाप कुयान्वयन गरिनेछ ।

- विगतमा शुरु भएका हैसियत बिग्रेको वन क्षेत्रको पुनरोत्पादन प्रवर्द्धन तथा संरक्षणको निरन्तरता रु. (७५ हजार प्रति हेक्टर)
- हैसियत बिग्रेको वन क्षेत्रमा पुनरोत्पादन प्रवर्द्धन तथा संरक्षण

## २५. गरिबीको रेखा मुनी रहेका कबुलियती वन समूहलाई सामाजिक तथा प्राविधिक सहयोग

यो कार्यक्रम अन्तर्गत तपसिल बमोजिमका कार्यक्रमहरु राखिएको छ । प्रचलित सार्वजनिक खरिद तथा नियमावली बमोजिम कार्य सञ्चालन गर्नुपर्नेछ ।

- कबुलियती बनको लागि प्राविधिक सहयोग सेवा (वन प्राविधिक सहायकबाट)
- कबुलियती बनको लागि सामाजिक परिचालन सुपरिवेक्षण (डिभिजन सुपर्भाइजरबाट)
- कबुलियती बनको नियमीत बैठक तथा पोष्ट फरमेसन लागि सामाजिक परिचालन सेवा ( समुह परिचालनको अनुदान सहयोग-प्रति जिल्ला ८ जना, कार्य सम्पादनको आधारमा मासिक प्रगति अनुसार)
- सामाजिक परिचालन सुपरिवेक्षण (डिभिजन सुपर्भाइजरबाट)
- कबुलियती वन पोष्ट फर्मेसन सपोर्ट (प्राविधिक/सामाजिक परिचालक/आयआर्ज सहयोग)

## २६. कबुलियती वन विकास तथा प्रवर्द्धन कार्यक्रम

यो कार्यक्रम कबुलयति बनमा उन्नत जातका घांस खेती, जडिबुटी तथा गैरकाष्ठ वन पैदावार खेति, फलफुल खेति, नगदेवाली तथा छिटो बढ्ने प्रकारका बनजन्य प्रजाती रोपण संरक्षण र व्यवस्थापनका लागि खर्च गर्न सकिनेछ । यो कार्यक्रम समुहको माग सङ्कलन गरेर डिभिजन वन कार्यालय मार्फत वा समुहसँग सम्झौता गरेर गर्न सकिन्छ ।

## २७. चेपाङ,चिउरी र चमेरो संरक्षण कार्यक्रम

यो कार्यक्रम चिउरीको संरक्षण तथा व्यवस्थापन मार्फत चमेरोको बासस्थान संरक्षणमा टेवा पुऱ्याउने र चेपाङ समुदायको जीविकोपार्जनमा सहयोग पुऱ्याउने उद्देश्यले राखिएको हो । यो कार्यक्रमबाट चिउरीको प्रयोग मार्फत चेपाङ समुदायको आयआर्जन बृद्धिका कार्यक्रम सञ्चालन गर्ने, चमेरोको बासस्थान संरक्षण, चिउरी र चमेरोको संरक्षण तथा व्यवस्थापन सम्बन्धि जनचेतना फैलाउने जस्ता क्रियाकलाप सञ्चालन गर्ने, चिउरीको बृक्षारोपण गर्ने, पुनरुत्पादन संरक्षण तथा व्यवस्थापनका बिभिन्न क्रियाक्लापहरु सञ्चालन गर्ने क्रियाक्लापहरुमा खर्च गर्न सकिनेछ । यो कार्यक्रम बन समुह तथा स्थानिय जनप्रतिनिधिहरुको समन्वय र सहयोगमा गर्नु पर्नेछ ।



प्रदेश सचिव

बागमती प्रदेश सरकार वन तथा वातावरण मन्त्रालय हेटौंडा, नेपाल

२८. धादिङ जिल्लाको उत्तरी क्षेत्रमा रहेको गणेश हिमाल प्रवर्दन कार्यक्रम

यो कार्यक्रमबाट वन संरक्षण क्षेत्र घोषणा तथा व्यवस्थापनका लागि विगतको वर्षमा तयार पारिएको कार्ययोजनाको अध्ययन तथा अन्तिम दस्तावेजिकरण गरी वन संरक्षण क्षेत्र घोषणा गर्न, यसको प्रचार प्रसारका लागि जानकारीमूलक ब्रोशर प्रकाशन र सरोकारवालाहरुसंग अन्तरकृया कार्यक्रम संचालन गर्न सकिनेछ ।

२९. आ.व. २०७९/०८० मा कार्यान्वयन भई भुक्तानी हुन बाँकी क्रियाकलापहरुको भुक्तानी गर्ने

आ.व. २०७९।०८० मा कार्यान्वयन भएको तर भुक्तानी नभएको क्रियाकलापको भुक्तानिका लागि यो कार्यक्रम राखिएको छ । डिभिजन वन कार्यालयको योजना शाखाको वन अधिकृतको संयोजकत्वमा सम्बन्धित सव डिभिजन वन कार्यालयको प्रमुख, सम्बन्धित वडाको वडा अध्यक्ष तथा आवश्यकता अनुसार अन्य व्यक्तिहरु समेत समावेश गरी एउटा टोलि गठन गरी सोहि टोलिबाट स्थलगत निरीक्षण गरी/गराई हालको अवस्था समेत एकिन गरे पश्चात रकम भुक्तानिका लागि डिभिजन वन कार्यालयमा सिफारिस गर्नुपर्नेछ । सोहि सिफारिसको आधारमा डिभिजनल वन अधिकृतले रकम भुक्तानि गर्न सक्नेछ ।

३०. वन श्रमिकहरुको सामुहिक बिमा खर्च

राष्ट्रिय वन क्षेत्रमा काठ, दाउरा कटान, मुछान, संकलन कार्यहरुमा खटिने श्रमिक/कामदारहरुलाई कार्यस्थलमा हुनसक्ने सम्भावित स्वास्थ्य सम्बन्धि जोखिम बहन गर्न बीमा कम्पनी मार्फत क्षतिपूर्ति तथा उपचार खर्च भुक्तानी हुने गरी संलग्न श्रमिकहरुको सामूहिक दुर्घटना बीमाको प्रिमियम भुक्तानीका लागि यो रकम खर्च गरिनेछ । काठ दाउरा कटान मुछान कार्यमा संलग्न हुने श्रमिकहरुको विवरण प्राप्त गरी निजहरुको सामूहिक बीमा गरे पश्चात मात्र डिभिजन वन कार्यालयहरुले कटान सहमति/ईजाजत दिनु पर्नेछ ।

३१. घाइते तथा टुहुरा वन्यजन्तु उद्दार तथा व्यवस्थापन संबन्धि

मानव वन्यजन्तु द्वन्द न्युनिकरण गरी सहअस्तित्व कायम गर्न घाइते तथा टुहुरा वन्यजन्तु उद्दार तथा व्यवस्थापन गर्नु यो कार्यक्रमको उद्देश्य हो । यो शिर्षकमा विनियोजन भएको रकमबाट उद्धार सामाग्री, आहार, औषधि औजार खरिद, वन्यजन्तु उद्दार टोली परिचालन, केज वा खोर निर्माण/मर्मत, उद्धार टोलिका लागि फिल्ड गिएर खरिद लगायतमा खर्च गर्न सकिन्छ । यस अन्तर्गत देहायका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

- घाइते तथा टुहुरा वन्यजन्तु उद्दार तथा व्यवस्थापन
- घाइते तथा टुहुरा वन्यजन्तु उद्दारका लागि सामाग्री,आहारा, ईन्धन आदि खरिद
- वन्यजन्तु उद्धार, परिचालन तथा व्यवस्थापन (Rescue and handling) सामाग्री खरिद
- वन्यजन्तु उद्दारको लागि आवश्यक औजार/सामान खरिद
- घाइते तथा टुहुरा वन्यजन्तु उद्धरका लागि गरिएका पुराना केज वा खोर मर्मत तथा सुधार तथा नयाँ केज खरिद
- वन्यजन्तु उद्दार उपचार तथा पुनर्स्थापना कार्यक्रम कार्यान्वयन
- वन्यजन्तु उद्दारको लागि र्‍यापिड रेस्पोन्स टीम परिचालन
- वन्यजन्तुको औषधी तथा आहार खर्च



प्रदेश सचिव

बागमती प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
हेटौंडा, नेपाल

- उद्धार टोलीको लागी विमा खर्च
- उद्धार टोलीको लागी फिल्ड गिएर खरिद
- वन्यजन्तु उद्धार एवं उपचार कक्ष निर्माण
- विगतमा खरिद भएका तथा पुराना वन्यजन्तु उद्धारका लागि सामाग्री मर्मत (नेट, portable केज, आदी ।

## ३२. वन अतिक्रमण नियन्त्रण

वन अतिक्रमण बहुआयमिक समस्या हो । यसको नियन्त्रणका लागि स्थानीय तह, सामुदायिक वन उपभोक्ता समूह, प्रहरी, भूमि व्यवस्था तथा नापी कार्यालय तथा स्थानीय जनप्रतिनिधिसँग समन्वय र सहकार्य गर्दै विभिन्न क्रियाकलापहरु गर्न आवश्यक रहन्छ । यस अन्तरगत नापी तथा मालपोत कार्यालयको समन्वय र सहकार्यमा सीमाना निर्धारण र नक्साङ्कन, अतिक्रमण क्षेत्रमा नियमित अनुगमन तथा गस्ति परिचालन, अतिक्रमित क्षेत्र खालि गराउने कार्य, अतिक्रमण खालि गराईएको क्षेत्रमा वृक्षारोपण लगायतका कार्यहरु गर्न सकिन्छ । यो शिर्षकको रकम बिरुवा खरिद तथा रोपण, दैनिक भ्रमण भत्ता, बैठक, खाजा, खाना, पानी, इन्धन लगायतमा खर्च गर्न सकिनेछ । यस अन्तर्गत देहायका कार्यक्रमहरु गर्न सकिन्छ ।

- अतिक्रमण नियन्त्रणका लागि वन सिमाकंन
- वन अतिक्रमण नियन्त्रण
- वन अतिक्रमण हटाई वृक्षारोपण
- डुङ्गानागाउँ सामुदायिक वन मेलम्ची न पा ६ मा निजी आवादी जग्गा छुट्याइ वन क्षेत्र रेखाङ्कन

## ३३. वन विज्ञान अध्ययन संस्थान अन्तर्गत हेटौंडामा रहेको म्युजियमको स्तरोन्नति

वन विज्ञान अध्ययन संस्थान हेटौंडाको परिसरमा रहेको म्युजियमको स्तरोन्नतिका लागि यो कार्यक्रम प्रस्ताव गरिएको हो । यस कार्यक्रम वन विज्ञान अध्ययन संस्थान हेटौंडासंगको समन्वयमा प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम कार्यान्वयन गरिनेछ । यो कार्य संचालन पूर्व र संचालन पश्चातको फोटो समावेश गर्नु पर्नेछ ।

## ३४. फिल्डस्तरमा हुनसक्ने जोखिमका लागि तत्काल उद्धार खर्च

कर्मचारीहरुलाई फिल्डमा काम गर्ने क्रममा दुर्घटना भएमा वा आकस्मिक रुपमा स्वास्थ्य समस्या आईपरेमा प्राथमिक उपचार र तत्काल उद्धारका लागि यो कृयाकलाप समावेश गरिएको हो । यसमा विनियोजन भएको रकम घटनास्थलमा हुने प्राथमिक उपचार, घटनास्थलबाट तत्कास उद्धार गरी उपचार हुने स्थल/अस्पतालसम्म जाने सवारी साधन (हेलिकप्टर, एम्बुलेन्स आदि) भाडामा खर्च गर्न सकिनेछ ।

## ३५. पुरानो लौठसल्लाको जिन (आनुवंशिक गुण) संरक्षण कार्यक्रम बेथानचोक ४

बेथानचोक ४ मा रहेको करिब ३०० वर्ष पुरानो लौठसल्लाको रुखको संरक्षणका लागि यो कार्यक्रम राखिएको हो । यस शिर्षकमा विनियोजित रकमबाट घेराबार, पर्खाल निर्माण, बिउँ संकलन प्रसारण अभिलेख सहितको होर्डिङ्ग बोर्ड तयारी लगायतका अन्य आवश्यक कार्यहरुमा खर्च गर्न सकिन्छ ।



बागमती प्रदेश सरकार वन तथा वातावरण मन्त्रालय

### ३६. खोटेसल्ला/पाटेसल्ला/गोब्रेसल्ला/हिल साल आदिको Demonstration plot स्थापना र संचालन

यो कार्यक्रम सामुदायिक बन वा सरकारद्धारा व्यवस्थित बनमा गर्न सकिन्छ । उपयुक्त प्रजाति र स्थान छनौट गरे पश्चात बन श्रोत सर्भेक्षणका आधारमा आवश्यक Silvicultural operations पहिचान गरी कार्यान्वियन गर्नुपर्छ । प्राप्त तथ्याङ्को दीर्घकालिन व्यवस्थापन गर्ने र प्रकाशन गर्ने व्यवस्था डिभिजनल बन अधिकृतले मिलाउनु पर्नेछ । यस शिर्षकमा विनियोजित बजेटबाट Inventory, data management, Cleaning, Thinning, Pruning, इन्धन, खाजा, खाना आदिमा खर्च गर्न सकिनेछ ।

### ३७. बृद्धिमापन प्लट स्थापना तथा सञ्चालन

यो कार्यक्रम सञ्चालन गर्दा सम्बन्धित डिभिजन बन कार्यालयका कर्मचारी र उपभोक्ता समूहका सदस्यहरु परिचालन गरी बन क्षेत्रको बृद्धिमापनका लागि अनुसन्धान प्लट स्थापना/विगतमा स्थापना भएका बृद्धिमापन प्लटहरुको व्यवस्थापन गरिने छ । बृद्धिमापन प्लट संचालनका लागि अनुसन्धानको Protocal र लागत अनुमान तयार गरी विगतमा स्थापना भएका बृद्धिमापन प्लटहरुको मापन, अभिलेख प्रविष्टि तथा व्यवस्थापन र संचालनका लागि खर्च गर्न सकिनेछ । यस अन्तर्गत देहायका कार्यक्रम गर्न सकिनेछ ।

- सामुदायिक बनमा साल, सिसौं, सल्ला, बाझ लगायतको बृद्दि मापन प्लट निर्माण

### ३८. क.ब.उ.स. मा जीविकोपार्जन सुधार कार्यक्रम

कबुलियति बन समुह सदस्यहरुको आयआर्जन बढाउने, सीप विकास गर्ने र बनश्रोतको दिगो प्रयोग सुनिश्चित गर्ने उद्देश्यले यो कार्यक्रम राखिएको हो । यो कार्यक्रम अन्तर्गत स्थान अनुकुल फलफुल/मूल्यवान बनजन्य/जडिबुटी/घाँस प्रजातीका बिरुवाहरु खरिद तथा रोपण, मौरीपालनमा सहयोग, बाँस/काठको हस्तकला/फर्निचर/डोका-टोकरी निर्माण लगायतका सीप विकास तालिम/व्यवसायिक पशुपालन सम्बन्धि तालिम लगायतका अन्य आयआर्जनका क्रियाकलापहरु सञ्चालन गर्न सकिनेछ ।

### ३९. कबुलियती बनको अनुगमन गरी प्रतिवेदन तयारी र प्रकाशन

यस कार्यक्रम अन्तर्गत जिल्लामा गठन भएका कबुलियति बन समूहको अनुगमन तथा मूल्याङ्कन गर्ने र सोबाट प्राप्त तथ्याङ्को विश्लेषण गरी प्रतिवेदन तयारी तथा छपाई गरिनेछ । यो कार्यक्रम लागत लागत अनुमान तयार गरी सब डिभिजन बन कार्यालयका कर्मचारीहरुमार्फत् कार्यान्वयन गर्नुपर्नेछ। यस शीर्षकमा विनियोजन भएको रकम अनुगमन कार्यमा फिल्डमा खटिने कर्मचारीहरुलाई खाजा खर्च, मसलन्द, अनुगमन फर्मेट छपाई तथा प्रतिवेदन तयारी गर्ने र छपाई गर्ने कार्यमा खर्च गर्न सकिनेछ ।

### ४०. सल्लाको बनलाई चौडापाते बनमा रुपान्तरण

उपभोक्ताको चाहना र आवश्यकता समेतलाई दृष्टिगत गर्दै विभिन्न सल्लाको बनलाई चौडापाते बनमा रुपान्तरण गर्ने उद्देश्यका साथ यो कृयाकलाप समावेश गरिएको हो । यो कार्यक्रम बागमती प्रदेशको दिगो बन व्यवस्थापन कार्यविधि, २०७९ मा भएको व्यवस्था बमोजिम कार्यान्वयन गरिने छ । सल्लाको बन भएको क्षेत्रमा सम्बन्धित सब डिभिजन बन कार्यालयबाट उपभोक्ता समूह परिचालन गरी स्वीकृत सामुदायिक बन व्यवस्थापन कार्ययोजना बमोजिम गरिनेछ । स्वीकृत नर्मस्को आधारमा लागत अनुमान तयार गरी सो बमोजिम कार्य गर्नुपर्ने छ ।



बागमती प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
हेटौंडा, नेपाल

## ४१. बुढानिलकण्ठ नगरपालिका भित्रका ठूला रुखहरुको तथ्याङ्क संकलन तथा अभिलेख व्यवस्थापन

नगरपालिका भित्र रहेका ठूला रुखहरुको तथ्याङ्क संकलन गरी अभिलेख अध्यावधिक गर्ने उद्देश्यले यो कार्यक्रम प्रस्ताव गरिएको छ। सब डिभिजन वन कार्यालय मार्फत ठूला रुखहरुको नम्बरिङ्ग गरी उक्त रुखको प्रजाति, गोलाई, उचाई, जि.पि.एस. कोअर्डिनेट, फोटो र ठेगाना लिई तथ्याङ्क संकलन गर्नुपर्नेछ। साथै जोखिम, मध्यम जोखिम, उच्च जोखिम वा जोखिम नरहेको मध्ये के कस्तो अवस्थाको हो खुलाई तथ्याङ्क लिई कम्पाइल गरी अध्यावधिक गरी अभिलेख व्यवस्थापन गरिने छ। यस शिर्षकमा विनियोजित रकम स्टेशनरी, Tagging, खाजा, गाडी भाडा, ईन्धन आदिमा खर्च गर्न सकिने छ।

## ४२. दिगो वन व्यवस्थापन तथा कार्ययोजना तयारी र कार्यान्वयन

यस कार्यक्रम अन्तर्गत दिगो वन व्यवस्थापन कार्यविधि, २०७९ अनुसार सामुदायिक वनहरुको वन सम्वर्द्धन प्रणालीमा आधारित दिगो वन व्यवस्थापन कार्ययोजना तयारी गरिनेछ । साथै वन व्यवस्थापन कार्ययोजनाको म्याद समाप्त भएको सामुदायिक वनहरुको दिगो वन व्यवस्थापन कार्यविधि, २०७९ अनुसार पुनरावलोकन तथा नवीकरणका लागि समेत खर्च गर्न सकिनेछ । यस कार्यक्रममा विनियोजित रकमबाट वन सम्वर्द्धन प्रणालीमा आधारित दिगो वन व्यवस्थापन कार्ययोजना तयारी/परिमार्जनका लागि वन तथा भू संरक्षण मन्त्रालयको स्वीकृत वन, वनस्पति, वन्यजन्तु तथा भू संरक्षण सम्बन्धी विकास निर्माण कार्यक्रमका लागि दर विश्लेषण नर्मस, २०७० बमोजिम लागत अनुमान स्वीकृत गराई सोही बमोजिम खर्च गर्न सकिनेछ । वन सम्वर्द्धन प्रणालीमा आधारित दिगो वन व्यवस्थापन कार्ययोजना तयारीका लागि कार्यालयमा उपलब्ध जनशक्ति नभएको अवस्थामा प्रचलित सार्वजनिक खरिद ऐन र सार्वजनिक खरिद नियमावलीमा व्यवस्था भए बमोजिम सेवा प्रदायक मार्फत कार्य संचालन गर्न सकिनेछ । यो कार्यक्रम अन्तर्गत देहाय बमोजिमका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

- दिगो वन व्यवस्थापन कार्यविधि अनुसार सामुदायिक वनको कार्ययोजना तयारी सहयोग
- दिगो वन व्यवस्थापन तथा कार्ययोजना कार्यान्वयन

## ४३. सामुदायिक वन स्रोत तथा सुचना केन्द्र निर्माण भुटनदेवी सामुदायिक वन उपभोक्ता समुह, हेटौंडा १०, मकवानपुर

सामुदायिक वन उपभोक्ता समुहसँगको समन्वयमा सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम यो कार्यक्रम सम्पादन गरिनेछ ।

## ४४. सामुदायिक वन सम्बन्धी पाठ्यक्रम तयारी तथा प्रकाशन

यो कार्यक्रम वन विज्ञको समुहबाट ToR बनाई डिभिजनल वन अधिकृतबाट स्वीकृत गराएर सोहि बमोजिम सञ्चालन गरिनेछ । यो कार्यक्रमबाट सामुदायिक वनको उत्पत्ति, गठन तथा हस्तान्तरण प्रक्रिया, हालको अवस्था, चुनौति, सम्भावनाहरु लगायतका सामुदायिक वनसँग सम्बन्धित सम्पूर्ण विषयवस्तु समेटि वन प्राविधिक, सरोकारवाला, विद्यार्थि, अनुसन्धान कर्ता, उपभोक्ता तथा अन्य सरोकारवालाहरुलाई काम लाग्ने पाठ्यक्रम विकास गरिनेछ । आवश्यक परेमा सामुदायिक वन उपभोक्ता महासंघ, बाह्य विज्ञ/समूह/संस्थाबाट समेत यो कार्यक्रम कार्यान्वयन गर्न सकिनेछ ।



प्रदेश सचिव

बागमती प्रदेश सरकार वन तथा वातावरण मन्त्रालय हेटौंडा, नेपाल

## ४५. भिमफेदीस्थित हात्तिसार संग्रहालय संचालन खर्च

यस कार्यक्रममा विनियोजित बजेट उक्त संग्रहलयको विजुली, पानी, संग्रहालय हाताको सरसफाई लगायतका काममा खर्च गर्न सकिनेछ।

## ४६. वन डढेलो नियन्त्रण तथा व्यवस्थापनका ड्रोन खरिद

यस कार्यक्रममा बिनियोजित रकमबाट सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम ड्रोन खरिद गर्न सकिनेछ।

## ४७. कबुलियती वन सदस्यहरुको करेसाबारीमा तरकारिको विउविजन वितरण कार्यक्रम (200 घरधुरीलाई)

यो कार्यक्रम कबुलियती वन समूहका सदस्यहरुलाई वनको संरक्षण, सम्वर्द्धन र व्यवस्थापनमा प्रोत्साहन गर्ने उद्देश्यले राखिएको हो । यस कार्यक्रम अन्तरगत कबुलियती वन समूहका सदस्यहरुलाई उनिहरुको मागको आधारमा सहकार्य गरी सिजन अनुसारको तरकारीको बीउ बिजन खरिद तथा वितरण गर्नुपर्नेछ । वितरण गरिएको कबुलियती वन सदस्यहरुको घरधुरी, नाम, ठेगाना, बितरण गरिएको तरकारीको बीउको प्रकार र परिमाण समेतको बिबरण सहितको प्रतिवेदन पेश गर्नुपर्नेछ ।

## ४८. सामुदायिक वन व्यवस्थापन गरी काठ/दाउरा उत्पादन

सामुदायिक वन उपभोक्ता समुहले दिगो वन व्यवस्थापन कार्यविधि, २०७९ बमोजिम काठ, दाउराको संङ्कलन गर्दा आवश्यकताका आधारमा यस शीर्षकमा विनियोजित रकम खर्च गर्न सकिनेछ । आफ्नो श्रोत साधनबाट सामुदायिक वनको कार्ययोजना बमोजिम काठ दाउरा संकलन गर्न नसक्ने सामुदायिक वन उपभोक्ता समूहका लागि प्रस्ताव पेश गर्न डिभिजन वन कार्यालयले मंसिर मसान्त भित्र १५ दिने सार्वजनिक सूचना अनिवार्य रुपमा प्रकाशित गर्नुपर्नेछ । प्राप्त प्रस्तावहरुको मुल्याङ्कन गरी छनौट भएका सामुदायिक वन उपभोक्ता समूहसंग प्रचलित कानून बमोजिम सम्झौता गरी संकलन खर्च उपलब्ध गराउन सकिनेछ । यस कार्यक्रम अन्तर्गत सङ्कलन भएको काठ, दाउराको बिक्री पश्चात संङ्कलन खर्च प्रदेश सरकारको संचित कोषमा जम्मा गर्नुपर्नेछ । कार्यक्रम सम्पन्न भएपछि कार्य संचालन भएको समूहको नाम र ठेगाना, काठ दाउराको परिमाण, ठेक्का तथा अमानतको विवरण, संचालित कृयाकलापको फोटो, उपभोक्ता समितिको निर्णय लगायतका खर्च बिलभर्पाई संलग्न गरी पेश गर्नुपर्नेछ । साथै यसको प्रतिवेदन मन्त्रालय/निर्देशनालयमा पेश गर्नु पर्नेछ ।

## ४९. स्नात्तकोत्तर तहमा अध्ययनरत विद्यार्थीहरुबाट वन/वातावरण विषयसँग सम्बन्धित मन्त्रालयले तोकेका विषयमा अध्ययन अनुसन्धानका लागि Research Grant

बागमती प्रदेशमा अध्ययन अनुसन्धान क्षेत्र बनाएका स्नातकोत्तर तहको अन्तिम वर्षमा अध्ययनरत १० जना विद्यार्थीहरुलाई प्रति विद्यार्थी बढीमा ५० हजारसम्म वन संरक्षण तथा व्यवस्थापन, जलवायु परिवर्तन, प्रदुषण तथा फोहरमैला नियन्त्रण, रेड प्लस, वातावरणीय सेवा भुक्तानी, जडिबुटी, जैविक विविधता, भू तथा जलाधार क्षेत्र व्यवस्थापन लगायत वन तथा वातावरणसँग सम्बन्धीत अन्य विषयहरुमा अध्ययन अनुसन्धान गरी शोधपत्र तयार गर्न यस शीर्षकको रकम खर्च गर्न सकिनेछ । यसबाट विद्यार्थीको शोधपत्र तयार गर्ने कार्यमा पनि सहयोग हुने र मन्त्रालयको कार्यक्षेत्रमा समेत सहयोग पुग्ने र प्राप्त तथ्याङ्क एवम् प्रतिवेदनले मन्त्रालयको योजना तर्जुमामा समेत सहयोग पुग्ने अपेक्षा लिइएकोछ । यसको लागि मन्त्रालयले कार्यक्रम कार्यान्वयन गर्न तपसिल



सचिव
बागमती प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय

बमोजिमको एक प्राविधिक समिति रहनेछ । सो समितिले मूल्याङ्कनको मापदण्ड तयार गरी सोधकर्ताहरुबाट प्राप्त हुन आएका प्रस्तावहरुको छनौट तथा मूल्याङ्कन गरी स्वीकृतिको लागि पेश गर्नुपर्नेछ। छनौट भएका विद्यार्थीलाई बढीमा दुई किस्तामा रकम उपलब्ध गराईनछ। अध्ययन अनुसन्धान गर्ने क्षेत्रको कम्तिमा स्नातकोत्तर गरेको वन अधिकृतलाई Co-advisor राख्नु पर्नेछ ।

<u>तपसिल</u>

संयोजक : योजना महाशाखा प्रमुख, वन तथा वातावरण मन्त्रालय

सदस्य : प्रतिनिधि, विश्वविद्यालय

सदस्य सचिव : वन अधिकृत, योजना शाखा, वन तथा वातावरण मन्त्रालय

आवश्यकतानुसार विषय विज्ञलाई आमन्त्रित सदस्यको रुपमा बोलाउन सकिनेछ ।

## ५०. वन विज्ञान विषयमा स्नातक तह अन्तिम वर्षमा अध्ययनरत विद्यार्थीहरुका लागि इन्टर्नशिप

बागमती प्रदेशमा सञ्चालित त्रिभुवन विश्व विद्यालय, वन विज्ञान अध्ययन संस्थानबाट र कृषि तथा वन विश्वविद्यालय, वन संकायमा स्नातक तहको अन्तिम बर्षमा अध्ययनरत विद्यार्थीहरुलाई अध्ययन संस्थानहरुसँग Memorandum of Understanding गरी ईन्टर्नसिप गर्न यस शीर्षकको रकम खर्च गरिनेछ। ईन्टर्नसिप गर्ने विद्यार्थीको छनौट सम्बन्धीत विश्वविद्यालयले गर्नेछ । ईन्टर्नसिप गर्न आएका विद्यार्थीहरुलाई खटिएको निकाय/महाशाखाबाट भुक्तानीको लागि सिफारिस भई आए पश्चात बढीमा ४ महिनाको लागि मन्त्रालयबाट निर्धारण भए बमोजिमको रकम खाना तथा खाजा खर्च बापत भुक्तानी दिइनेछ ।

## ५१. वन सम्बर्द्धन कार्य समूह गठन तथा सञ्चालन

दिगो वन व्यवस्थापन कार्यविधि, २०७९ अनुसार वन सम्बर्द्धन सम्बन्धी (Silviculture) को प्राविधिक विषयमा नीतिगत र प्राविधिक पृष्ठपोषणका लागि वन तथा वातावरण मन्त्रालयले वन सम्बर्द्धन कार्य समूह (Silviculture Working Group) गठन गरी संचालन गरिनेछ । यस शिर्षकमा बिनियोजित बजेट स्वीकृत लागत अनुमान बमोजिम कार्य समूहको बैठक भत्ता, खाजा/खाना, फिल्ड अनुगमनमा जादाको दैनिक भ्रमण भत्ता, यातायात खर्च, ईन्धन खर्च लगायत शिर्षकमा खर्च गर्न सकिनेछ ।

## ५२. पुरानो बहुबर्षिय विरुवा स्याहार तथा संरक्षण

यस शीर्षकमा विनियोजित रकम डिभिजन वन कार्यालयहरुको नर्सरीमा मौज्दात रहेको महत्वपूर्ण बहुवर्षे प्रजातिका बिरुवाहरुको संरक्षण एवं व्यवस्थापन कार्यको लागि खर्च गर्न सकिनेछ । कार्य संचालन गर्दा नर्सरीमा मौज्दात रहेको बिरुवाहरुको प्रजाति, संख्याको विवरण सहित प्रतिबेदन तयार गर्नुपर्नेछ ।

## ५३. गत्लाङ क्षेत्रमा डढेलोले क्षतिग्रस्त वन क्षेत्र व्यवस्थापन

रसुवा जिल्लाको गत्लाङ क्षेत्रमा विगत १७ बर्ष अगाडि डढेलोले क्षति गरेको वन क्षेत्रको पुनर्स्थापनाको लागि यो कृयाकलाप समावेश गरिएको हो। यो कार्य सञ्चालन गर्दा सम्बन्धित सामुदायिक वनको स्वीकृत कार्ययोजनामा उल्लेख भए अनुसार डढेलोले विनाश गरेको २७३ हेक्टर वन क्षेत्र मध्ये यस आ.व.मा कार्य गरिने क्षेत्र छनौट



बागमती प्रदेश सरकार वन तथा वातावरण मन्त्रालय हेटौंडा, नेपाल

गरी छनौट गरिएको क्षेत्रमा डढेलोले क्षति गरेको रुखहरुको लगत लिने लगत लिएका रुखहरु कटान गरी हटाई तारबार वा घेराबार सहित प्राकृतिक पुनरोत्पादन वा उपयुक्त प्रजातिको वृक्षारोपण गर्ने, पानीको व्यवस्थापन गर्ने, हेरालुको व्यवस्थापन गर्ने जस्ता कार्यमा खर्च गर्न सकिनेछ । साथै गत विगत आ.व.मा उक्त क्षेत्रमा गरिएको वृक्षारोपणको गोडमेल, पुनःरोपण लगायत अन्य संरक्षणका कार्यहरु गर्न समेत खर्च गर्न सकिनेछ ।

**५४. डिभिजन वन कार्यालयको अघिल्लो आवको बार्षिक प्रगती पुस्तिका प्रकाशन (समग्र वन क्षेत्रको वस्तुस्थिती झल्कने गरी)**

जिल्लास्थित समग्र वनक्षेत्रको तथ्याङ्क, सम्पादित सम्पुर्ण कार्यप्रगति विवरण लगायत अन्य तथ्याङ्क सङ्कलन गरी बार्षिक प्रगती पुस्तिका प्रकाशन गरिनेछ ।

**५५. वन विउ स्टयान्ड स्थापना, संचालन तथा व्यवस्थापन**

विगतमा विभिन्न जिल्लाहरुमा स्थापना भएका Seed Stand/Seed Orchard हरुबाट वनजन्य रुख एवम् बहुउपयोगी प्रजातिको गुणस्तरयुक्त बीउ उत्पादन गर्न र त्यस्ता बीउको स्रोतको संरक्षण गर्न स्थापना गरिएका Seed Stand/Seed Orchard हरुको संरक्षण एवम् सुधार गर्न तथा Seed Stand नभएका जिल्लामा स्थापना समेतको लागि यो कार्यक्रम राखिएको छ । यस शीर्षक अन्तर्गत विनियोजित रकम Seed Stand को व्यवस्थापन/स्थापनाको लागि रुखको नक्साङ्कन गरी माउ रुख छनौट, परिपक्व माउ रुख भएको अवस्थामा बीउ संङ्कन, Seed Stand को लागि क्षेत्र छनौट, झाडी सफाई, कमसल(Inferior)खालका रुखहरु हटाउने, डिजाइन, ले-आउट, फेन्सिङ, टयागिङ, वृक्षारोपण, हेरचाह, अनुगमन, होर्डिङ्ग बोर्ड निर्माण र स्थापना एवम् त्यस्तो कार्यमा खटिने कर्मचारीको लागि नियमानुसार पाउने दैनिक भ्रमण भत्ता लगायतका क्रियाकलापमा खर्च गर्न सकिनेछ। कार्यक्रम सम्पन्न भए पश्चात् प्रतिवेदनमा सञ्चालन भएको कार्यक्रमहरुको फोटो, लागत अनुमान र खर्चको बिल भर्पाई, GIS नक्शा सहितको Seed Stand व्यवस्थापन/स्थापनाको विस्तृत प्रतिवेदन पेश गर्नुपर्नेछ । यो कार्य डिभिजन वन कार्यालय वा सब डिभिजन अन्तर्गतका प्राविधिक कर्मचारीको सहयोग र सहजीकरणमा सम्पन्न गरिनेछ। कार्यक्रम सञ्चालन भएको स्थानमा सो सम्बन्धी सम्पूर्ण विवरण सहितको होर्डिङ्ग बोर्ड निर्माण गर्नुपर्नेछ । Seed Stand बाट सङ्कलन गरिएको बीउको Viability कायम हुने गरी सुरक्षित भण्डारण गर्नुपर्नेछ । उत्पादित बीउको विवरण वन निर्देशनालय र मन्त्रालयमा पठाउनु पर्नेछ । यो कार्यको अनुगमन कार्यालय प्रमुख वा निजले खटाएको अधिकृत स्तरको प्राविधिक कर्मचारीबाट गर्नुपर्नेछ।

**Seed Stand बाट बीउ सङ्कलनको रिपोर्टिङ्ग Format**

| सि नं | जिल्ला | नाम,ठेगाना र जि पि एस लोकेशन | क्षेत्रफल | माउ रुख संख्या | प्रजाति | सङ्कलित बीउको परिमाण | सङ्कलन गर्दा लागेको श्रमदिन | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | |

**यसमा अन्तरगत निम्न कृयाकलापहरु संचालन गरिनेछन् ।**

- बहुमुल्य प्रजातिको बिउ स्टयाण्डको व्यवस्थापन
- बहुमुल्य प्रजातीको बिउ स्टयाण्ड व्यवस्थापन तथा बीउ सङ्कलन



वागमती प्रदेश सरकार वन तथा वातावरण मन्त्रालय हेटौंडा, नेपाल

प्रदेश सचिव

५६. काठ सिजनिङ्ग प्लान्ट स्थापना/मर्मत तथा सञ्चालन

१. आवश्यकता पहिचान तथा तयारी चरण

- डिभिजन वन कार्यालयले सामुदायिक वन उपभोक्ता समुहका प्रतिनिधिहरु, स्थानीय वन उपभोक्ता महासंघका प्रतिनिधि, वन पैदावारमा आधारित उद्यम सञ्चालन गर्ने निजी उद्योगि, स्थानीय तह तथा अन्य सरोकारवाला निकायहरुको समन्वय र सहकार्यमा Softwood seasoning and treatment plant को स्थापना तथा सञ्चालनका लागि हाल मौजुदा अवस्था र सम्पत्तिको लेखाजोखा गरी आवश्यक पर्ने मेशिनरी औजार, उपकरण, DPR review, ट्रान्सफर्मर तथा विद्युत जडान, भवन तथा अन्य संरचनाको पहिचान गरिनेछ ।

२. सेवा खरिद, निर्माण तथा हस्तान्तरण

- ➢ प्लान्ट निर्माण तथा सञ्चालनका लागि पहिचान गरिएका सम्पुर्ण कियाकलापहरुको लागत इष्टमेट तयार तथा स्वीकृत गरी डिभिजन वन कार्यालयले प्रचलित कानुन बमोजिम E-biding मार्फत सेवा खरिद तथा निर्माण कार्य गर्नेछ ।
- ➢ सिजनिङ्ग प्लान्टमा जडित मेशिन, उपकरण, अन्य संरचना तथा भवन र यस्तै प्रकारका वस्तु तथा प्रणालीहरुको स्वामित्व डिभिजन वन कार्यालयले सामुदायिक वन उपभोक्ता समुहलाई हस्तान्तरण गर्नेछ । यसको संरक्षणको दायित्व सम्बन्धित सामुदायिक वन उपभोक्ता समुहको हुनेछ ।

३. सञ्चालन तथा मर्मत सम्भार

यो कार्यक्रम विशेषत निजीक्षेत्रको प्राविधिक ज्ञान क्षमता र लगानीलाई प्रोत्साहन गर्दै सार्वजनिक निजी साझेदारीमा वन पैदावारको दिगो र उपार्जनमुलक प्रयोगबाट मुलुकको आर्थिक समृद्धिमा योगदान पुर्‍याउने उद्देश्यले सञ्चालन गरिएको हो । तसर्थ निजीक्षेत्रको छनौट तथा सहभागिताका लागि तपसिल बमोजिम

क. प्रस्ताव आव्हान गर्ने:

- ➢ कार्यालयले राष्ट्रियस्तरको पत्रिकामा कम्तीमा ३० दिनको अवधि राखी सार्वजनिक सूचना प्रकाशन गरी आर्थिक र प्राविधिक प्रस्ताव छुट्टाछुट्टै आव्हान गर्नुपर्नेछ र धेरै जनसम्पर्क हुने जिल्लास्थित कार्यालयहरू, निर्देशनालय तथा मन्त्रालयमा समेत टाँस गर्नुपर्नेछ ।
- ➢ तपसिलमा उल्लेखित योग्यता पुगेका निजी उद्योगीहरुले सूचनामा तोकिएको समय सीमा भित्र डिभिजन वन कार्यालयमा प्रस्तावना पेश गर्नुपर्नेछ ।
    - ❖ कम्तिमा १ वर्ष Wood seasoning and treatment मा काम गरेको अनुभव भएको ।
    - ❖ उद्योग दर्ता/नविकरण भएको

- ❖ कर चुक्ता, VAT/PAN दर्ता भएको

➢ प्रस्तावमा पेश गर्नुपर्ने विषयहरु

- ❖ आयोजनाको प्राविधिक पक्ष/सम्भाव्यता
- ❖ अनुमानित लागत
- ❖ वित्तिय स्रोत, लागत साझेदारी तथा लाभांश वितरण
- ❖ आवश्यक पर्ने कच्चापदार्थ तथा सोको नियमित उपलब्धता र स्रोत
- ❖ कार्यान्वयन सम्बन्धि व्यवसायिक योजना
- ❖ रोजगारी सृजना
- ❖ नेपाल सरकार/प्रदेश सरकारबाट अपेक्षित सुविधा तथा सहुलियत र नेपाल सरकार/प्रदेश सरकार/सामुदायिक वन उपभोक्ता समुहलाई दिन प्रस्ताव गरिएका आर्थिक फाइदा
- ❖ सम्झौता प्रस्ताव अवधि लगायतका अन्य विषयहरु

**ख. प्रस्ताव छनौट प्रकृया:**

➢ प्राप्त प्राविधिक तथा आर्थिक प्रस्तावको मुल्याङ्कनको लागि डिभिजनल वन अधिकृतले निम्न बमोजिमका पदाधिकारी रहने गरी मूल्याङ्कन समिति गठन गर्नुपर्नेछ । मूल्याङ्कन समितिले उपयुक्त उद्योग छनौट गरी सम्झौताका लागि डिभिजन वन कार्यालय र सामुदायिक वन उपभोक्ता समुहलाई सिफारिस गर्नेछ ।

- ❖ डिभिजनल वन अधिकृतले तोकेको आठौं तहको वन अधिकृत- संयोजक
- ❖ निर्देशनालयले तोकेको वन अधिकृत — सदस्य
- ❖ प्रदेश लेखा नियन्त्रक वा जिल्ला स्थित कोष तथा लेखा नियन्त्रक कार्यालयले तोकेको अधिकृत प्रतिनिधि-सदस्य
- ❖ कार्यालयको आर्थिक प्रशासन शाखा प्रमुख- सदस्य
- ❖ सम्बन्धित सामुदायिक वन उपभोक्ता समुहको अध्यक्ष- सदस्य
- ❖ कार्यालयको कर्मचारी प्रशासन शाखा प्रमुख-सदस्य सचिव
- ❖ आवश्यक ठानेमा मुल्याङ्कनका क्रममा विज्ञलाई आमन्त्रण गर्न सक्नेछ ।

➢ मूल्याङ्कनका आधारहरु:

बागमती प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
हेटौंडा, नेपाल

प्रदेश सचिव

प्राविधिक प्रस्ताव

| क.सं. | मूल्याङ्कनको आधार सूचक | पुर्णाङ्क | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|
| १ | प्रविधिमा सुधार वा आधुनिक प्रविधिको प्रयोग | ५ | | |
| २ | स्थानीय स्रोत साधन तथा कच्चा पदार्थको उपयोग | १० | | |
| ३ | उद्यमको आकारको अनुपातमा रोजगारी सृजना हुन सक्ने अवस्था | १० | | |
| ४ | उत्पादित वस्तुको बजार योजना | १० | | |
| ५ | मानवीय स्रोतको अवस्था | १० | | |
| ६ | Wood Seasoning and Treatment Plant मा निजीक्षेत्रको अनुभव | १५ | | |
| | क. १ वर्षको अनुभव भएमा | ५ | | |
| | ख. १ देखि ५ वर्षसम्मको अनुभव भएमा | १० | | |
| | ग. ५ वर्ष माथि अनुभव भएमा | १५ | | |
| | जम्मा पूर्णाङ्क | ६० | | |

आर्थिक प्रस्ताव

| क.सं. | मूल्याङ्कनको आधार सूचक | पुर्णाङ्क | प्राप्ताङ्क | कैफियत |
|---|---|---|---|---|
| १ | उद्यम सञ्चालनबाट सामुदायिक वनले प्राप्त गर्ने नाफा प्रतिशत | २० | | |
| २ | सामुदायिक वनलाई तिर्ने मासिक leased fee | २० | | |
| | जम्मा पूर्णाङ्क | ४० | | |

- मुल्याङ्कन समितिले आवश्यक ठानेमा मुल्याङ्कन गर्न सजिलो हुने उद्देश्यले माथि दिईएका मूल्याङ्कनका आधार सूचकलाई विभक्त गर्न सक्नेछ ।

४. सम्झौता तथा कार्यसञ्चालन

- मुल्याङ्कन समितिबाट सिफारिस भई आएको निजी उद्योग सँग सामुदायिक वन उपभोक्ता समुहले डिभिजन वन कार्यालयको रोहबरमा सम्झौता गर्नु सक्नेछ ।
- सामुदायिक वनले निजीक्षेत्र सँग बढिमा १० वर्षको अवधिसम्म सञ्चालन तथा मर्मत/सम्भार गर्ने गरी सम्झौता गर्न सक्नेछ ।

- निजीक्षेत्रले जनशक्ति व्यवस्थापन, कच्चापदार्थको व्यवस्थापन र बजारको व्यवस्थापन आफै गर्नुपर्नेछ ।
- उद्योग सञ्चालन सम्बन्धिको Running cost निजी उद्योग आफैले गर्नेछ ।

यो कार्यक्रम सामुदायिक वनहरुको सहकारी निर्माण गरी सो मार्फत निजीक्षेत्रको साझेदारीमा समेत सञ्चालन गर्न सकिनेछ ।

बागमती प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
हेटौंडा, नेपाल

प्रदेश सचिव

## वातावरण तथा शहरी वन तर्फको

### ५७. मेशिनरी औजार खरिद/वितरण/कार्यसञ्चालन

वन, वन्यजन्तु तथा वनस्पतिको संरक्षण तथा व्यवस्थापनका लागि आवश्यक पर्ने उपयोगी सामाग्री/साधन/मेशिन/औजार/उपकरण खरिद/वितरण/कार्यसञ्चालन गर्नका लागि यो कार्यक्रम राखिएको हो । कार्य उद्देश्यसँग औचित्य पुष्टि हुने सामाग्री/साधन/मेशिन/औजार/उपकरणहरु प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली अनुसार खरिद गर्न सकिनेछ । यस कार्यक्रम अन्तर्गत PLMBIS मा समावेश भएका देहाय अनुसारका र समान प्रकृतीका कार्यक्रमहरु गर्न सकिनेछ ।

- वन व्यवस्थापन सम्बन्धी मेशिनरी औजार / उपकरण खरिद
- वातावरणीय अनुगमनका लागि आवश्यक मेशीनरी औजार तथा उपकरण खरिद
- घाइते तथा टुहुरा बन्यजन्तु उद्धारका लागि गरिएका पुराना केज वा खोर मर्मत तथा सुधार तथा नयाँ केज खरिद (बन्यजन्तु उद्धार केज )
- पतकरबाट जैविक मल बनाउने मेसिन खरिद
- मिचाहा प्रजातिबाट कम्पोष्ट मल बनाउने मेशिन खरिद र तालिम नवजागृति सा व भरतपुर ११
- प्राङ्गरिक मल बनाउने उपकरण खरिद तथा कार्य संचालन

### ५८. नर्सरी निर्माण/मर्मत/सुधार/स्तरोन्नती

डिभिजन वन कार्यालय/सब डिभिजन वन कार्यालय तथा भू तथा जलाधार व्यवस्थापन कार्यालयमा स्थापना भएका नर्सरीको मर्मत तथा स्तरोन्नती गर्नका लागि यो कार्यक्रम राखिएको हो । यो कार्यक्रमको लागि अन्य स्रोतहरु भएमा दोहोरो नपर्ने एकिन गरि कार्यक्रम सञ्चालन गर्नुपर्नेछ । दोश्रो त्रैमासिक भित्र नर्सरी मर्मत/सुधार/स्तरोन्नती गरिसक्नु पर्नेछ । नर्सरीमा सिंचाईको स्थायी व्यवस्था, हरेक बेडमा छहारी तथा ट्यागिङ,नर्सरी सुरक्षाको लागि स्थायी तारबार वा पर्खाल, ओभरहेड वाटर टैंक, स्टोर हाउस, कम्पोष्ट पिट, सेडहाउस, ग्रिन हाउस, हरेक बेडमा पाईप जडान गरी स्प्रिङकल सिचाईको व्यवस्था, बत्तीको व्यवस्था गर्नु लगायतका कार्यहरु गर्न सकिनेछ । बहुवर्षिय बिरुवा उत्पादन गर्नको लागि उपयुक्त संरचनाको व्यवस्था मिलाउनु पर्नेछ । नर्सरी राखिएको स्थानमा स्पष्ट देखिने गरी विस्तृत बिवरण सहितको होर्डिङ्ग बोर्ड राख्नुपर्नेछ । यस कार्यक्रम अन्तर्गत देहाय अनुसारका कार्यक्रम गर्न सकिनेछ ।

- डिभिजन वन कार्यालयको नर्सरी मर्मत/सुधार/स्तर उन्नति
- भू तथा जलाधार व्यवस्थापन कार्यालयको नर्सरी मर्मत/सुधार/स्तर उन्नति

### ५९. निजी नर्सरी प्रवर्द्धनको लागि सेड हाउस निर्माण

निजी तथा व्यवसायिकरुपमा सञ्चालित नर्सरी धनिहरुलाई सेड हाउस निर्माणका लागि वस्तुगत अनुदान सहयोग उपलब्ध गराउनका लागि यो कार्यक्रम राखिएको हो । वनजन्य तथा फलफुलजन्य बिरुवा उत्पादन गर्ने



प्रदेश सचिव
बागमती प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय

नर्सरीलाई प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावलीको अधिनमा रहि यो अनुदान उपलब्ध गराउन सकिनेछ ।

## ६०. बिरुवा उत्पादन/मौज्दात बिरुवा संरक्षण

डिभिजन वन कार्यालय वा सव डिभिजन वन कार्यालय र भू तथा जलाधार व्यवस्थापन कार्यालय मार्फत बिरुवा उत्पादन गरी वितरण गर्न यो कार्यक्रम सञ्चालन गरिनेछ । बिरुवा वितरण गर्दा सबै प्रकारका वनहरु जस्तैः सरकारद्धारा व्यवस्थित वन, सामुदायिक वन, निजी वनहरु आदिमा जनसहभागीता परिचालन गरी वृक्षारोपण गर्न अभिप्रेरित गरिनेछ । बिरुवा उत्पादन गर्दा तपसिलमा उल्लेखित मार्गदर्शनलाई अनिवार्य अनुसरण गर्नु पर्नेछ ।

- नर्सरीमा बिरुवा उत्पादन गर्दा स्थानीय र प्रदेशको आवश्यकता तथा व्यवसायिक महत्वका बिरुवालाई ध्यान दिई जात, संख्या र साइज खुल्ने गरी बिरुवा उत्पादन योजना तयार गर्नुपर्नेछ । सो गर्दा बिरुवाको प्रकृति अनुसार उपयुक्त बिरुवा उत्पादन गर्न आवश्यक अवधिका आधारमा उपयुक्त साइजको पोलिब्यागमा उत्पादन गर्नुपर्नेछ ।
- कार्यदिशमा स्थानिय आवश्यकता अनुसार कुन कुन प्रजातिका बिरुवा उत्पादन गर्ने हो स्पष्ट रुपमा खुलाउनुपर्नेछ ।
- गुणस्तरयुक्त तथा स्थानियस्तरमा सफल भएका रुखबिरुवाका बीउलाई मात्र छनोट गर्नुपर्नेछ ।
- बहुवर्षे वा एक वर्षे बिरुवा के उत्पादन गर्ने हो ? सोको एकिन गरी सोहि बमोजिम कार्यदिश दिनु पर्नेछ ।
- यसरी उत्पादन हुने बिरुवा समुदायमा आधारित वन, सरकारद्धारा व्यवस्थित वन, सार्वजनिक तथा सरकारी जग्गामा वृक्षारोपण, वातावरण दिवस, वन महोत्सव जस्ता कार्यक्रम तथा सर्वसाधारणहरुलाई निजी वृक्षारोपणका लागि वितरण गरिनेछ ।
- बिरुवा उत्पादन भई वितरण गर्दा बिरुवा लैजाने व्यक्ति/समुह/संस्थाको नाम ठेगना र सम्पर्क नं. समेत रजिस्टर खडा गरी अभिलेख राख्नु पर्नेछ । बिरुवा वितरण गरिएको विस्तृत विवरण अद्यावधिक गरेर राख्नुपर्नेछ ।
- बिरुवा उत्पादनको प्रतिवेदनमा नर्सरी रहेको स्थान, क्षेत्रफल, क्षमता, GPS लोकेशन, जात, उमेर अनुसार बिरुवा संख्या, फोटो, बीउको श्रोत, वितरण/उपयोग रजिष्टर, रोजगारी सृजना लगायतका विवरण राख्नुपर्नेछ।
- स्वस्थ र गुणस्तरीय बिरुवा मात्र वितरण गर्नु पर्नेछ ।

**यस कार्यक्रम अन्तर्गत तपसिलमा उल्लेखित कार्यक्रम गर्न सकिनेछ ।**

- नर्सरी निर्माण तथा बिरुवा उत्पादन थानसाङ्ग गा पा १ वासखर्क
- नर्सरीमा मौजदात रहेका बिरुवाहरुको संरक्षण तथा व्यवस्थापन
- बिरुवा उत्पादन ( वन जन्य/ जडिबुटी तथा गैहकाष्ठ/ फलफुल/ सौन्दर्यपरक।



प्रदेश सचिव

बागमती प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
हेटौंडा, नेपाल

## ६१. बिरुवा खरिद/खेति बिस्तार/वृक्षारोपण

यस शिर्षक अन्तर्गतको कार्यक्रम संचालन गर्दा तपसिलमा उल्लेखित मार्गदर्शनहरुलाई अनुसरण गरिनेछ ।

- डिभिजन वन कार्यालय र भू तथा जलाधार व्यवस्थापन कार्यालयले वार्षिक वृक्षारोपण योजना (स्थान, नक्शा, क्षेत्रफल, बिरुवा प्रजाती, संख्या तथा वृक्षारोपण क्षेत्रको संरक्षण गर्ने निकाय/समुह सहितको) तयार गर्नु पर्नेछ ।
- वृक्षारोपण गरिने बिरुवाको गुणस्तर, उचाई तथा रोगकिरा नलागेको स्वस्थ सुनिश्चित गर्नुपर्नेछ । सकभर वृहत क्षेत्रमा वृक्षारोपण गर्ने कार्यलाई प्राथमिकता दिनुपर्नेछ ।
- वृक्षारोपण पश्चात संरक्षणको सुनिश्चितताका लागि आवश्यकता अनुसार तारबार, घेरबार, हेरालु लगायतका क्रियाकलापहरू समेत समावेश गर्न सकिनेछ ।
- कार्यालयले वृक्षारोपण पूर्व स्थानीय परिवेश अनुकुल वृक्षारोपण योजना बनाई कार्यान्वयन गर्नुपर्नेछ ।
- बाँसको बिरुवा खरिद गर्दा कम्तिमा २ बर्ष हुनुपर्नेछ ।
- नर्सरीमा उत्पादन गरिएको बाहेकका Locality match र समान Ecological zone मा उत्पादित गुणस्तरीय बिरुवाहरू खरिद गरी रोपण गर्नुपर्नेछ ।
- वृक्षारोपण गरिने स्थानको जि.पि.एस. लोकेशन सहित GIS नक्शा, क्षेत्रफल, प्रजाति, संख्या आदिको बिस्तृत बिवरण संलग्न राखी प्रगति विवरण पेश गर्नुपर्नेछ ।
- कार्यालयबाट आर्थिक वर्ष समाप्त भए पश्चात भाद्र महिना भित्र वृक्षारोपण क्षेत्रको स्थलगत निरिक्षण गरी वन निर्देशनालय र मन्त्रालयमा प्रतिवेदन पेश गर्नुपर्नेछ ।
- मन्त्रालय तथा निर्देशनालयबाट वृक्षारोपण क्षेत्रको अनुगमन तथा निरीक्षण गर्न सकिनेछ ।

**यस कार्यक्रम अन्तर्गतका कार्यक्रमहरु तपसिल बमोजिम छन् ।**

<u>वातावरण संरक्षण तथा शहरी बन व्यवस्थापन कार्यक्रम तर्फ</u>

- वृक्षारोपण (सामुदायिक वन , कबुलियती बन, सार्वजनिक क्षेत्र, अतिकमित, नदि उकास क्षेत्र/नदि किनार क्षेत्रमा बिरुवा खरिद, ढुवानी र रोपण, बन बिरुवा, बाँस तथा अन्य प्रजाती समेत)
- स्थानीय तहसंगको सहकार्य/समन्वयमा शहर/नगर/सडक किनार क्षेत्रमा सौन्दर्यमुलक बिरुवा वृक्षारोपण तथा हरियाली प्रबर्द्धन (५ फीट भन्दा अग्लो बहुबर्षिय बिरुवा खरीद र ढुवानी सहित)( Roadside Plantation )
- मियावाकी वृक्षारोपण कार्यक्रम
- मध्यपहाडी लोकमार्गको/जनमुक्ति मार्ग लगायतका सडक खण्ड दायाँबायाँ सौन्दर्यपरक वृक्षारोपण
- कर्राखोला नया खोलिएको बाटो दायाबाँया ट्रिगार्ड सहित सडक किनार वृक्षारोपण
- अतिक्रमण हुन सक्ने संवेदनशील वन क्षेत्रमा वन क्षेत्रको जग्गा छुट्याई फलफूल वृक्षारोपण हेज निर्माण



प्रदेश सचिव

बागमती प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
हेटौंडा, नेपाल

➢ अचमारा सामुदायिक वन क्षेत्रमा रहेको खाली स्थानमा तारजाली, हेरालु सहितको बृक्षारोपण कार्यक्रम

➢ मदन भण्डारी लोकमार्ग सौन्दर्यकरण अभियान

➢ सुख्खाग्रस्त क्षेत्रमा बृक्षारोपण (फिक्कल तथा गोलनजोर गा.पा)

➢ सुख्खाग्रस्त क्षेत्र हरियाली प्रवर्द्धन विशेष कार्यक्रम

➢ बास रोपण (सामुदायिक वन/ कबुलियती वन/ सार्वजनिक क्षेत्र/ नदि उकास क्षेत्र/ नदि किनार/ खोला खोल्सी/ निजी जग्गा)

➢ कुरिनटार ग्रीनरी कार्यक्रम इच्छाकामना ४ चितवन

➢ सौराहा ग्रीनरी कार्यक्रम रत्ननगर ६ चितवन

➢ निजि जग्गामा फलफूलका विरुवा खरिद तथा वितरण

➢ कबुलियती बनको उपभोक्ता किसानको निजी जग्गामा कम्तिमा २ वर्षे फलफूल विरुवा खरिद तथा वितरण (प्रति घरधुरी ५ वटा वितरण गर्ने)

<u>राष्ट्रिय वन संरक्षण तथा व्यवस्थापन कार्यक्रम तर्फ</u>

➢ सामुदायिक वनमा फलफुल तथा बहुउपयोगी बिरुवाहरुको वैज्ञानिक बिस्तार कार्यक्रम, महालक्ष्मी ८ र ९, ललितपुर

➢ कबुलियती वनमा कागती, जुनार तथा अन्य फलफूल प्रजाति बृक्षारोपण कार्यक्रम दुईवटा क्लष्टरका २० समुह

➢ विगतमा भएका बृक्षारोपणको पुनरोपण, गोडमेल तथा संरक्षणको निरन्तरता

➢ स्थानीय तहसँगको समन्वयमा बर, पिपल, समी लगायतका चौतारो संरक्षण तथा व्यवस्थापन

➢ वन क्षेत्रभित्र पर्ने विधुतिय हाईटेन्सन लाइन मुनिको खाली जग्गामा फलफुल तथा गैरकाष्ठ वन पैदावार रोपण कार्यक्रम( हाइटेन्सन लाईन मुनिको खाली जग्गामा आयमूलक कार्यक्रम)

➢ वन क्षेत्रभित्र पर्ने विधुतीय हाईटेन्सन लाईन मुनि, सार्वजनिक जग्गा तथा अन्य क्षेत्रमा फलफूल तथा गैरकाष्ठ वन पैदावार रोपण कार्यक्रम

➢ नदी उकास जग्गामा Seed sowing

➢ मनहरी खानेपानी देखि रमौली जोड्ने ड्यामसाईड, मनहरी ७ मा तारबार सहितको फलफूल बेर्ना रोपण

➢ भूक्षय भएको वा भूक्षय हुन सक्ने संवेदनशिल क्षेत्रमा बाँस वा अमृसो रोपण

## ६२. जडिबुटी खेति बिस्तार:

वन समुह/निजी जग्गाधनि/सहकारी/फर्म/कम्पनिबाट खुल्लारुपमा सूचना आह्वान गरी सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम यो कार्यक्रम सञ्चालन गर्न सकिनेछ । तर स्थान तोकिएका कार्यक्रमहरु सोहि बमोजिम

गरिनेछ । यस शिर्षक अन्तर्गतको कार्यक्रम सञ्चालन गर्दा तपसिलमा उल्लेखित मार्गदर्शनहरुलाई अनुसरण गरिनेछ ।

- स्थानीय हावापानी अनुसारको गुणस्तरीय प्रजाति छनौट गरिनु पर्नेछ ।
- निजी जग्गामा वृक्षारोपण गर्ने भए सोको जग्गाधनि प्रमाण पुर्जा र तिरो तिरेको रसिद,
- व्यक्ति/सहकारी/फर्म/समूह/कम्पनीको दर्ताका कागजातहरु (व्यक्तिको हकमा नागरिकता र पान नम्बर)
- सब डिभिजन वन कार्यालयको कार्यान्वयन सम्भाव्यता खुल्ने स्थलगत प्रतिवेदन
- वृक्षारोपण गरिएको क्षेत्रको रेखदेख/हेरचाह/संरक्षण सुनिश्चित हुनु पर्नेछ ।

**यस कार्यक्रम अन्तरगत तपसिल बमोजिमका कार्यक्रम कार्यान्वयन गरिनेछ ।**

<u>वातावरण संरक्षण तथा व्यवस्थापन कार्यक्रम तर्फ</u>

- टिमुर लगायतका जडिबुटी खेती विस्तार
- जडिबुटी संरक्षण केन्द्रमा जडिबुटी खेति भाडी चितवन
- मेलुङ गा.पा. ०६ मा टिमुर खेती प्रवर्द्धन

<u>राष्ट्रिय वन संरक्षण तथा व्यवस्थापन कार्यक्रम तर्फ</u>

- नीजि जग्गामा ५ रोपनी भन्दा बढी जडिबुटी खेती गर्ने किसानलाई सिंचाई, कम्पोष्ट मल, बिरुवा ढुवानी तथा बिरुवा खरिदमा सहयोग
- लौठ सल्ला खेती प्रवद्धन कार्यक्रम

## ६३. सामुदायिक विद्यालयमा हरियाली प्रवर्द्धन कार्यक्रम

यो कार्यक्रम विद्यालयको खुल्ला क्षेत्रमा विद्यार्थिहरुलाई परिचालन गरी उपयुक्त प्रजाती बृक्षारोपण गर्ने उद्देश्यले राखिएको हो । यस शिर्षकमा विनियोजित बजेट बिरुवा खरिद, मल खरिद, खाडल खन्ने, ट्रि गार्ड निर्माण, खाजा आदिमा खर्च गर्न सकिनेछ ।

## ६४. पार्क/पर्यापर्यटन/वन वाटिका/पदमार्ग स्तरोन्नती

स्वीकृत वार्षिक कार्यक्रममा पर्यापर्यटन प्रवर्द्धन गरी आर्थिक गतिविधि बृद्धि गर्ने उद्देश्यले विभिन्न पार्क/उद्यान/बाल उद्यान/ल्याण्डस्केप/पदमार्गहरु समावेश गरिएको छ । यस्ता संरचना निर्माण गर्दा प्रचलित सार्वजनिक खरिद ऐन, वन ऐन, सम्बन्धित नियमावली तथा सामुदायिक वनमा पर्यापर्यटन प्रवर्द्धन कार्यविधि २०७५ बमोजिम देहायको प्रकृया अवलम्बन गरी गर्न सकिनेछ ।

- सामुदायिक वनमा पार्क/उद्यान निर्माण गर्दा वन नियमावली, २०७९ को नियम ५२ को उपनियम ४ मा व्यवस्था भए बमोजिम सामुदायिक वनको विद्यमान हैसियत र वातावरणमा प्रतिकूल प्रभाव



प्रदेश सचिव

नपर्ने सुनिश्चितता हुने गरी कुल क्षेत्रफलको बढीमा ५ प्रतिशत वा ५ हेक्टर मध्ये जुन घटी हुन्छ सोही परिमाणमा नबढ्ने गरी गर्नुपर्नेछ ।

- सामुदायिक वनको स्वीकृत कार्ययोजनामा समावेश नगरी सामुदायिक वनमा यस किसिमका संरचना निर्माण गरिने छैन । सामुदायिक वनमा पर्यापर्यटन प्रबर्द्धनको लागि निर्माण हुने संरचना निर्माण गर्दा वन नियमावली, २०७९ को अनुसुची ३० क मा उल्लेखित कृयापलापहरु मात्र निर्माण गर्न पाइने छ ।
- संरचना निर्माण कार्य उपभोक्ता समिति मार्फत कार्यान्वयन गर्न गराउन सकिनेछ । तर कुनै योजनाको कार्यान्वयन गर्न सम्बन्धित उपभोक्ता समिति इच्छुक नदेखिएको तथा उपभोक्ता समिति मार्फत कार्य सञ्चालन गर्न उपयुक्त नदेखिएको वा लाभग्राही समुदायको प्रतक्ष्य सहभागिता हुन नसक्ने अवस्थामा बोलपत्र वा दरभाउपत्रको माध्यमबाट योजना कार्यान्वयन गर्न सकिनेछ ।
- सामुदायिक वनमा संरचना निर्माण हुने अवस्थामा सम्बन्धित सामुदायिक वन उपभोक्ता समूह मार्फत नै कार्य गराउनु पर्नेछ। वन उपभोक्ता समूहले कार्यक्रम कार्यान्वयन गर्न प्रस्ताव पेश गर्नु अघि अनुगमन उप समिति गठन गर्नुपर्नेछ ।
- वन क्षेत्र बाहेकको स्थानमा उपभोक्ता समिति मार्फत निर्माण हुने संरचना निर्माणकालागि स्थानीय तहको सिफारिस पेश गर्नुपर्नेछ । स्थानीय तहले यस्तो सिफारिस गर्दा निर्माण पश्चात त्यसको स्याहार सम्भार र सञ्चालन गर्ने प्रतिबद्धता समेत पेश गर्नुपर्नेछ । सम्बन्धित स्थानीय तहको निर्वाचित जनप्रतिनिधिको अध्यक्षतामा र कार्यक्रम कार्यान्वयन गर्ने निकायका प्रतिनिधिको रोहबरमा लाभग्राही समुदायको भेलाबाट निर्माण उपभोक्ता समिति र अनुगमन उपसमिति गठन गर्नुपर्नेछ । उपभोक्ता समितिमा अध्यक्ष, सचिव तथा कोषाध्यक्ष मध्ये कम्तिमा १ जना महिला सहित सामान्यत समावेशी प्रकृतिको हुनु पर्नेछ ।
- कुनै विद्यालयमा उद्यान निर्माण कार्य सम्बन्धित विद्यालयसँग सम्झौता गरी निर्माण कार्य गराउनु पर्नेछ ।
- सम्बन्धित विषयको विशेषज्ञ तथा प्राविधिकहरुको सहयोगमा स्थलगत अवलोकन गरी सर्भे, डिजाइन तथा लागत अनुमान तयार गरिनेछ।
- डिजाइन तथा लागत अनुमान तयार गर्दा सम्बन्धित स्थानीय तह तथा उपभोक्ता समूहको माग, सल्लाह, सुझाव र आवश्यकतालाई पनि आधारमा लिन सकिनेछ । कार्यालयमा सम्बन्धित बिषयको प्राविधिक नभएको अवस्थामा सम्बन्धित स्थानीय तहको प्राविधिक मार्फत कार्य गराउन सकिनेछ ।
- प्रस्तावमा कार्यक्रमको नाम, कार्यक्रमको उद्देश्य, उपभोक्ता समितिको विवरण, अपेक्षित उपलब्धि, सञ्चालन मोडालिटी, संरक्षणको स्पष्ट व्यवस्था आदि खुलेको हुनु पर्नेछ ।



प्रदेश सचिव

कर्णाली प्रदेश सरकार वन तथा वातावरण मन्त्रालय

- उपभोक्ता समिति मार्फत निर्माण हुने संरचना निर्माणको कुल लागत मध्ये कम्तिमा १० प्रतिशत जनश्रमदान हुनु पर्नेछ ।
- सम्बन्धित उपभोक्ता समितिबाट डिजाइन तथा लागत अनुमान सहितको प्रस्ताव/माग निवेदन प्राप्त भै डिजाइन तथा लागत अनुमान र लागत साझेदारी स्वीकृत भए पश्चात उपभोक्ता समितिसँग नियमानुसार सम्झौता गरी कार्य आदेश दिइने छ ।
- कार्यक्रमहरुको सम्झौता गर्दा कामको परिमाण, लागत, समय सिमा, गुणस्तर जस्ता सुचकहरु समावेस गर्नुपर्नेछ ।
- उपभोक्ता समितिबाट संचालित कार्यक्रमहरु सम्बन्धित कार्यालय, निर्देशनालय तथा मन्त्रालयबाट आवश्यकता अनुसार अनुगमन गरी सम्बन्धित उपभोक्ता समितिलाई पृष्ठपोषण उपलब्ध गराईने छ ।
- उपभोक्ता समितिले कार्यक्रम सम्झौता, कार्यान्वयन, समन्वय, अनुगमन गरी सम्पन्न गर्ने लगायतका संपूर्ण जिम्मेवारी वहन गर्ने छ ।
- सम्बन्धित स्थानिय तहसँग समन्वय गरी सम्पन्न भएका योजना हस्तान्तरण नहुँदासम्म सो को संरक्षण, सदुपयोग, संवर्द्धन, मर्मत सम्भार गर्ने दायित्व उपभोक्ता समितिको हुनेछ ।
- प्राप्त कार्य सम्पन्न प्रतिवेदन र स्वीकृत बिल भर्पाइ बमोजिमको रकममा नियमानुसार कट्टी गर्नुपर्ने कर र धरौटी रकम कट्टा गरी बाँकी रकम उपभोक्ता समितिको बैंक खातामा जम्मा हुने गरी भूक्तानी गरिनेछ ।
- उपभोक्ता समिति मार्फत गर्ने गरी सम्झौता भएको निर्माण कार्य कुनै ठेकेदारबाट गर्न पाईनेछैन । त्यस्तो भए गरेको पाईएमा प्रचलित कानुन बमोजिम कारवाही गरिनेछ ।
- खर्चको सार्वजनिक लेखा परीक्षण गराउनु पर्नेछ ।

**यस अन्तर्गत तपसिल बमोजिमका कार्यक्रमहरु कार्यान्वयन गरिनेछ ।**

<u>वातवरण संरक्षण तथा शहरी वन व्यवस्थापन कार्यक्रम तर्फ</u>

- बिटार वन वाटिका हरियाली प्रवर्द्धन रामेछाप ८
- सिद्धार्थ हरियाली सामुदायीक वनमा पर्यापर्यटन कार्यक्रम राक्सिराङ ३ मकवानपुर
- देउजर सामुदायीक वनमा पर्यापर्यटनका लागि वनभोज स्थल निर्माण कालिका १० चितवन
- मदन आश्रित पार्क दासढुङ्गामा पर्यापर्यटनका लागि पूर्वाधार निर्माण भरतपुर २९ चितवन
- भिमवली पार्क संरक्षण एवं पर्यापर्यटन कालिका ५ चितवन
- ज्ञानेश्वर सामुदायिक वनमा पर्यापर्यटन सम्बन्धि कार्य भरतपुर १६ चितवन
- कबिलास झरना पर्यापर्यटनका लागि सौन्दर्यीकरण भरतपुर २९ चितवन
- राईनो ताल संरक्षण तथा पर्यापर्यटन प्रवर्द्धन भरतपुर १२



सचिव

बागमती प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय

- सेतीदेवी सामुदायिक वनमा पर्यापर्यटनका लागि सौन्दर्यीकरण भरतपुर १६ चितवन
- पर्यापर्यटन प्रवर्द्धन चखण्डोल सा व गोकर्णेश्वर
- वन क्षेत्रमा रहेका पर्यापर्यटन स्थल व्यवस्थापन
- पातले सामुदायिक वन ( हिटी डाँडामा) पर्यापर्यटन सम्बन्धि कार्यक्रम सञ्चालन, विदुर न.पा १०
- बाल उद्यान निर्माण
- श्री बाल जिवन ज्योति मावि‌मा बाल उद्यान निर्माण, मनहरी १ मकरी
- शान्ति टोल बाल उद्यान निर्माण, मनहरी ३ भुन्द्रुङ, मकवानपुर
- साँस्कृतिक वाटिका/प्रकृति र संस्कृतिको संगम ( नक्षत्र, ग्रह, राशि, सप्तऋषि, पञ्चवटि, आरोग्य वाटिका समेत)
- लेले मनकामना वृद्ध पर्यटन विकास परियोजना
- मानवसेवा आश्रम हेटौंडा, बगैंचा निर्माण
- ताथली हलाल गाउँको रातोमाटेमा पार्क स्तरोन्नती चानपा १० भक्तपुर
- बडहरे चौतारामा पार्क निर्माण इच्छ्याकामना ४ चितवन
- खुल्ला व्यायामशाला तथा पार्क सौन्दर्यकरण भरतपुर ३ चितवन
- गडुवा चिल्ड्रेन पार्क वरिपरि मोज्याक बिछ्याउने तथा फुलबारी निर्माण कालिका १ चितवन
- मानव विकास तथा सामुदायिक सेवाद्वारा संचालित गुञ्जमान सिंह अस्पतालमा वातावरणीय ग्रीन पार्क निर्माण, र.न.पा. १४, पिठुवा
- कुरिनघाट पार्क निर्माण/स्तरोन्नती ईच्छाकामना गा पा ३
- नारायणी सामुदायिक वन भित्र रहेको पार्क निर्माण भरतपुर ४
- मयुर पार्क निर्माण तथा स्तरोन्नती
- गणेशमान पार्क संरक्षण तथा स्तरोन्नती, नागार्जुन ६, काठमाण्डौ
- संजीवनी पार्क स्तरोन्नति भैसेपाटी महिला सा.व. ललितपुर मनपा २५
- बोटानिकल गार्डेन निर्माण टोनी हेगन पार्क परिसर हेटौंडा १०
- नागस्वती पार्क स्तरोन्नती, हेटौंडा ७
- तौडोलछाप सामुदायिक वनमा पर्यापयटन विकास पूर्वाधार निर्माण सुनपा ८ भक्तपुर
- सिमपानी चौर जेष्ठ नागरिक पार्क, लिखु १ नुवाकोट
- मदन भण्डारी पार्क व्यवस्थापन खाडादेवी गा पा ५
- पोखरी स्तरोन्नती पिसपार्क मनहरी
- बागमती प्रदेश प्रहरी प्रशिक्षण केन्द्र घडी पार्क, दु न पा १०, सिन्धुली
- ॐ शान्ति नारायणगढमा बगैचा निर्माण भरतपुर १ चितवन



बागमती प्रदेश सरकार वन तथा वातावरण मन्त्रालय हेटौंडा, नेपाल

सचिव

- उद्योग वाणिज्य संघ चितवन बगैंचा निर्माण भरतपुर १ चितवन
- ज्ञानेश्वर मन्दिर जुगेडीमा बगैंचा निर्माण भरतपुर २९ चितवन
- बिन्दाबासिनी मन्दिर साँस्कृतिक क्षेत्र संरक्षण होक्सिला पोखरी गाँउ गोलाञ्जोर ६
- ईच्छाकामना ७ पिपलटार देखि भरतपुर म न पा २९ कुसुमटार सम्म पदमार्ग स्तरोन्नती
- वनदेवी सामुदायिक वनक्षेत्र भित्र रहेको पदमार्गको स्तरोन्नती बिदुर २
- पद्मदीप आधारभुत विद्यालय बगैंचा निर्माण रत्ननगर १२ चितवन
- ब्रम्हकुमारी राजयोग सेवा केन्द्र बगैंचा निर्माण कालिका ९ चितवन
- वि पि सग्राहलय सुन्दरीजल उद्यान
- पाँचकिलोमा त्रिशुली नदी जाने पैदलमार्ग निर्माण इच्छाकामना ६ चितवन
- काठमाडौं म.न.पा.३१ को मनोहरा करिडोरमा रहेको राधाकृष्ण मन्दिर क्षेत्र सौन्दरिकरण कार्यक्रम

<u>राष्ट्रिय वन संरक्षण तथा व्यवस्थापन कार्यक्रम तर्फ</u>

- सामुदायिक वनमा पर्यापर्यटन प्रवर्द्धन
- ग्रामवीकाश भुमेस्थान भिम्सेन मन्दिर हुँदै छेडा गुमटी सम्म पैदल मार्ग स्तरोन्नती, चौरीदेउराली ४ धुसेनी
- बाराही मन्दिर संरक्षण तथा पार्क निर्माण गोलाञ्जोर ६ होक्सिला
- रानीपोखरी सामुदायिक वनमा काफल बाटिका निर्माण
- वन बाटिका निर्माण तथा वासस्थान व्यवस्थापन (प्रजाति विशेष)

### ६५. पोखरी निर्माण/ताल/सिमसार संरक्षण तथा व्यवस्थापन

यस कार्यक्रमको मुख्य उद्देश्य जलाधार क्षेत्रमा जलभरण पोखरी निर्माण, सिमसार क्षेत्रको संरक्षण तथा व्यवस्थापन मार्फत जलभरण क्षमता बढाउने र पानीको सतह बढाई सुख्खायाममा पानीको उपलब्धता बढाउने, भलपानी संकलन गर्ने र भूक्षय नियन्त्रण गर्नु हो । यो कार्यक्रम सम्बन्धित स्थानको अवस्था र आवश्यकता अध्ययन गरी उपयुक्त क्रियाकलाप पहिचान गरी सार्वजनिक खरिद ऐन तथा नियमावलीको अधिनमा रहि कार्यान्वयन गरिनेछ ।यस कार्यक्रमको रकम सिमसार वरिपरिको मिचाहा प्रजाती तथा झाडी हटाउने, फोहोर सरसफाई गर्ने, वृक्षारोपणको लागि बिरुवा खरिद, ढुवानी, वृक्षारोपण, संरचना निर्माण,माटो तथा बालुवाले पुरिएको भए सो समेत खनि हटाउने लगायतका अन्य आवश्यक कार्यहरु प्रचलित ऐन-नियम र नर्म्सको अधिनमा रही लागत अनुमान स्वीकृत गराई खर्च गर्न सकिनेछ । यस अन्तर्गत तपसिल बमोजिमका कार्यक्रमहरु कार्यान्वयन गरिनेछ ।

<u>वातवरण संरक्षण तथा शहरी वन व्यवस्थापन कार्यक्रम तर्फ</u>

- जलविरे लामो झर्ना सौन्दर्यकरण तथा मुहान संरक्षण र सिमसार क्षेत्र व्यवस्थापन ईच्छाकामना ६ चितवन

- ढाला समिचौतारा आहाल संरक्षण एव सौन्दर्यकरण इच्छाकामना ६ चितवन
- देउराली ताल क्षेत्र सौन्दर्यकरण भरतपुर ३ चितवन
- बीरेन्द्रनगर मध्यवर्ती सामुदायिक वनमा सिमसार क्षेत्र (पोखरी) निर्माण भरतपुर २२ चितवन
- सिमसार क्षेत्र संरक्षण तथा व्यवस्थापन (पुराना पोखरीहरुको स्तरोन्नती समेत)
- पानीको मुहान संरक्षण/ सिमसार क्षेत्र संरक्षण तथा व्यवस्थापन
- संरक्षण पोखरी निर्माण( सामुदायिक वनक्षेत्र भित्र पोखरी निर्माण )
- कालिका मन्दिरमा पोखरी निर्माण कालिका ७ चितवन
- संरक्षण पोखरी निर्माण
- थाकराड आहाल संरक्षण इच्छाकामना ६ चितवन
- कापेताल संरक्षण एवं सौन्दर्यीकरण इच्छाकामना ७ चितवन
- सुख्खाग्रस्त चुरे क्षेत्रमा वन्यजन्तुका लागि पोखरी निर्माण
- सिमपोखरी संरक्षण तथा निर्माण कार्यक्रम (भीमेश्वर न.पा. ६)
- खाडादेवी गा पा मा संरक्षण पोखरी निर्माण
- चतुर्मुखी सामुदायिक वनमा पोखरीमा पानी व्यवस्थापनका लागि सोलार मोटर पम्प जडान कालिका १ चितवन
- बतासे रिचार्ज तथा सिंचाई पोखरी निर्माण चौतारा साँगाचोकगढी न.पा.-२
- ताल निर्माण तथा व्यवस्थापन, मिठ्वा खानेपानी तथा सरसफाई उपभोक्ता संस्था, रत्ननगर १५

<u>राष्ट्रिय वन संरक्षण तथा व्यवस्थापन कार्यक्रम तर्फ</u>

- बराण्डाभार क्षेत्र भित्र समूहको सहकार्यमा वन्यजन्तु संरक्षणका लागि घाँसे मैदान तथा ताल तलैया संरक्षण कार्यक्रम
- सिमसार क्षेत्र संरक्षण तथा व्यवस्थापन

### ६६. वन्यजन्तु संरक्षण/बासस्थान संरक्षण तथा व्यवस्थापन

घाँसे मैदान व्यवस्थापन, खर्क व्यवस्थापन, पानीका स्रोत व्यवस्थापन, अनावश्यक झाडि तथा मिचाहा प्रजातीको जरा उखेल्ने र नियन्त्रण मार्फत वन्यजन्तुको बासस्थानमा टेवा पुगोस भन्ने उद्देश्यले यो कार्यक्रम राखिएको हो । यो कार्यक्रम सम्बन्धित स्थानको अवस्था र आवश्यकता अध्ययनबाट उपयुक्त क्रियाकलाप पहिचान गरी सार्वजनिक खरिद ऐन तथा नियमावलीको अधिनमा रहि कार्यान्वयन गरिनेछ । यस अन्तरगत तपसिल बमोजिमका कार्यक्रम कार्यान्वयन गरिनेछ ।

<u>वातावरण संरक्षण तथा शहरी वन व्यवस्थापन कार्यक्रम तर्फका</u>

- सालकको बासस्थान संरक्षण र विकास (सालकको बासस्थान संरक्षण )
- सालकको बासस्थान संरक्षण र विकास

➢ खर्क व्यवस्थापन
➢ वन तथा खर्कमा मिचाहा प्रजातीको नियन्त्रण र व्यवस्थापन

राष्ट्रिय वन संरक्षण तथा व्यवस्थापन कार्यक्रम तर्फ

➢ सालक प्रवर्द्दन कार्यक्रम
➢ कठिभ्याकुर चरा संरक्षण एवं प्रचार प्रसार कार्यक्रम
➢ वन्यजन्तुको वासस्थान विकासको लागि घाँसे मैदान व्यवस्थापन
➢ बन्यजन्तुको वासस्थान संरक्षण र विकास
➢ सालकको वासस्थान संरक्षण र विकास
➢ सालक संरक्षण कार्यक्रम

## ६७. जोखिमयुक्त रुखहरु व्यवस्थापन

बस्तिक्षेत्र/सार्वजनिकस्थलमा जनधनको क्षति पुऱ्याउन सक्ने जोखिमयुक्त रुखहरुलाई व्यवस्थापन गर्ने उद्देश्यले यो कार्यक्रम प्रस्ताव गरिएको हो । वन नियमावली, २०७९ मा जोखिमयुक्त रुखको व्यवस्थापन सम्बन्धमा भएको प्रावधान बमोजिम यो कियाकलाप सञ्चालन गरिनेछ ।यस शीर्षकमा विनियोजन भएको रकम लागत अनुमान तयार गरी कटान, मुछान र ढुवानी आदिकार्यमा खर्च गरिनेछ।

वातावरण संरक्षण तथा शहरी वन व्यवस्थापन कार्यक्रम तर्फ

➢ शहरमा जोखिमयुक्त रुखहरुको व्यवस्थापन
➢ जोखिमयुक्त रुखहरुको व्यवस्थापन

राष्ट्रिय वन संरक्षण तथा व्यवस्थापन कार्यक्रम तर्फ

➢ जोखिमयुक्त रुखको व्यवस्थापन (कटान मुछान, बैठक खर्च समेत)
➢ शहरमा जोखिमयुक्त रुखहरुको व्यवस्थापन
➢ डिभिजन वन कार्यालयको कार्यक्षेत्रको जोखिमयुक्त रुख हटाउने

## ६८. तालिम/गोष्ठी/बैठक/सेमिनार

यस शीर्षकमा विनियोजित रकमबाट दैनिक भ्रमण भत्ता, प्रशिक्षण भत्ता, समन्वय भत्ता, मसलन्द, तालिम सामग्री, सत्र शुल्क, कार्यपत्र, खाजा, यातायात खर्च, इन्धन, हलभाडा, गाडी भाडा, सञ्चार, प्रतिवेदन लेखन लगायतमा प्रचलित ऐन, नियम, नर्मस् र प्रदेश खर्चको मापदण्ड, २०७८ को परिधिभित्र रही खर्च गर्न सकिने छ । कार्यक्रम सम्पन्न भए पश्चात् कार्यक्रम सञ्चालन मिति, स्थान, पाठ्यक्रम तथा छलफलका विषयहरु, सहभागीको नामावली, उपलब्धी, पृष्ठपोषण र भए गरेको खर्च बिल भरपाईहरु समेतको प्रतिवेदन पेश गर्नुपर्नेछ । कार्यक्रम सञ्चालनमा स्थानीयस्तरमा उपलब्ध हुने विषयका विज्ञहरुलाई समेत प्रशिक्षकको रुपमा बोलाउन सकिनेछ । आवश्यकता अनुसार तालिम/गोष्ठी/सेमिनार सम्बन्धि कार्यक्रमहरु सेवा प्रदायकबाट समेत गराउन सकिनेछ ।



बागमती प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय

यस अन्तरगत निम्न तालिम/गोष्ठि/बैठक/सेमिनार भ्रमणहरु रहेका छन:

वातावरण संरक्षण तथा शहरी वन व्यवस्थापन कार्यक्रम तर्फ

- GESI Focal Person का लागि क्षमता अभिवृद्दि तालिम
- कार्यस्थलमा हुने यौनजन्य दुरव्यवहार ऐनको अभिमुखिकरण कार्यक्रम
- नेतृत्व बिकास तालिम (नवौं दशौं)
- वन, वन्यजन्तु, वातावरण तथा जलाधार व्यवस्थापन सम्बन्धी वन प्राविधिक संघ बागमती प्रदेशको सहकार्यमा प्रादेशिक गोष्ठि
- वातावरण संरक्षण सम्बन्धी प्रदेशस्तरीय अन्तरक्रिया तथा दीर्घकालीन मार्गदर्शन (काठमाण्डौ घोषणा) NFPPD मार्फत
- प्लाष्टिक व्यवस्थापन संवन्धि सचेतना (गोष्ठी/सेमिनार/ रेडियो कार्यक्रम Rally and Campaign
- जलवायु परिवर्तन सचेतना गोष्ठी (कर्मचारी, पत्रकार, जनप्रतिनिधि)
- चितवनका जनजाती पत्रकारहरुलाई जलवायु परिवर्तन, वन संरक्षण वातावरणीय न्याय सम्बन्धि सचार सशक्तिकरण कार्यक्रम चितवन
- कल्याणकारी महिला समूहका महिलाहरुलाई वातारवरण संरक्षणमा आमाहरुको भुमिका विषयमा अनुशिक्षण एवं जनचेतना अभियान र्याली सहित भरतपुर १० चितवन
- वन,वातावरण तथा जलवायू परिवर्तन सम्बन्धी सरोकारवालाहरुसंग छलफल
- वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत बैठक भत्ता प्रति बैठक (महिनामा कम्तिमा २ वटा बैठक)
- वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत बैठक भत्ता प्रति बैठक (EIA समेत)
- वातावरण अध्ययन प्रतिवेदनहरुको मुल्याङ्कन, सिफारिस समितिको बैठकका लागि खाजा खर्च

राष्ट्रिय वन संरक्षण तथा व्यवस्थापन तर्फ

- कबुलियति वन समूहमा सिपमूलक तालिम तथा प्रविधि हस्तान्तरण (वस्तुगत स्रोत ।
- कबुलियति वन सञ्चाल क्षमता अभिवृद्धि

## ६९. वनस्पति प्रजाती संरक्षण कार्यक्रम

यो कार्यक्रम सञ्चालन गर्दा स्थानीय वन समुहको समन्वय तथा सहकार्यमा सम्बन्धित स्थानको अवस्था र आवश्यकताको अध्ययनबाट उपयुक्त क्रियाकलाप पहिचान गरी सार्वजनिक खरिद ऐन तथा नियमावलीको अधिनमा रहि कार्यान्वयन गरिनेछ । यस कार्यक्रममा विनियोजित रकम लक्षित क्षेत्रको स्रोत सर्भेक्षण र नक्साङ्कन गरी क्षेत्र निर्धारण गर्ने, स्वस्थ रुखहरुको Tagging गर्ने, प्राकृतिक पुनरुत्पादन प्रवर्द्धन गर्ने, वृक्षारोपण गर्ने लगायतका अन्य क्रियाकलापहरुमा प्रचलित नर्म्सको आधारमा लागत इष्टमेट तयार तथा स्वीकृत गरी खर्च गरिनेछ ।



प्रदेश सचिव

वातावरण संरक्षण तथा शहरी वन व्यवस्थापन कार्यक्रम तर्फका

- गुराँस संरक्षण कार्यक्रम
- सतिसाल संरक्षण कार्यक्रम
- सिराईचुली र इच्छाकामनामा लालिगुराँस प्रवर्द्धन कार्यक्रम इच्छाकामना १ र ५ चितवन
- दामन सिमभञ्याङ्ग क्षेत्रमा लालीगुरास प्रवर्द्धन

राष्ट्रिय वन संरक्षण तथा व्यवस्थापन कार्यक्रम तर्फ

- पारिजात संरक्षण तथा संवर्द्धन कार्यक्रम
- दार पकेट क्षेत्रमा दार प्रवर्द्धन तथा व्यवस्थापन
- पकेट क्षेत्रमा दार प्रवर्द्धन तथा व्यवस्थापन

## ७०. ईको क्लब गठन तथा सञ्चालन

डिभिजन वा सब डिभिजन अन्तरगत पर्ने सामुदायिक विद्यालयहरुमा माध्यमिक/उच्च माध्यमिक स्तरमा अध्ययनरत विद्यार्थीहरुलाई वन, वातावरण सम्बन्धी सचेतनाको लागि नयाँ ईको क्लब गठन तथा सञ्चालन तथा पुराना ईको क्लबको सञ्चालन गरी वातावरण संरक्षण सम्बन्धी शिक्षा प्रदान गर्न यो कार्यक्रम राखिएको हो । विद्यालय छनौट गर्दा हरेक सब-डिभिजनमा पर्ने गरी सञ्चालन गर्नुपर्नेछ । यो शीर्षकको रकम इको क्लब गठन र सञ्चालनको क्रममा हुने बैठक, वन वातावरण सम्बन्धी भित्ते पत्रिका प्रकाशन, हाजिरी जवाफ, वक्तित्वकला, र्‍याली, स्टेशनरी, ब्यानर, दिवसको अवसरमा क्लबबाट हुने वृक्षारोपण, कक्षा सञ्चालन लगायतका कृयाकलापहरुमा खर्च गर्न सकिने छ। खर्चको विवरण विद्यार्थीहरु माझ सार्वजनिक गर्नुपर्नेछ ।

- ईको क्लब गठन/सञ्चालन एवं विद्यालय संरक्षण शिक्षा अभियान

## ७१. सरसफाई

यो कार्यक्रम स्थानीय वातावरण संरक्षण क्लब, टोल विकास समिति, आमा समूह, वन समूह, वातावरण अभियन्ता लगायत यस्तै प्रकृतिका संघ संस्था/व्यक्ति मार्फत समेत सञ्चालन गर्न सकिनेछ । यो शीर्षकको रकम वातावरण संरक्षण तथा सरसफाई कार्य, सरसफाई कर्मीको लागि पारिश्रमिक, समन्वय बैठक, प्रचारप्रसार, डस्टविन खरिद/वितरण, सरसफाई कर्मीको लागि फिल्ड गियर, पञ्जा, मास्क, स्यानिटाईजर, प्राथमिक उपचार कीट, ब्यानर, खाजा, पानी, होर्डिङ बोर्ड आदिमा लागत अनुमान स्वीकृत गराई खर्च गर्न सकिनेछ । यस अन्तरगत देहाय बमोजिमका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

वातावरण संरक्षण तथा शहरी वन व्यवस्थापन कार्यक्रम तर्फ

- सब-डिभिजनको कार्यक्षेत्रको बजारमा मासिक वातावरण सरसफाई कार्यक्रम
- सम्बन्धित धार्मिक संस्थाको सहकार्यमा धार्मिक/ऐतिहासिक/पुरातात्विक महत्वका स्थानहरुलाइ प्रदुषणमुक्त गर्न अभियान सचालन
- राप्ती नदि तटिय क्षेत्र सरसफाइ अभियान भरतपुर १४ चितवन



बागमती प्रदेश सरकार वन तथा वातावरण मन्त्रालय हेटौंडा, नेपाल
प्रदेश सचिव

- सम्बन्धित संस्थाको सहकार्यमा धार्मिक/ऐतिहासिक/पर्यटकीय/पुरातात्विक महत्वका स्थानहरुलाई प्रदुषणमुक्त गर्न सरसफाई अभियान संचालन
- बरण्डाभार वन संरक्षण क्षेत्र आसपासको प्लाष्टिक लगायतको फोहोर व्यवस्थापन
- वातावरण संरक्षण तथा सरसफाईका लागि युवा विद्यार्थि, महिला समूह, आमा समूह, वन समूह लगायतलाई समावेश गरी स्वयम् सेवक परिचालन ।

राष्ट्रिय वन संरक्षण तथा व्यवस्थापन कार्यक्रम तर्फ

- ईच्छाकामना गा पा र भरतपुर म न पा मा सरसफाई र फोहोर व्यवस्थापन

७२. अनुगमन तथा निरीक्षण

मातहतका कार्यालय/कर्मचारीले सम्पादन गरेका कार्यहरु तथा अन्य विषयगत क्षेत्रको स्थलगत अनुमन तथा निरीक्षण गरी कार्यसम्पादन लाई गुणस्तरीय, प्रभावकारी र परिणाममुखि बनाउन सहज होस भन्ने उद्देश्यले यो शिर्षकमा बजेट विनियोजन गरिएको हो । यस शीर्षकको रकम भ्रमण भत्ता, ईन्धन, तथ्याङ्क संकलन, प्रतिवेदन छपाई आदिमा खर्च गर्न सकिनेछ । यस अन्तरगत देहाय बमोजिमका कार्यक्रमहरु संचालन गरिनेछ ।

वातावरण संरक्षण तथा शहरी वन कार्यक्रम तर्फ

- वातावरण निरीक्षकबाट प्रदूषण नियन्त्रण, वातावरण संरक्षण तथा वातावरणीय प्रतिवेदन कार्यान्वयनको स्थलगत अनुगमन तथा नियमन
- कार्यक्रम अनुगमन तथा मुल्याङ्कन
- प्रदूषण नियन्त्रण, वातावरण संरक्षण तथा वातावरणीय प्रतिवेदन कार्यान्वयनको स्थलगत अनुगमन तथा नियमन
- मन्त्रालयबाट वातावरणीय अनुगमन तथा निरीक्षण
- अनुगमन मुल्याङ्कन तथा कार्यक्रम कार्यान्वयन भ्रमण खर्च (अनुगमन, मुल्याङ्कन र भ्रमण)

राष्ट्रिय वन संरक्षण तथा व्यवस्थापन तर्फ

- अनुगमन मुल्याङ्कन तथा कार्यक्रम कार्यान्वयन भ्रमण खर्च (अनुगमन, मुल्याङ्कन र भ्रमण)
- मन्त्रालय/निर्देशनालय/डिभिजन वन कार्यालयबाट अनुगमन तथा मूल्याङ्कन तथा प्रतिवेदन तयारी खर्च
- डिभिजन वन कार्यालयबाट अनुगमन तथा प्रतिवेदन तयारी तथा कार्यक्रम संचालन खर्च
- स्थलगत जाँचबुझ, छानबिन तथा अनुगमन गरी प्रतिवेदन तयारी
- वन तथा वातावरण क्षेत्रको विकास कार्यक्रम वन निर्देशनालयबाट अनुगमन तथा मूल्याङ्कन प्रतिवेदन तयारी र प्रकाशन खर्च (राष्ट्रिय वन, वातावरण तथा शहरी वन, भू तथा जलाधार कार्यक्रम)



बागमती प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
हेटौडा, नेपाल

➢ माथि उल्लेखित बाहेकका अनुगमन तथा मूल्याङ्कन सम्बन्धी कार्य ।

**७२. वन डढेलो नियन्त्रण तथा व्यवस्थापन योजना कार्यान्वयन**

डिभिजनस्तरमा वन डढेलो नियन्त्रणका लागि पूर्वतयारी (Prevention), नियन्त्रण (Suppression), पुनःस्थापना (rehabilitation) का चरणमा गर्नुपर्ने क्रियाकलापहरु समावेश गरी वन डढेलो नियन्त्रण तथा व्यवस्थापन योजना तयार गर्नु पर्नेछ । जिल्लास्थित सरोकारवालाहरुको समन्वयमा स्थानीय माग र आवश्यकताका आधारमा पूर्वतयारी चरण अन्तरगत डढेलो सम्भाव्यता नक्सा तयार गर्ने, अग्निरेखा निर्माण गर्ने, सामुदायिक जनचेतना कार्यक्रम (विद्यालय, वडास्तर, स्थानीय रेडियो मार्फत चेतना फैलाउने), हरितदस्ता परिचालन, फायरफाईटिङ उपकरण खरिद तथा वितरण, पानी पोखरी निर्माण जस्ता क्रियाकलापहरु, नियन्त्रण (Suppression) चरणमा मोबाईल समुह गठन तथा परिचालन, सुरक्षात्मक पोशाक सहितका स्वयंसेवकहरु परिचालन, सुरक्षा निकायहरुको परिचालन र पुनस्थापना चरणमा स्थानीय प्रजातीका बिरुवा रोप्ने, घाँस अम्रिसो रोप्ने जस्ता क्रियाकलापहरु पहिचान गरी डढेलो व्यवस्थापन योजनामा समावेश गर्न सकिनेछ । यस शिर्षकमा विनियोजित रकम स्वीकृत लागत इष्टमेट बमोजिम नियन्त्रित डढेलो लगाउने, सञ्जाल परिचालन, अग्निरेखा निर्माण तथा मर्मत, प्रचारप्रसार, जनचेतना वृद्दि, कर्मचारी तथा सुरक्षा निकाय परिचालन (इन्धन, खाजा, खाना, पानी आदि) डढेलो सूचना खरिद, प्राथमिक उपचार, दमकल परिचालन, वन डढेलो सम्बन्धी सूचना प्रशारण तथा उपकरण खरिद, हरित स्वयंसेवक/वन दस्ता (फाल्गुण देखि असारसम्म) परिचालन आदिमा खर्च गर्न सकिनेछ । यस अन्तरगत देहाय बमोजिमका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

<u>वातावरण संरक्षण तथा शहरी वन व्यवस्थापन तर्फ</u>

- ➢ वन डढेलो नियन्त्रण तथा व्यवस्थापन योजना कार्यान्वयन
- ➢ वन डढेलो रोकथाम एवं न्यूनिकरणका लागि प्रचार प्रसार
- ➢ डढेलो नियन्त्रण तथा वन संरक्षण कार्यको गस्तिका लागि नवलपुर सरस्वती सामुदायिक वन हेटौडा ११ मकवानपुरको खण्ड नं ४ उजेली क्षेत्रमा तारकेश्वर मन्दिरबाट पदमार्ग मर्मत संभार
- ➢ समूहको लागत सहभागितमा स्थानीय श्रम प्रयोग गरी अग्निरेखा निर्माण तथा मर्मत
- ➢ वन डढेलो नियन्त्रण उपकरण तथा सामाग्री खरिद/वितरण
- ➢ वन डढेलो नियन्त्रण तथा सामाग्री खरिद

<u>राष्ट्रिय वन संरक्षण तथा व्यवस्थापन तर्फ</u>

- ➢ सामुदायिक वनमा अग्नी रेखा निर्माण
- ➢ हरित स्वयमसेवक परिचालन खर्च (इन्धन खाजा पानी आदि)

बागमती प्रदेश सरकार वन तथा वातावरण मन्त्रालय हेटौंडा, नेपाल

प्रदेश सचिव

## ७४. एक जिल्ला एक वडा प्लाष्टिक मुक्त अभियान

जिल्लाको कम्तीमा एक वडालाई पूर्णरुपमा ४० मिलिमाईक्रोन भन्दा पातलो प्लाष्टिक प्रयोग मुक्त बनाउने र त्यसलाई अन्य वडाका लागि अनुकरणीय नमुना बनाउने उद्देश्यले यो कार्यक्रम राखिएको हो । स्थानीय जनप्रतिनिधिको समन्वय र सहकार्यमा डिभिजनस्तरबाट यो कार्यक्रम सञ्चालन गरिनेछ ।

**पहिलो त्रैमासिक अवधिमा:** वडाको छनौट, जनप्रतिनिधि र स्थानीय भद्रभलाद्मिको उपस्थितिमा समिति गठन, प्लास्टिकको बिक्री, वितरण, र प्रयोगमा औपचारिक प्रतिबन्ध सम्बन्धी वडा कार्यालयबाट निर्णय, विद्यालय, टोल, बजारमा जनचेतनामुलक र्‍याली, बैकल्पिक सामाग्रीको नमुनाको रुपमा वितरण तथा अनुगमन र

**दोश्रो त्रैमासिक अवधिमा:** स्थानीय जनप्रतिनिधि, सम्बन्धित क्षेत्रको सांसद, जिल्ला स्थित सरकारी कार्यालय समेतको उपस्थितिमा प्लास्टिक मुक्त वडा घोषणा गरिने ।

**तेश्रो त्रैमासिक अवधिमा:** प्लास्टिक मुक्त वडा लागु, अनुगमन।

यस शिर्षकमा विनियोजित रकमबाट स्वयंसेवक परिचालन, तालिम/नाटक/वक्तृत्व प्रतियोगिता, बैकल्पिक सामाग्रीको खरिद तथा वितरण, घोषणा कार्यक्रममा खाजा, पानी; नियमित अनुगमन तथा मूल्याङ्कनमा इन्धन इत्यादीमा खर्च गर्न सकिनेछ ।

## ७५. कृषि वन विकास कार्यक्रम

यसमा विनियोजित रकम स्थानीय समुह/संस्था/व्यक्ति सँग सम्झौता गरी खर्च गर्न सकिनेछ । यस अन्तर्गत किसान र स्थानीय नेतृत्वको लागि अभिमुखिकरण, बिरुवा खरिद, वितरण तथा रोपण, इन्धन, खाजा पानि इत्यादीमा खर्च गर्न सकिनेछ । यो कार्यक्रम अन्तर्गत देहायका क्रियाकलापहरु गर्न सकिनेछ ।

<u>वातावरण संरक्षण तथा शहरी वन व्यवस्थापन तर्फ</u>

- बास रोपणमा आधारित कृषि वन विकास कार्यक्रम
- भलाई गोला खोलाधारी गाउमा कृषिवन प्रवर्द्धन कार्यक्रम

<u>राष्ट्रिय वन संरक्षण तथा व्यवस्थापन तर्फ</u>

- बाझो छोडिएका एकै स्थानको २० रोपनी जग्गा भन्दा बढि जग्गा कृषि बन प्रर्वधन कार्यक्रम

## ७६. दिवस तथा समारोह

तोकिएको मितिमा वन, वातावरण, सिमसार, जलाधार तथा जैविक विविधता सम्बन्धी राष्ट्रिय तथा अन्तराष्ट्रिय दिवस तथा समारोह सञ्चालन गर्ने उद्देश्यले यो कार्यक्रम प्रस्ताव गरिएको हो । यो शीर्षकको रकम मन्त्रालय र मातहतका निकायहरुले लागत अनुमान स्वीकृत गराई हलभाडा, ब्यानर, खाजा/खाना, पानी, इन्धन, सञ्चार, मसलन्द, पुरस्कार तथा प्रमाण-पत्र (हाजिरी जवाफ प्रतियोगिता, निबन्ध प्रतियोगिता, वक्तित्वकला प्रतीयोगिता, पेन्टिङ्ग प्रतीयोगिता आदिमा) लगायतमा खर्च गर्न सकिनेछ ।

यस अन्तरगत देहायका कार्यक्रम सञ्चालन गरिनेछ ।

प्रदेश सचिव

बागमती प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
हेटौंडा, नेपाल

➤ वन, वातावरण, जलाधार तथा जलवायु सम्बन्धी राष्ट्रिय तथा अन्तराष्ट्रिय दिवस तथा समारोह

**७७. माईकेनिया/मिचाहा प्रजाति व्यवस्थापन**

वन क्षेत्रमा माइकेनिया लगायत मिचाहा प्रजातिको प्रकोप नियन्त्रण गरि वन क्षेत्रको संरक्षण तथा व्यवस्थापन गर्ने उद्देश्यले यो कार्यक्रम राखिएको हो । यस शिर्षकमा विनियोजित रकम स्थानीय तह, वन उपभोक्ता समूह एवं निजी क्षेत्रसंग सहकार्य गरी वन क्षेत्रको मिचाहा वनस्पति हटाईने कार्यमा खर्च गर्न सकिनेछ । हटाईएको मिचाहा प्रजातिलाई कम्पोस्ट मल, चारकोल तथा अन्य उद्योगको लागि कच्चा पदार्थ उत्पादन गर्नमा प्रयोग गर्न सकिनेछ ।

**७८. तारबार/मेसजाली/घेराबारा**

स्थानीय वन समुह/जनप्रतिनिधिहरुको समन्वय तथा सहकार्यमा सार्वजनिक खरिद ऐन तथा नियमावलीको अधिनमा रहि यो कार्यक्रम सञ्चालन गरिनेछ । यस अन्तरगत देहायका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

<u>वातावरण संरक्षण तथा शहरी वन व्यवस्थापन कार्यक्रम तर्फ</u>

➤ गैंडा आतङ्कित क्षेत्रमा मेस जाली निर्माण भतरपुर ३ चितवन

➤ मानव र जालि संरक्षणका लागि घैलाघारी मध्यवर्ती सामुदायिक वनमा घेराबार भरतपुर २३, चितवन

➤ जलजले कबुलियति वन समूह क को संरक्षणका लागि घेराबार इच्छाकामना ६ चितवन

<u>राष्ट्रिय वन संरक्षण तथा व्यवस्थापन कार्यक्रम तर्फ</u>

➤ कबुलियती वन सिमाको जैविक सिमांकन (बाँस, निगालो लगायत)

➤ छाप सिम्टाङ वन्यजन्तु नियन्त्रण छेकबार, दुप्चेश्वर ७, नुवाकोट

**७९. बनदेवी बरण्डाभार मध्यवर्ती सामुदायिक वनलाई बीस हजारी ताल संग्राहलय संरक्षण तथा स्तरोन्नती भरतपुर ९ चितवन**

स्थानीय वन समुह/जनप्रतिनिधिहरुको समन्वय तथा सहकार्यमा सार्वजनिक खरिद ऐन तथा नियमावलीको अधिनमा रहि यो कार्यक्रम सञ्चालन गरिनेछ ।

**८०. शहरी वन व्यस्थापन कार्यक्रम**

यो कार्यक्रम अन्तर्गत शहरी वृक्षारोपण (सडक किनार, पार्क, विद्यालय परिसर, सरकारी कार्यालय वरपर तथा खाली जग्गामा सौन्दर्यमुलक बिरुवा रोपण), हरियाली पार्क र बगैंचाको विकास (फूलबारी निर्माण), भएका रुख वृक्षको संरक्षण (Tagging, Pruning, training ect), नदी किनार र खुल्ला ठाउँमा हरियाली विकास लगायतका कार्यहरुमा स्थानीय परिवेश अनुकुल क्रियाकलापहरु पहिचान गरी सञ्चालन गरिनेछ । यो शिर्षकमा विनियोजित रकम बिरुवा खरिद, रोपण, श्रमिक खर्च, इन्धन, खाजा लगायतका अन्य कार्यहरुमा खर्च गर्न सकिनेछ ।



प्रदेश सचिव

बागमती प्रदेश सरकार वन तथा वातावरण मन्त्रालय

८१. जैविक मल बनाउने मेसिन राख्ने टहरा/संरचना निर्माण, श्री बागेश्वरी अध्यात्मिक परिसर (योगी नरहरीनाथ गौसंरक्षण केन्द्र, भरतपुर महानगरपालिका १

प्रचलित कानुनको अधिनमा रहि सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम यो कार्यक्रम सञ्चालन गरिनेछ ।

८२. वन क्षेत्रको पात सङ्कलन गरी मल बनाउने

वन क्षेत्रबाट पतकर, सोत्तर आदि संकलन गरी प्राङ्गरिक मल बनाउनका लागि यो कृयाकलाप समावेश गरिएको हो । यो कार्य संचालन गर्दा स्थानीय वन समुहको समन्वय तथा सहकार्यमा सम्बन्धित स्थानको अवस्था र आवश्यकताको अध्ययनबाट उपयुक्त क्रियाकलाप पहिचान गरी सार्वजनिक खरिद ऐन तथा नियमावलीको अधिनमा रहि कार्यान्वियन गरिनेछ ।

- वनबाट पातपतिङ्गर सङ्कलन गरी प्राङ्गारिक मल बनाउने (वैतेश्वर गा.पा. ६)

८३. पतकर सङ्कलन गर्ने स्थानीय समुदायलाई आर्थिक सहायता

बनक्षेत्रबाट पात सङ्कलन गरी मल बनाउने कार्यक्रम सञ्चालन पश्चात पतकर संकलन गर्ने कार्यमा स्थानीय जनताहरुलाई प्रोत्साहन गर्न यो कार्यक्रम राखिएको हो । यो शिर्षकमा विनियोजन भएको रकम सम्बन्धित डिभिजन वन कार्यालय र मल उत्पादन गर्ने कम्पनि/संस्था/समुह बीच सम्झौता गरी मल उत्पादन गर्ने कम्पनि/संस्था/समुह मार्फत पतकर संकलन गर्ने स्थानीयहरुलाई अनुदान स्वरुप उपलब्ध गराईनेछ । प्रचलित खरिद ऐन तथा नियमावलीको अधिनमा रहि भुक्तानि प्रक्रिया, भुक्तानी दररेट, अभिलेखन पद्दति समेतलाई समेटि डिभिजनल वन अधिकृतले कार्यविधि तयार पारि सोहि अनुरुप कार्यान्वियन गर्नुपर्नेछ ।

८४. मानव वन्यजन्तुबाट भएको मानविय क्षतिको Quick Response हुने गरी Community Based Anti Poaching Unit (CBAPU) गठन र परिचालन

मानव र वन्यजन्तु बीच सहअस्तित्व कायम गर्नका लागि वन्यजन्तु आक्रमण वा घटना भएको थाहा पाएको केही मिनेट भित्र स्थानीय टोलीलाई परिचालन गरी तत्काल नियन्त्रणमा ल्याउने, स्वयंसेवकलाई तालिम, उपकरण र ज्ञान दिई संकट व्यवस्थापनमा सक्रिय बनाउने, सरकारी निकाय र समुदाय बीच समन्वय बढाउने उद्देश्यले यो कार्यक्रम राखिएको हो । यो शिर्षकमा विनियोजन भएको रकम समुह गठन तथा परिचालनका लागि खाजा खर्च, इन्धन, तालिम सञ्चालन, सञ्चार, सुरक्षा सामाग्री, First Aid Kit, पोस्टर, पम्पलेट, होर्डिङ्गबोर्ड, सूचना प्रसारण लगायतका क्रियाकलापहरुमा खर्च गर्न सकिनेछ ।

८५. देववृक्ष (वर, पिपल र समि ) संरक्षण तथा व्यवस्थापन

पुराना र ऐतिहासिक देववृक्षको भौतिक र जैविक संरक्षण सुनिश्चित गर्ने, देववृक्ष वरपरको वातावरणको सौन्दर्यकरण र सफाइ गर्ने, देववृक्षसँग सम्बन्धित स्थानीय धार्मिक-सांस्कृतिक परम्परालाई जगेर्ना गर्ने र नयाँ पुस्तामा देववृक्षको महत्वको बारेमा जनचेतना बढाउने उद्देश्यले यो कार्यक्रम राखिएको हो । यो शिर्षकमा विनियोजित रकमबाट देववृक्षको प्रोफाईल तयारी गर्ने र नक्साङ्कन (GPS location); देववृक्ष मुनि चौतारी,



प्रदेश सचिव

बागमती प्रदेश सरकार

पर्खाल, पिउने पानीको व्यवस्थापन, वातावरणमैत्रि बेंच निर्माण गर्ने; सरसफाई गर्ने; जिर्ण रहेका देववृक्षको संरक्षण गर्ने लगायतका कार्यहरुमा खर्च गर्न सकिनेछ ।

**८६. सोलार ईन्भर्टर मर्मत खर्च**

यो शिर्षकमा विनियोजित रकम सार्वजनिक खरिद ऐन तथा नियमावलीको अधिनमा रहि खर्च गर्न सकिनेछ ।

**८७. वैकल्पिक उर्जा प्रवर्द्धन कार्यक्रम**

यो कार्यक्रम सिमान्तकृत तथा गरिब जनताहरुलाई वैकल्पिक उर्जा प्रदान गरी दाउराका लागि उनिहरुको वन प्रतिको निर्भरता कम गर्ने र वनको संरक्षणमा योगदान पुऱ्याउने उद्देश्यले राखिएको हो । यो शिर्षकमा विनियोजित रकम प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावलीको अधिनमा रहि सोलार प्यानल प्रबर्धन, बायोग्यास प्रवर्द्धन, सुधारिएको चुलोको विस्तार तथा प्रयोगमा खर्च गर्न सकिनेछ ।

**८८. निजि, कबुलियती वन, खोरिया फडानी र भू-संरक्षणका दृष्टिले संवेदनशील क्षेत्रलाई कृषिवनमा रुपान्तरणको लागि अम्रिसो रोपण**

निजी, कबुलियती वन, खोरिया फडानी र भू संरक्षणका-दृष्टिले संवेदनशील क्षेत्रलाई संरक्षण गरी आयआर्जनमा टेवा पुऱ्याउनको निम्ति अम्रिसो रोपण गर्न यो कार्यक्रम प्रस्ताव गरिएको हो । सम्भव भएसम्म वृहतक्षेत्रमा रोपण गरिनुपर्नेछ । यस शीर्षकमा विनियोजित रकम अम्रिसोको राईजोम खरिद, ढुवानी, रोपण जस्ता कार्यमा लागत इष्टिमेट तयार गरी खर्च गर्नु पर्नेछ साथै सम्भव भएसम्म स्थानीयस्तरमा पाईने अम्रिसोको राईजोम खरिद गरी रोपण कार्य गर्नुपर्नेछ ।

**८९. प्लाष्टिकको पुनः प्रयोगबाट Bio gas, Bricks, fertilizer र CNG gas निर्माण अनुदान**

प्लास्टिक सङ्कलन गरी प्लास्टिकको ब्रिक्स बनाउने, CNG Gas को उत्पादनका लागि Plastic Pyrolysis Plant स्थापना गर्ने र प्लास्टिकको कम प्रयोगका लागि biodegradable bag को उत्पादन गर्ने कम्पनि/उधोग/निजीक्षेत्रलाई Technology installation का लागि बस्तुगत अनुदान प्रदान गर्न यो रकम विनियोजन गरिएको हो । सार्वजनिक खरिद ऐन तथा नियमावलीको अधिनमा रहि यो रकम खर्च गरिनेछ ।

**९०. वन, वातावरण तथा जैविक विविधता सम्बन्धी ऐन, नियमावली, मापदण्ड तथा कार्यविधि छपाई र वितरण**

यस कार्यक्रम अन्तर्गत मुख्यतः वन, वातावरण तथा जैविक विविधता सम्बन्धी ऐन, नियमावली, मापदण्ड तथा कार्यविधि छपाई गर्ने कार्यमा मन्त्रालयले लागत अनुमान तयार गरी कार्यान्वयन गर्नुपर्नेछ ।

**९१. अनुगमन तथा निरीक्षणका क्रममा संकलित नमुनाको परीक्षण खर्च**

यो शीर्षक अन्तर्गतको रकम अनुगमन तथा निरीक्षणका क्रममा संकलित नमुनाको परीक्षणको लागि खर्च गरिनेछ । प्रचलित कानूनबमोजिम संकलित नमुना सरकारी वा निजी जुनसुकै प्रयोगशालामा परीक्षण गराउन सकिनेछ ।



प्रदेश सचिव

बागमती प्रदेश सरकार वन तथा वातावरण मन्त्रालय

## ९२. प्रचारप्रसार कार्यक्रम

वन, वन्यजन्तु, वनस्पति, जैविक विविधताको संरक्षण तथा दीर्घकालिन व्यवस्थापनका लागि विभिन्न माध्यमबाट महत्वपूर्ण सूचनाको प्रचारप्रसार गर्ने उद्देश्यले यो कार्यक्रम राखिएको हो । यो कार्यक्रम विभिन्न संघसंस्था वा समूह मार्फतबाट समेत गराउन सकिनेछ । आवश्यकता अनुसार स्थानीय हाट बजारमा Rally गर्ने, माइकिङ गर्ने, पम्पलेट तथा स्टिकर प्रकाशन तथा वितरण, रेडियो/टेलिभिजनबाट सूचना प्रवाह समेत गर्न सकिनेछ । यो अन्तरगत तपसिल बमोजिमका क्रियाकलापहरु कार्यान्वयन गरिनेछ ।

- वातावरण तथा जलवायु परिवर्तन सचेतनाको लागि प्रचार प्रसार
- वातावरण तथा जैविक विविधता संरक्षण सचेतनाको लागि साईकल ऱ्याली

## ९३. डिभिजन वन कार्यालयको परिसरमा रहेका पुरानो काठहरुको लगयाई निर्माण सहित व्यवस्थापन

सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम यो कार्यक्रम सञ्चालन गरिनेछ ।

## ९४. जडिबुटी भण्डारण श्रोत केन्द्र

सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम यो कार्यक्रम सञ्चालन गरिनेछ ।

## ९५. सिमपानी देवकोटमा रहेको आमाधरमा काठको घर निर्माण

सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम यो कार्यक्रम सञ्चालन गरिनेछ ।

## ९६. प्राकृतिकरुपमा पाइने जडिबुटीको संरक्षण तथा प्राकृतिक पुनरुत्पादन व्यवस्थापन

यो कार्यक्रम सञ्चालन गर्दा डिभिजनस्तरमा पाईने महत्वपूर्ण जडिबुटीको पहिचान गरी उक्त जडिबुटीको प्रचुरता भएको क्षेत्रको स्रोत सर्वेक्षण र नक्सांकन गरी पकेट क्षेत्रको निर्धारण गरे पश्चात सो क्षेत्रमा रहेका स्वस्थ जडिबुटी तथा पुनरुत्पादनको संरक्षण तथा व्यवस्थापनका लागि यो शीर्षकमा विनियोजित रकम खर्च गर्न सकिनेछ । यो कार्यक्रम कार्यान्वयन गर्दा प्राकृतिक रुपमा रहेका जडिबुटीहरुको संरक्षण, झाडि सफाई, वृक्षारोपण लगायतका कार्यहरुमा सम्बन्धित सामुदायिक वन तथा कबुलियती वन समूहसँगको समन्वय तथा सहकार्यमा संरक्षण र व्यवस्थापनका लागि जिम्मेवारी प्रदान गर्नुपर्नेछ ।

## ९७. बुद्धचित्त प्रवर्द्धन कार्यक्रम लिसङ्खुपाखर २ सिन्धुपाल्चोक

यो कार्यक्रमबाट प्राकृतिक अवस्थामा पाईने क्षेत्रमा स्वस्थ रुखको विस्तार, संरक्षण तथा पुनरुत्पादन प्रवर्द्धन गर्न र नयाँ सम्भावित क्षेत्रको पहिचान गरी निजि जग्गामा समेत वृक्षारोपणका कार्यहरु गर्न सकिनेछ । यो शिर्षकमा विनियोजित रकम बिरुवा खरिद तथा ढुवानीमा खर्च गर्न सकिन्छ ।

## ९८. इच्छाकामना, कालिका र भरतपुर वडा नं. १, ३ २९ मा भएका वनसम्बन्धी नमूना कामहरुको भिडियो चित्र बनाउने कार्य

प्रचलित कानुनको अधिनमा रहि यो कार्यक्रम सञ्चालन गर्न सकिनेछ ।

बागमती प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
प्रदेश सचिवालय, नेपाल

## भू तथा जलाधार व्यस्थापन कार्यक्रम तर्फको

### ९९. कम खर्चिलो भू–संरक्षण प्रविधि प्रयोग गरी पहिरो उपचार कार्यक्रम

यो कार्यक्रमको उद्देश्य प्राकृतिक कारण वा मानविय क्रियाकलापका कारण उत्पन्न भएका पहिरो र भू–क्षयलाई कम लागतमा, दिगो तथा प्रकृती र समुदायमैत्री प्रविधिहरू (जस्तैः जैविक प्रविधि, स्थानीय सामग्री प्रयोग, सामुदायिक श्रमदान) को माध्यमबाट नियन्त्रण तथा उपचार गर्ने हो। यो कार्यक्रम सञ्चालन गर्दा स्थानियरुपमा उपलब्ध भएका सामाग्रीहरु जस्तै ढुङ्गा, बाँस, माटो, घाँसको प्रयोग गरिनेछ । यो कार्यक्रम सार्वजनिक खरिद ऐन तथा नियमावलीको अधिनमा रहि सञ्चालन गर्नुपर्नेछ ।

### १००. बायोइन्जिनियरिङ खोला किनार संरक्षण कार्यक्रम

नदी तथा खोलाका किनारमा हुने कटान, बाढी तथा अन्य प्राकृतिक कारणले मानव बस्ती, खेतबारी, पूर्वाधार तथा पारिस्थितिकीय प्रणालीमा गम्भीर असर पुर्‍याइरहेको छ। यसै सन्दर्भमा बायोइन्जिनियरिङ प्रविधि र हरित उपायको प्रयोगबाट नदी किनारा स्थिरीकरण, सामाजिक तथा आर्थिक सुरक्षा, वातावरणीय प्रणाली संरक्षण र जलाधार व्यवस्थापनलाई प्रोत्साहन गर्न यो कार्यक्रम सञ्चालन गरिनेछ । कार्यक्रम कार्यान्वयन गर्दा कुल बजेटको कम्तीमा १०% जलवायु तथा वातावरणमैत्रि बनाउनका लागि वृक्षारोपण तथा बायोइन्जिनियरिङ गतिविधिमा खर्च गर्नुपर्नेछ । हरित प्रविधि (जस्तैः बाँस, अम्रिसो, घाँस, उपयुक्त फलफूलका विरुवा) प्रयोग गरी कम खर्चिलो, दिगो र वातावरणमैत्री समाधान गर्ने तर्फ यो कार्यक्रम कार्यान्वयन गरिनेछ ।

**यो कार्यक्रम अन्तर्गत तपसिलका कार्यक्रमहरु संचालन गरिनेछ ।**

- खोलाकिनार संरक्षण कार्य
- बायोइन्जिनियरिङ तटबन्ध निर्माण तथा खहरे संरक्षण
- बायोइन्जिनियरिङ खोला किनार संरक्षण खोलाकिनार संरक्षण
- नदी खोला नियन्त्रण कार्यक्रम (बायोइन्जिनियरिङ प्रविधि)

### १०१. उपजलाधार केन्द्रित सहभागितात्मक एकीकृत जलाधार व्यवस्थापन कार्यक्रम कार्यविधि

नेपालका नदी तथा उपजलाधार क्षेत्रमा विगतका दशकहरूमा देखिएको भू–क्षय, बाढी, पहिरो, वनविनाश र माटो कटानले स्थानीय बस्ती, कृषि उत्पादन, पूर्वाधार र पारिस्थितिकीय प्रणालीमा प्रतिकूल असर पारिरहेको छ । यस कार्यक्रम मार्फत सम्बन्धित कार्यालय मातहतमा रहेका प्राथमिकिकरण भई सकेका उपजलाधारहरूमा सहभागितात्मक, दिगो र कम खर्चिलो जैविक/बायोइन्जिनियरिङ प्रविधिमा आधारित एकीकृत जलाधार व्यवस्थापन कार्यक्रम कार्यान्वयन गरी सामाजिक, आर्थिक तथा पारिस्थितिकीय प्रणालीको संरक्षण गर्ने उद्देश्य लिइएको छ।

**यो कार्यक्रम अन्तर्गत तपसिलमा उल्लेख गरेका कार्यक्रमहरु मध्येबाट प्राविधिक दृष्टिकोणले उपयुक्त हुने कार्यक्रम कार्यान्वयन गरिनेछ ।**

- सुख्खा ढुंगा, ग्याबियन वा ढुंगा–सिमेन्ट मसलाको रिटेनिङ वाल, चेकडयाम।
- माइक्रोपाइलिङ सहितको मेशिनरी रिटेनिङ वाल, ब्रियस्टवाल।
- ब्रसउड चेकडयाम, बाँसको छेकबाध, क्रिबवाल।



बागमती प्रदेश सरकार वन तथा वातावरण मन्त्रालय हेटौंडा, नेपाल

प्रदेश सचिव

- बाँसको पाइलिङ तथा वाटलिङ, फेसिन, पेलिसेड, ब्रस लेयरिङ।
- बाँस, अमृसो, घाँस रोपण तथा कृषि—वन/संरक्षण वृक्षारोपण।

यस अन्तर्गतका कार्यक्रमहरुः

- उपजलाधार केन्द्रित सहभागितात्मक एकिकृत जलाधार व्यवस्थापन कार्यक्रम (पलाँखु खोलाको उपजलाधार क्षेत्र व्यवस्थापन योजना तयार र तर्जुमा । (धादिङ जिल्लामा पर्ने ३४ वटा उप जलाधार क्षेत्रहरुलाई प्राथमिकरण गरि संरक्षणको हिसावले दोश्रो खराव अवस्थामा रहेको जलाधार क्षेत्र ।
- उपजलाधार केन्द्रित सहभागितात्मक एकिकृत जलाधार व्यवस्थापन कार्यक्रम (बायोइन्जिनियरिङ्ग प्रविधिमा आधारित।
- एकिकृत उपजलाधार व्यवस्थापन योजना कार्यान्वयन (रोशी-तार्खे-समुन्द्रे खोला उपजलाधार क्षेत्र।

## १०२. आकस्मिक विपद व्यवस्थापन तथा प्राकृतिक प्रकोप न्यूनीकरण कार्यक्रम (तारजाली खरिद तथा वितरण समेत)

नेपालको भौगोलिक, भू-आकृतिक र जलवायुजन्य विशेषताका कारण बाढी, पहिरो, डुबान लगायतका प्राकृतिक प्रकोपहरु बारम्बार देखापर्दै आएका छन् । यसले मानव जीवन, बस्ती, खेतीयोग्य जमीन, भौतिक संरचना, पूर्वाधार, सामाजिक तथा सांस्कृतिक सम्पदामा नकारात्मक असर पुऱ्याउँदै आएको छ । यी विपदका असरलाई न्यूनिकरण गर्ने, संवेदनशील संरचना तथा बस्तीलाई संरक्षण गर्ने र आकस्मिक अवस्थाको प्रतिकार्य सुनिश्चित गर्ने उद्देश्यले यो कार्यक्रम संचालन गरिनेछ ।

<u>यो कार्यक्रम कार्यान्वयन गर्दा तपसिल बमोजिम प्राथमिकिकरण गर्नुपर्नेछ ।</u>

- निजी घर तथा मानव बस्ती
- विद्यालय, स्वास्थ्य चौकी, अस्पताल
- सरकारी कार्यालय र सोसँग सम्बन्धित भौतिक संरचना
- खेतीयोग्य जमीन
- पुरातात्विक, धार्मिक, सांस्कृतिक, सामुदायिक तथा सामाजिक संरचना
- विकासका पूर्वाधार (सडक, पुल, विद्युत् संरचना आदि।
- उच्च जोखिमयुक्त पहिरो वा बाढी सम्भाव्यता रहेका क्षेत्रहरु

**यो कार्यक्रम तपसिल बमोजिमका दुई ओटा प्रक्रियाबाट कार्यान्वयन गरिनेछ ।**

क। विपद प्रतिकार्य संरचना निर्माणको प्रक्रिया

- प्रभावित क्षेत्रको वडाध्यक्षको अध्यक्षतामा विपद प्रभावित/लाभग्राहीहरुको भेला वा बैठकबाट निर्णय।
- लाभग्राहीहरुको माग निवेदन र उपभोक्ता समिति गठन सम्बन्धी निर्णय।
- वडा कार्यालयको सिफारिस पत्र।



बागमती प्रदेश सरकार वन तथा वातावरण मन्त्रालय हेटौंडा, नेपाल

प्रदेश सचिव

- भू तथा जलाधार व्यवस्थापन कार्यालयको प्राविधिकद्वारा फिल्ड सर्वेक्षण प्रतिवेदन तयार।
- सो प्रतिवेदन अनुसार लागत अनुमान तयार गरी नियमित भू-संरक्षण कार्यक्रम कार्यान्वयन प्रकिया अनुसार कार्य संचालन।

ख। तारजाली वितरणको प्रक्रिया

- विपद प्रभावित व्यक्ति वा समूहको निवेदन।
- प्रभावित क्षेत्र, विपद घटनाको विवरण र आवश्यक तारजाली संख्यासहितको वडा कार्यालयको सिफारिस पत्र।
- कार्यालयबाट उपलब्ध भण्डारणको आधारमा तत्काल वितरण।
- वितरण प्रक्रियामा पारदर्शिता सुनिश्चित गर्न सम्बन्धित वडा कार्यालय र जिल्ला विपद व्यवस्थापन समितिको समन्वय।
- एकैस्थानमा १० देखि २० गोटासम्म तारजालि वितरण गर्नुपर्दा जिल्ला प्रशासन कार्यालयको सिफारिस, २० भन्दा बढी तारजालि वितरण गर्दा जिल्ला विपद व्यवस्थापन समितिको निर्णय र १० भन्दा कम संख्यामा तारजालि वितरण गर्दा आवश्यकता र औचित्यका आधारमा भू तथा जलाधार व्यवस्थापन कार्यालय आफैले वितरण गर्न सक्नेछ ।

**विशेष व्यवस्था**

- आकस्मिक अवस्थामा उपभोक्ता समिति गठन र प्रक्रिया पुरा गर्न असमर्थ अवस्थामा कार्यालयले सिधैं पीडितलाई तारजाली उपलब्ध गराउन सक्नेछ।
- कार्यान्वयनमा स्थानीय जनसहभागिता र स्थानीय स्रोतसाधनको अधिकतम उपयोग हुनेछ।
- विपदपश्चात पुनःस्थापना र जोखिम न्यूनीकरणलाई दीर्घकालीन कार्यक्रमसँग समन्वय गरी अघि बढाइनेछ।

**यो शिर्षक अन्तर्गत देहायका कार्यक्रम संचालन गरिनेछः**

- आकस्मिक विपद व्यवस्थापन सहयोग कार्यक्रम (हटस्पट ट्रिटमेन्ट)
- आकस्मिक विपद व्यवस्थापन तथा प्राकृतिक प्रकोप रोकथाम (तारजाली खरिद तथा वितरण समेत)
- आकस्मिक विपद व्यवस्थापन तथा प्राकृतिक प्रकोप न्यूनीकरण (तारजाली खरिद समेत)
- आकस्मिक विपत व्यवस्थापन तथा प्राकृतिक प्रकोप न्यूनीकरण कार्यक्रम (तार जाली खरिद तथा वितरण समेत
- आकस्मिक विपत व्यवस्थापन तथा प्राकृतिक प्रकोप न्यूनीकरण कार्यक्रम (सम्बन्धित पालिका/वडा कार्यपालिका र जिल्ला विपद व्यवस्थापन समितिको सहकार्यमा)
- आकस्मिक विपद व्यवस्थापन सहयोग कार्यक्रम (जिल्ला-विशेषः सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक)

प्रदेश सचिव

बागमती प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
हेटौंडा, नेपाल

## १०३. पहिरो तथा गल्छी उपचार कार्यक्रम कार्यान्वयन

वर्षा, भूगर्भीय र मानवजन्य कारणले उत्पन्न हुने पहिरो, खहरे र गल्छी जस्ता प्राकृतिक प्रकोपले मानव बस्ती, भौतिक पूर्वाधार, खेतीयोग्य जमिन र वातावरणमा गम्भीर असर पुर्‍याउने गर्दछ । यस्ता जोखिमलाई न्यूनीकरण गर्दै जिउधनको रक्षा, विकास पूर्वाधारको संरक्षण र वातावरणीय सन्तुलन कायम राख्न पहिरो तथा गल्छी उपचार कार्यक्रम कार्यान्वयन गर्ने उद्देश्यले यो कार्यक्रम प्रस्ताव गरिएको हो ।यस कार्यक्रम अन्तर्गत वृक्षारोपण र बायो–इञ्जिनियरिङका लागि स्थान उपलब्ध भएमा कुल बजेटको कम्तिमा ५% (पाँच प्रतिशत) घाँस, बाँस, अम्रिसो, फलफूलका बिरुवा लगायतका प्रजातिहरु रोपणमा खर्चिनुपर्नेछ। प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम यो कार्यक्रम सञ्चालन गरिनेछ ।

## १०४. खहरे नियन्त्रण कार्यक्रम कार्यान्वयन कार्यविधि

खहरे खोला नियन्त्रण कार्यक्रमको उद्देश्य आर्थिक, सामाजिक तथा पर्यावरणीय दृष्टिकोणले संवेदनशील क्षेत्रमा बाढीजन्य जोखिम न्यूनीकरण, खेतीयोग्य जमीन, घरबस्ती तथा विकासका पूर्वाधारहरुको संरक्षण गर्नुका साथै जलाधार क्षेत्रको एकीकृत व्यवस्थापनमार्फत सामाजिक तथा पारिस्थितिक प्रणालीको दीर्घकालीन संरक्षण गर्नु हो। यस कार्यक्रम कार्यान्वयन गर्दा बायो–इन्जिनियरिङ तथा वृक्षारोपणका लागि स्थान उपलब्ध भएमा कुल बजेटको न्यूनतम ५% (पाँच प्रतिशत) खर्च घाँस, बाँस, अम्रिसो तथा उपयुक्त फलफुलका बिरुवा रोपणमा प्रयोग गर्नुपर्नेछ।

**यो कार्यक्रम अन्तर्गत तपसिल बमोजिमका क्रियाकलापहरु सञ्चालन गर्न सकिनेछ ।**

- तटबन्ध / बाँध, संरक्षण पर्खाल निर्माण
- स्पर (Spur) तथा रिभेटमेन्ट (revetment) निर्माण
- भल तर्काउने नाला निर्माण
- थिग्रेन रोक्ने संरचना निर्माण
- चेकड्याम निर्माण
- जल प्रवाह व्यवस्थापनको लागि हरित प्रविधि विकास (bio-engineering उपाय, घाँस/बिरुवा रोपण, slope stabilization)
- प्रतिवेदन तयारी तथा पाक्षिचित्र प्रकाशन

## १०५. भू उत्पादकत्व संरक्षण, खेतबारी संरक्षण तथा भूमी पुनरुत्थान कार्यक्रम

भौगोलिक कठिनाइ, उच्च वर्षा, वन फँडानी, अव्यवस्थित खेतीपाती, सडक कटान, बाढी—पहिरो आदिका कारण खेतबारी कटान, माटो क्षरण, खेतीयोग्य जमिनको ह्रास र उत्पादनशीलता घट्दै गएको अवस्था छ। यस्तो समस्यालाई न्यूनीकरण गर्न भू उत्पादकत्व संरक्षण, खेतबारी संरक्षण, क्षतिग्रस्त भूमी पुनरुत्थान, घाँस/बाँस/अम्रिसो/नेपियर रोपण तथा हिउँदे—बर्खे फलफुल रोपण कार्यक्रम कार्यान्वयन गरिनेछ। यसले जिल्ला स्तरमै खाद्य सुरक्षाको सुनिश्चितता, दिगो कृषि उत्पादन, हरित आवरण विस्तार, भूमिक्षरण नियन्त्रण, कार्बन सञ्चित वृद्धि तथा सम्पूर्ण जलाधार प्रणालीको सन्तुलनमा योगदान पुर्‍याउनेछ।



बागमती प्रदेश सरकार वन तथा वातावरण मन्त्रालय हेटौंडा, नेपाल
सचिव

यस कार्यक्रम अन्तर्गत तपसिल बमोजिमका क्रियाकलापहरु सञ्चालन गर्न सकिनेछ:

(क) खेतबारी संरक्षण कार्यक्रम

- भिरालो खेतबारीमा जमिन कटान रोकथामका लागि घाँस, फलफुल तथा माटो धारण गर्ने बोटबिरुवा रोपण
- डढेलो, नेपियर, थिचो, अम्रिसो लगायतका घाँस उत्पादन
- डाँडाकाँडा तथा पाखामा टेरेस सुधार (terracing improvement) र भ्यालिपोखरी (retention pits) निर्माण
- खेतबारी वरिपरि बाँस, अम्रिसो र जीवित बार (live fencing) रोपण
- माटो उर्वरता सुधारका लागि मलजल तथा हरियो मलको प्रयोग
- जैविक कीटनाशक र संरक्षण कृषि प्रविधिको प्रयोग

(ख) क्षतिग्रस्त भूमी पुनरुत्थान

- माटो कटान तथा भिरालो जमिन पुनःस्थापना
- झरेको खेत पुनःस्थापना
- असंरक्षित जमिनमा हरियाली बिस्तार

(ग) घाँस रोपण

- नेपियर, धडेलो, थिचो, मुलाटो, जोजोवा आदिको रोपण

(घ) बाँस रोपण

- स्थायी बार र ढलान स्थिरीकरणका लागि बाँस रोपण

(ङ) अम्रिसो रोपण

- भिरालो जमिन तथा खेतबारी छेउछाउमा अम्रिसो रोपण

(च) हिउँदे तथा बर्खे फलफुल रोपण

- हिउँदे फलफुल (सुन्तला, कागती, लप्सी, अम्बा आदि)
- बर्खे फलफुल (आम, अर्खनस, कटहर आदि)

यस अन्तरगत तपसिलका कार्यक्रमहरु संचालन गरिनेछ ।

- भू उत्पादकत्व संरक्षण (खेतबारी संरक्षण, क्षतिग्रस्त भूमी पुनरुत्थान, घाँस रोपन कार्य, बाँस रोपन कार्य, हिउँदे तथा बर्खे फलफुल रोपन कार्य)
- अम्रिसो/नेपियर रोपन, सिन्धुपाल्चोक जिल्लाभरी
- क्षतिग्रस्त भूमि पुनरुउत्थान कार्यक्रम, सिन्धुपाल्चोक जिल्लाभरी
- खेतबारी संरक्षण कार्यकम, सिन्धुपाल्चोक जिल्लाभरी



बागमती प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
हेटौंडा, नेपाल
प्रदेश सचिव

## १०६. स्थान विशेष भू–संरक्षण कार्यक्रम कार्यान्वयन कार्यविधि

स्थान विशेष भू–संरक्षण कार्यक्रमको उद्देश्य प्राविधिक सर्वेक्षण र संरक्षण संरचनाको डिजाईनको आधारमा भू–संरक्षण र जलाधार व्यवस्थापन कार्यहरु कार्यान्वयन गर्नु हो। यसले बर्षा, बाढी, पहिरो तथा खहरे जोखिम न्यूनीकरण, खेतीयोग्य जमिन, मानव बस्ती, विकास पूर्वाधार तथा पारिस्थितिक प्रणालीको संरक्षणमा योगदान पुऱ्याउँछ। यो कार्यक्रम कार्यान्वयन गर्दा बायो–इन्जिनियरिङ्ग तथा वृक्षारोपणका लागि उपलब्ध स्थानमा कुल बजेटको कम्तिमा ५% (पाँच प्रतिशत) घाँस, बाँस, अम्रिसो, उपयुक्त फलफुलका बिरुवाहरु रोपणमा प्रयोग गर्नुपर्नेछ।

**यस कार्यक्रम अन्तर्गत निम्न क्रियाकलापहरु सञ्चालन गर्न सकिनेछ:**

- तटबन्ध / बाँध / रिटेनिङ वाल / ब्रियष्टवाल/बाँसको छेकबाँध, क्रिबवाल, ब्रसउड चेकड्याम र अन्य बायोइन्जिनियरिङ्ग संरचनाहरु
- स्पर / रिभेटमेन्ट / लन्चिङ निर्माण
- पानी निकास तथा व्यवस्थापन संरचनाहरु
- जल प्रवाह व्यवस्थापनका लागि हरित प्रविधि (slope stabilization through bio-engineering/ vegetative measures (tree, grass planting) on the bank)
- प्रतिवेदन तयारी र पार्श्वचित्र प्रकाशन

## १०७. त्रिशुली नदी कटान नियन्त्रण, कुरिनटार खैरेनीटार बस्ति संरक्षण, ईच्छाकामना ४ चितवन

यस शिर्षकमा विनियोजित बजेटबाट डिपिआर निर्माण गरी स्वीकृत गरे पश्चात सार्वजनिक खरिद ऐन तथा नियमावली बमोजिम ठेक्का प्रक्रिया मार्फत कार्य सम्पन्न गरिनेछ ।

बागमती प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
हेटौंडा, नेपाल

प्रदेश सचिव

## अध्ययन तथा अनुसन्धानको लागि

### १०८. रणनीति/ऐन/नियमावली/कार्यविधि/अध्ययन तथा अनुसन्धान कार्य

मन्त्रालय/निकाय/कार्यालयमा उपलब्ध जनशक्तिबाट कार्यान्वयन हुन सक्ने अवस्थामा सोहि निकायबाट र ररनसक्ने अवस्थामा प्रचलित सार्वजनिक ऐन तथा नियमावली बमोजिम रणनीति/ऐन/नियमावली/कार्यविधि/अध्ययन तथा अनुसन्धान जस्ता कार्य देहाय बमोजिम हुनेछ ।

१. सम्बन्धित विषय विशेषज्ञहरुको सहयोगमा कार्य क्षेत्रगत शर्त (Terms of Reference) र लागत अनुमान तयार गरी स्वीकृत गर्ने ।
२. प्रचलित सार्वजनिक खरिद ऐन तथा नियमावलीमा भएको प्रावधान अनुसार परामर्शदाता कम्पनी, फर्म तथा व्यक्तिको छनौट गरिनेछ ।
३. छनौट भएका कम्पनी, फर्म तथा व्यक्तिहरुसँग स्वीकृत कार्य सूची बमोजिम कार्य गर्ने गरी सम्झौता गरिनेछ ।
४. सरोकारवालाहरुसँग समन्वय गरी परामर्शदाता कम्पनी, फर्म वा व्यक्तिले मस्यौदा प्रतिवेदन तयार गरी प्रस्तुतिकरण गर्ने र प्रस्तुतिकरणका समयमा वा अन्य माध्यमबाट प्राप्त पृष्ठपोषण समावेश गरी अन्तिम प्रतिवेदन तयार गरिनेछ ।
५. कार्यसूची अनुसारको प्रतिवेदन प्राप्त भए पश्चात् सम्झौता बमोजिमको रकम भुक्तानी गर्ने ।
६. रणनीति/ऐन/नियमावली/कार्यविधि/अध्ययन तथा अनुसन्धान सम्बन्धी कार्यक्रमहरु देहाय लगायतका हुनेछन ।

<u>वातवरण संरक्षण तथा शहरी वन व्यवस्थापन कार्यक्रम तर्फ</u>

१. पंक्षी संरक्षण क्षेत्रको सम्भाव्यता अध्ययन,सिराइचुली र उपरदाङगढी।चितवन

**राष्ट्रिय वन संरक्षण तथा व्यवस्थापन तर्फ**

१. जिल्लाको वन क्षेत्रको पञ्चबर्षिय/रणनितिक योजना तयारी
२. जिल्लाको वन क्षेत्रको पञ्चबर्षिय/रणनितिक योजनाको वातावरणीय अध्ययन
३. वन क्षेत्रको जग्गा अन्य प्रयोजनका लागि उपलब्ध गराइएको क्षेत्रको तथ्याङ्क सङ्कलन, अनुगमन तथा पुस्तिका प्रकाशन
४. प्रदेश भित्रको वन अतिक्रमणको अवस्थाको अध्ययन, विश्लेषण र अभिलेखिकरण
५. सामुदायिक बनहरुको कोष व्यवस्थापन सम्बन्धी अध्ययन तथा मूल्याङ्कन
६. गल्लाङ्क क्षेत्रमा वन डढेलोको प्रभाव र बनको हालको अवस्था सम्बन्धि अध्ययन अनुसन्धान
७. मानव वन्यजन्तु द्वन्दका अवस्था, कारण तथा न्यूनीकरणका उपायहरु सम्बन्धि अध्ययन
८. बागमती प्रदेशको गैह काष्ठ वन पैदावारको संकलन, उपयोग र व्यापारको मूल्य श्रृङ्खला सम्बन्धि अध्ययन
९. बागमती प्रदेशमा खोटो संङ्कलनको वर्तमान अवस्था, प्रभाव र दिगो सङ्कलनका उपायहरुको अध्ययन

१०. बागमती प्रदेश भित्रको चुरेक्षेत्र, पहाडी क्षेत्र तथा उच्च पहाडी क्षेत्रमा रहेका कृषि बन प्रणालीको वर्तमान अवस्थाको अध्ययन तथा उपयुक्त प्रणालीको सिफारिस
११. Flora of Bagmati Volume II अध्ययन तथा प्रकाशन
१२. बन तथा बन्यजन्तु संरक्षणका लागि तयार गरिएको स्मार्ट पेट्रोलिङ एप सञ्चालन तथा मर्मत
१३. प्रदेश भित्रका आर्थिक हिसाबले महत्वपूर्ण जडिबुटी प्रजातीहरुको अध्ययन तथा पहिचान गरी तिनीहरुको वितरण र प्रचुरताको आधारमा विस्तृत नक्साङ्कन (NTFPs mapping) गर्ने
१४. बागमती प्रदेशमा गरिबमुखि कबुलियती बनको अवस्था र प्रभावको अध्ययन
१५. बागमती प्रदेशमा रहेका बन उद्यमको अवस्था र सार्वजनिक निजी साझेदारी (PPP) मा उद्यम प्रवर्द्धन सम्भाव्यता अध्ययन
१६. बागमती प्रदेश भित्र बन तथा वातावरण क्षेत्रमा सञ्चालित कार्यक्रमहरुको सफलताको कथा तयारी प्रकाशन
१७. लापिलाङ्ग पहिरो डिपियार तयारी तथा अध्ययन
१८. पहिरो नक्शांकन, अभिलेखीकरण कार्यक्रम

**धन्यवाद ।।।**

बागमती प्रदेश सरकार
बन तथा वातावरण मन्त्रालय
हेटौंडा, नेपाल

प्रदेश सचिव